# नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन

## २०८०




केन्द्रीय बाल न्याय समितिको सचिवालय

श्रीमहल, पुल्चोक, ललितपुर, नेपाल

# नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८०

केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर, नेपाल

| | | |
|---|---|---|
| **लेखन** | : | अधिवक्ता बरुण घिमिरे, अधिवक्ता अनुराग देवकोटा |
| **सम्पादन** | : | धर्मराज पौडेल, अनुपमा पन्त, विधान खनिया, पुष्कर थापा |
| **सहयोग** | : | जेनी श्रेष्ठ, नारायणी रेग्मी, सविन ढुंगेल, इन्द्र बहादुर श्रेष्ठ, धनमाया योगी |
| **प्रकाशक** | : | केन्द्रीय बाल न्याय समितिको सचिवालय<br>श्रीमहल, पुल्चोक, ललितपुर |
| **प्रति** | : | १००० |
| **आर्थिक सहयोग** | : | unicef |
| **सर्वाधिकार** | : | केन्द्रीय बाल न्याय समितिको सचिवालयमा |
| **प्रकाशन मिति** | : | **२०८०, असोज** |
| **लेआउट/डिजाइन** | : | "क्यू ग्राफीक्स" ललितपुर |

# मन्तव्य

मानिसको व्यक्तित्व निर्माणमा बाल्यकालको महत्वपूर्ण भूमिका रहन्छ । बालबालिका स्वाभाविक रुपले शारीरिक र मानसिक रुपमा परिपक्व भइसकेका हुँदैनन् । विद्यमान फौजदारी कानून उल्लङ्घन गरी कानूनको विवादमा परेका तथा त्यस्तो विवादबाट पीडित बालबालिकाको पहिलो सम्पर्क स्थल कानून कार्यान्वयन गर्ने अनुसन्धान निकाय हो । अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्यायिक निर्णय गर्ने अधिकारीले बालबालिकाको मानवीय मर्यादा र प्रतिष्ठाको कदर गर्नु पर्छ । बालबालिकाको संरक्षण र विकासको लागि पहिलो पाठशाला नै घर परिवार भएकोले उनीहरुलाई अनुकूल र बालमैत्री वातावरण सृजना गर्न नसकेमा कानून उल्लङ्घन गर्ने तर्फ उन्मुख हुन पुग्दछन् । त्यसरी कानून उल्लङ्घन गरेमा बालबालिकालाई वयस्क सरह व्यवहार नगरी बाल अनुकूल न्यायका नवीन मान्यता अनुसारको कार्यविधि अवलम्बन गर्नु पर्छ । बालबालिकाको कानूनी संरक्षण र स्याहार गरी जीवनस्तर सुधारका लागि अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता रहेको तथ्यलाई मनन गर्दै २० नोभेम्बर १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि संयुक्त राष्ट्र संघ महासभाले घोषणा गरी २ सेप्टेम्बर १९९० देखि लागु भएको छ । नेपालले १४ सेप्टेम्बर १९९० तदनुसार मिति २०४७।०५।२९ मा उक्त महासन्धि अनुमोदन गरी पक्ष राष्ट्रको रुपमा रहेको छ ।

महासन्धिको पक्ष राष्ट्र बनेपछि जारी भएको बालबालिका सम्बन्धी ऐन, २०४८ मा सोह्र वर्ष उमेर नपुगेको व्यक्ति बालबालिका भनी परिभाषा गरिएको थियो । नेपालको संविधान जारी भएपछि मिति २०७५।६।२ देखि कार्यान्वयनमा आएको बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकालाई अठार वर्ष उमेर नपुगेको व्यक्तिको रुपमा परिभाषित गरेको अवस्था हुँदा सोह्र वर्ष माथि र अठार वर्ष नपुगेको बालबालिका संलग्न रहेको मुद्दाको संख्या वृद्धि हुँदै आएको देखिन्छ । बालबालिकालाई सक्षम, सबल र कुशल नागरिकको रुपमा विकास गर्नु समाज र राज्यको कर्तव्य हो । बालबालिकाले खराब बाटो अँगाले भने समाजले आफ्नो कर्तव्य पूरा नगरेको मानिन्छ । बालबालिकाबाट हुने कानून उल्लङ्घनका कार्यलाई कानूनी दायरामा समावेश गर्नको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ मुलुकी अपराध संहिता, २०७४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेतका कानूनले कसूरजन्य कार्य निर्धारण गर्नुको साथै बालबालिकामा सुधार र पुनर्स्थापनाको बाटो खुला गरेको छ । कसूरजन्य कार्य गरेको आरोप लागेका बालबालिकालाई बालिग सरह कार्यविधि अवलम्बन नगरी बाल न्याय प्रणालीको स्थापित मान्यता अनुसारको छुट्टै कार्यविधि अपनाई न्याय निरुपण गर्नु पर्दछ । यसै अनिवार्यतालाई सहजीकरण गर्न बालबालिका सम्बन्धी ऐन, २०४८ जारी भएपछि सो ऐन प्रारम्भ भएको मिति २०५०।१।१ देखि फौजदारी न्याय प्रणाली भन्दा पृथक बाल न्याय प्रणालीको शुरुवात भएको हो ।

बालबालिका संलग्न रहेका विवादको निरुपण निरन्तर सुनुवाइका आधारमा सामान्यतया एक सय बीस दिनभित्र गर्नु पर्ने हुँदा विलम्ब नगरी न्याय सम्पादन गर्नु पर्ने हुन्छ । न्यायमा विलम्बले बालबालिकामा सामाजिक र मनोवैज्ञानिक असर पुऱ्याउन सक्ने हुँदा बाल अनुकूल न्याय सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हित प्रवर्द्धन गर्नु पर्ने हुन्छ । बाल न्यायको प्रमुख उद्देश्य कानूनको विवादमा परेका बालबालिकालाई दण्ड दिनुको सट्टा सुधार गरी समाजमा पुनस्थापित गर्नु हो । संस्थागत रुपमा बालबालिकाको सुधारका लागि हाल आठ वटा बाल सुधार गृह सञ्चालित छन् । तनहुँको ढकालटारमा थप एक निर्माणाधीन छ । सुधार अवधि

व्यतित गरी घर फर्केपछि बालबालिकाको आचरण र व्यवहारमा सुधार आए, नआएको बारे अनुगमन गर्न सकिएको छैन । पुनःकानूनको विवादमा पर्न सक्ने सम्भावनालाई रोक्न, सुधार अवधि व्यतित गरी छुटी गएका बालबालिकाको पुनर्स्थापना, पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्एकीकरण सम्बन्धी काम गर्न बाँकी रहेको छ । कसूरजन्य कार्यबाट पीडित भएका बालबालिकाको तथ्याङ्क स्पष्ट रुपमा आउन थप मेहनत जरुरत पर्दछ ।

बाल न्याय सम्पादनमा संलग्न हुने निकाय वा अधिकारीबाट सम्पादन भएका सेवा तथा कार्यहरुको स्तर सम्बन्धी रेखदेख तथा व्यवस्थापन सम्बन्धी काम कारबाही गर्न गराउन संस्थागत स्वरुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४६ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३० अनुसार गठित विशिष्टीकृत निकायको रुपमा केन्द्रीय बाल न्याय समिति रहेको छ । नेपालको बाल न्याय प्रणालीलाई सुदृढीकरण र विकास गर्ने जिम्मेवारी यस समितिले प्राप्त गरेको सन्दर्भमा आफ्नो स्थापनाकाल देखि नै बाल न्यायको क्षेत्रमा क्रियाशील निकायहरु बीच समन्वय गर्दै सहकार्य गरी आएको छ । समितिको सचिवालयले कसूरजन्य कार्यमा संलग्न रहेका बालबालिकाको संख्या, कसूरको संख्या र प्रकृति, पुर्पक्षको लागि बाल सुधार गृहमा राखिएको अवधि, अभियोजन सम्बन्धी मुद्दाको प्रकार, कसूरजन्य कार्य प्रमाणित भएका बालबालिकाको संख्या, तोकिएको सजायको प्रकृति, फैसला गर्न लागेको अवधि, संस्थागत सुधारमा रहेका बालबालिकाको विवरण सहितको बाल न्यायको स्थिति प्रतिवेदन प्रत्येक वर्ष प्रकाशन गर्दै आएको छ ।

स्थिति प्रतिवेदन तयार गर्ने सिलसिलामा सचिवालयले बाल न्याय प्रशासनको अभ्याससँग सम्बन्धित ७७ जिल्लामा छरिएर रहेका विवरणलाई एकीकृत गरी प्राप्त तथ्याङ्कको विश्लेषण सहित "**नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८०**" प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ । यो प्रतिवेदनले आगामी दिनमा हाम्रो बाल न्याय प्रणालीलाई अझ सुदृढ बनाउन सहयोगको अपेक्षा राखेको छु । प्रतिवेदन प्रकाशनले कसूरजन्य कार्यमा संलग्न बालबालिकाहरुको न्यायमा पहुँचको अवस्था र बाल न्याय प्रक्रियाको वास्तविकतालाई उजागर गरी यस विषयमा जिज्ञासा राख्ने शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता, न्यायाधीश, कानून व्यवसायी, बालअधिकारकर्मी, नागरिक समाज, सञ्चारकर्मी तथा अन्तर्राष्ट्रिय संस्थालाई पनि प्रतिवेदन उपयोगी हुनेमा विश्वस्त छु ।

अन्त्यमा, प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सबै जिल्ला न्यायाधीश तथा कर्मचारीहरु, बाल सुधार गृहमा कार्यरत कर्मचारीहरू, प्राप्त तथ्याङ्क र विवरणको संकलन, प्रस्तुति एवं विश्लेषण गरी प्रतिवेदन तयारीमा संलग्न जनशक्ति, सचिवालयका कर्मचारी तथा बाल न्यायको स्थिति प्रतिवेदन प्रकाशनमा सहयोग पऱ्याउने युनिसेफ नेपाल (Unicef Nepal) लाई धन्यवाद दिन चाहन्छु ।

मिति २०८०।०६।१५

(आनन्दमोहन भट्टराई)
अध्यक्ष, केन्द्रीय बाल न्याय समिति एवम्
न्यायाधीश, सर्वोच्च अदालत ।

# प्रकाशकीय

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४६ बमोजिम बाल न्याय सम्बन्धी काम गर्ने विभिन्न निकायहरु बीच समन्वय गर्ने काम समेतको लागि एक विशिष्ठीकृत निकायको रुपमा केन्द्रीय बाल न्याय समिति गठन भएको छ । ऐनको दफा ८५ को प्रतिवन्धात्मक वाक्यांशले प्रदान गरेको अधिकार प्रयोग गरी सर्वोच्च अदालतको पूर्ण बैठकबाट पारित बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३२ ले केन्द्रीय बाल न्याय समितिको सचिवालयलाई बाल अदालत, बाल सुधार गृह, जिल्ला बाल न्याय समिति समेतको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने गरी जिम्मेबारी तोकेको छ । ऐन तथा नियमावलीबाट तोकिएको जिम्मेवारी अनुसार समितिको बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयन गर्दै सचिवालयले बाल न्यायको क्षेत्रमा विगत देखि हालसम्म विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।

जिल्ला अदालत र बाल सुधार गृहहरुबाट यस सचिवालयमा प्राप्त हुने गरेको कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको विवरणलाई सचिवालयले अध्यावधिक गरी प्रकाशन गर्दै आइरहेको छ । आर्थिक वर्ष २०६२/०६३ देखि आर्थिक वर्ष २०७०/०७१ सम्म जिल्ला अदालतमा दायर भएका बालबालिका सम्बन्धी मुद्दाहरुको विवरण तयार गरी सचिवालयबाट नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७१ प्रकाशन गरिएको थियो । यसैगरी सचिवालयले आर्थिक वर्ष २०७४/२०७५, २०७५/२०७६, २०७६/२०७७ र २०७७/२०७८ मा जिल्ला अदालत (बाल इजलास) मा दायर भएका कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरुका साथै नेपालमा संचालित बाल सुधार गृहहरुमा रहेका बालबालिकाहरुको विवरण समेत संकलन गरी उक्त निकायहरुबाट यस सचिवालयलाई प्राप्त भएका तथ्याङ्क तथा विवरणहरुको विश्लेषण गरी "नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७६", "नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७७" र "नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७८" तयार गरिसकेको छ भने यसैको निरन्तरता स्वरुप हाल आर्थिक वर्ष २०७८/२०७९ र २०७९/२०८० मा जिल्ला अदालत (बाल इजलास) मा दायर भएको कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु र बाल सुधार गृहमा रहेका बालबालिकाहरुको विवरण संकलन गरी तथ्याङ्कको विश्लेषण गरी "**नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन**, २०८०" तयार गरिएको छ ।

यस प्रतिवेदनको मुख्य उद्देश्य केन्द्रीय बाल न्याय समिति र सचिवालयको बारेमा सामान्य जानकारी प्रदान गराउनुका साथै जिल्ला अदालतमा दायर भएका कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाहरुको मुद्दाको विवरण, अवस्था, प्रकृति, कानूनको विवादमा परेका बालबालिकाहरुको उमेर तथा लैंगिक विवरण तथा बाल सुधार गृहमा रहेका बालबालिकाहरुको अवस्था विश्लेषण गरी बाल न्याय प्रणालीसँग सम्बन्धित निकाय तथा सरोकारवाला समक्ष पुऱ्याउनु रहेको छ । यस प्रतिवेदनले यस विषयमा चासो राख्ने अनुसन्धानकर्तालाई थप अनुसन्धान गर्ने तर्फ प्रेरित गर्नेछ भन्ने विश्वास लिइएको छ ।

प्रतिवेदन लेखनको लागि हौसला प्रदान गर्नुहुने केन्द्रीय बाल न्याय समितिका अध्यक्षज्यू तथा सदस्य सचिवज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै बालबालिका सम्बन्धी मुद्दाहरुको विवरण उपलब्ध गराई सहयोग गर्नुहुने जिल्ला अदालत तथा बाल सुधार गृह प्रति आभार व्यक्त गर्दछु । यसैगरी प्रतिवेदन लेखन कार्यमा संलग्न हुनु हुने अधिवक्ता श्री बरुण घिमिरे, अधिवक्ता श्री अनुराग देवकोटा तथा सम्पादन कार्यमा सक्रिय रुपमा संलग्न हुनुभएका पुर्व न्यायाधीश श्री धर्मराज पौडेलज्यू, कार्यक्रम व्यवस्थापक श्री विधान खनिया, शाखा अधिकृत श्री पुष्कर थापा तथा तथ्याङ्क संकलन कार्यमा सहयोग गर्नुहुने यस सचिवालयका कर्मचारी श्री जेनी श्रेष्ठ, श्री नारायणी रेग्मी, श्री सविन ढुंगेल, श्री इन्द्र बहादुर श्रेष्ठ र श्री धनमाया योगीलाई धन्यवाद दिन चाहन्छु । साथै सहयोगको लागि Unicef Nepal प्रति आभार व्यक्त गर्दै आगामी वर्षहरुमा अझ विस्तृत विवरणसहित यो प्रतिवेदनको प्रकाशनलाई निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।



अनुपमा पन्त

उप सचिव
केन्द्रीय बाल न्याय समिति सचिवालय

# सारसंक्षेप

केन्द्रीय बाल न्याय समितिको सचिवालयले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु गत विगत वर्षको अनुपातमा आर्थिक वर्ष २०७८/२०७९ र २०७९/२०८० मा के कस्तो अवस्थामा छ भनी अध्ययन गर्नको लागि विभिन्न जिल्ला अदालतबाट मुद्दाको प्रकृति, संख्या, प्रतिवादी बालबालिकाहरुको संलग्नता र निजहरुको उमेरगत विवरण संकलन गर्नुका साथै नेपालमा संचालनमा रहेका ८ वटा बाल सुधार गृहहरुमा रहेका बालबालिकाहरुको विवरण समेत संकलन गरी उक्त निकायहरुबाट यस सचिवालयलाई प्राप्त भएका तथ्याङ्क तथा विवरणहरुको विश्लेषण गरी "**नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन**, २०८०" प्रकाशनमा ल्याएको छ। यस अध्ययनको सारसंक्षेप देहायका हरफहरुमा प्रस्तुत गरिएको छ।

आर्थिक वर्ष २०७८/२०७९ मा विभिन्न जिल्ला अदालतहरुमा जम्मा २८३१ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएको देखिन्छ। प्रदेशगत रुपमा हेर्दा सबै भन्दा बढी क्रमशः बागमती प्रदेशमा जम्मा ६६४ थान, मधेश प्रदेशमा जम्मा ५८३ थान, लुम्बिनी प्रदेशमा जम्मा ४५६ थान, कोशी प्रदेशमा जम्मा ३६९ थान, सुदूरपश्चिम प्रदेशमा जम्मा ३३६ थान, गण्डकी प्रदेशमा जम्मा २५६ थान र कर्णाली प्रदेशमा जम्मा १६७ थान मुद्दाहरु दर्ता भएको देखिन्छ। गत वर्षहरुमा जस्तै यस आर्थिक वर्ष काठमाडौं जिल्ला अदालतमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु सबै भन्दा बढी थान दर्ता भएको देखिन्छ भने बागमती प्रदेशको रसुवा र गण्डकी प्रदेशको मनाङ्ग जिल्ला अदालतमा सो सम्बन्धी कुनै पनि मुद्दा दर्ता भएको देखिदैन।

जिल्लागत रुपमा हेर्दा यस प्रकृतिका मुद्दाहरु १०० थान भन्दा बढी संख्यामा दर्ता भएका ३ जिल्ला अदालतहरु क्रमशः काठमाडौं जिल्ला अदालतमा ३३२ थान, कैलाली जिल्ला अदालतमा १९१ थान र सिराहा जिल्ला अदालतमा १५० थान रहेका छन्। यस प्रकृतिका मुद्दाहरु १०० थान भन्दा कम ३० थान भन्दा बढी संख्यामा दर्ता भएका २८ जिल्ला अदालतहरु क्रमशः रुपन्देही, दाङ्ग, मोरङ, कास्की, भक्तपुर, सर्लाही, धनुषा, महोत्तरी, सप्तरी, झापा, बर्दिया, कञ्चनपुर, बारा, कपिलबस्तु, ललितपुर, सुर्खेत, पर्सा, सिन्धुली, सुनसरी, तनहुँ, नवलपुर, उदयपुर, रौतहट, पाल्पा, काभ्रेपलान्चोक, धादिङ्ग, बाग्लुङ्ग र नवलपरासी रहेका छन्।

यसैगरी ३० थान भन्दा कम संख्यामा यस प्रकृतिका मुद्दाहरु दर्ता भएका ४४ जिल्ला अदालतहरु क्रमशः बाँके, बाजुरा, चितवन, रामेछाप, खोटाङ्ग, ओखलढुंगा, सल्यान बजाङ्ग, जुम्ला, स्याङ्गजा, गोरखा, संखुवासभा, इलाम, सिन्धुपाल्चोक, गुल्मी, दैलेख पाँचथर, रुकुमकोट (पश्चिम), दोलखा, जाजरकोट, भोजपुर, ताप्लेजुङ्ग, पर्वत, अर्घाखाँची, डडेल्धुरा, रोल्पा, प्युठान, मुगु, कालिकोट, हुम्ला, अछाम, दार्चुला, सोलुखुम्बु, मकवानपुर, लमजुङ्ग, डोटी, धनकुटा, रुकुमकोट (पूर्व), तेह्रथुम, नुवाकोट, बैतडी, म्याग्दी, मुस्ताङ्ग र डोल्पा रहेका छन् ।

आर्थिक वर्ष २०७८/२०७९ मा विभिन्न जिल्ला अदालतहरुमा जम्मा २८३१ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएकोमा जम्मा ९२१ थान अर्थात् ३२.५३ प्रतिशत मुद्दाहरु फैसला भएको र १२४४ थान अर्थात् ४३.९४ प्रतिशत मुद्दाहरु फैसला हुन बाँकी रहेको देखिन्छ भने ६६६ थान अर्थात् २३.५२ प्रतिशत मुद्दाहरुको विवरण खुल्न नसकेको अवस्था छ । फैसला भएका जम्मा ९२१ थान मुद्दाहरु मध्ये कैदको सजाय बापत २०० जना बालबाललिकाहरुलाई बाल सुधार गृह पठाइएको, ५६ थान मुद्दामा जरिवाना लिइएको, २८३ थान मुद्दामा कैद र जरिवाना दुबै गरिएको, २५४ थान मुद्दामा सफाइ दिइएको, २५ थान मुद्दाका बालबालिकाहरुलाई अभिभावकको जिम्मामा छाडिएको देखिन्छ भने १०३ थान मुद्दाहरु मध्ये १४ थान कुटपिटमा परिणत, ५ थान सजाय स्थगन, ४ थान मुलतबीमा रहेको, १ थान मिलापत्र, १ थान यौन दुर्व्यवहारमा परिणत गरिएको पाइयो ।

आर्थिक वर्ष २०७८/२०७९ मा विभिन्न जिल्ला अदालतहरुमा दर्ता भएको कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरुमा संलग्न आरोपित बालबालिकाहरुको संख्या जम्मा २९१८ रहेको देखिन्छ । जसमध्ये १४ वर्ष मुनिका ३०५ जना, १४ देखि १६ वर्ष मुनिका ८६१ जना, १६ वर्ष देखि १८ वर्षमुनीका १४७० जना रहेका छन् भने २८२ जनाको उमेरको विवरण खुल्न सकेको छैन । जम्मा २९१८ जना बालबालिका मध्ये बालक २५३१ जना र बालिका ११९ जना रहेका छन् भने २६८ जनाको लैंगिक विवरण खुलेको देखिदैन ।

आर्थिक वर्ष २०७८/२०७९ मा विभिन्न जिल्ला अदालतहरुमा जम्मा २८३१ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएकोमा प्रमुख मुद्दाहरु क्रमशः करणी सम्बन्धी कसूर जम्मा ६७३ थान, चोरी सम्बन्धी कसूर जम्मा ५५१ थान, लागु औषध सम्बन्धी कसूर जम्मा २८२ थान, ज्यान सम्बन्धी कसूर जम्मा २६६ थान, आपराधिक उपद्रोह तथा अभद्र व्यवहार सम्बन्धी कसूर जम्मा १४९ थान, सवारी ज्यान सम्बन्धी कसूर जम्मा १२३ थान, विवाह सम्बन्धी कसूर जम्मा ८४ थान, अपहरण शरीर बन्धक तथा मानव बेचविखन र ओसारपसार सम्बन्धी कसूर जम्मा २९ थान, वन सम्बन्धी कसूर जम्मा २८ थान, कुटपिट/अंगभंग सम्बन्धी

कसूर जम्मा २४ थान, रहेका छन् भने ९९ थान विविध किसिमका मुद्दाहरु रहेका छन् । यसैगरी आरोपित बालबालिकाहरुको संख्या जम्मा २९१८ रहेकामा सबैभन्दा बढी क्रमशः करणी सम्बन्धी कसूरमा जम्मा ७१८ जना, चोरी तथा डाँका सम्बन्धी कसूरमा जम्मा ६५४ जना, ज्यान सम्बन्धी कसूरमा जम्मा ३७८ जना, लागु औषध सम्बन्धी कसूरमा जम्मा ३२७ जना, आपराधिक उपद्रोह तथा अभद्र व्यवहार सम्बन्धी कसूरमा जम्मा २०५ जना, सवारी ज्यान सम्बन्धी कसूरमा जम्मा १२५ जना, विवाह सम्बन्धी कसूरमा जम्मा ९४ जना, वन सम्बन्धी कसूरमा जम्मा ३९ जना, अपहरण, शरीर बन्धक तथा मानव बेचविखन र ओसारपसार सम्बन्धी कसूरमा जम्मा ३२ जना, कुटपिट सम्बन्धी कसूरमा २८ जना रहेका छन् भने विविध मुद्धाहरुमा जम्मा ११९ जना संलग्न रहेको देखिन्छ । काठमाडौं जिल्ला अदालत र कैलाली जिल्ला अदालतबाट भने विस्तृत विवरण उपलब्ध हुन नसकेको अवस्था छ ।

यसैगरी आर्थिक वर्ष २०७९/२०८० मा विभिन्न जिल्ला अदालतहरुमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु जम्मा २९८४ थान दर्ता भएको देखिन्छ भने आरोपित बालबालिकाहरुको संख्या जम्मा ३५८० रहेको देखिन्छ । प्रदेशगत रुपमा हेर्दा यस प्रकृतिका मुद्दाहरु सबै भन्दा बढी क्रमशः मधेश प्रदेशमा जम्मा ७६१ थान, बागमती प्रदेशमा जम्मा ६०५ थान, कोशी प्रदेशमा जम्मा ५२१ थान, लुम्बिनी प्रदेशमा जम्मा ३४८ थान, गण्डकी प्रदेशमा जम्मा २९२ थान, सुदूरपश्चिम प्रदेशमा जम्मा २३८ थान र कर्णाली प्रदेशमा २१९ थान दर्ता भएको देखिन्छ । यसैगरी प्रदेशगत रुपमा यस प्रकृतिका मुद्दाहरुमा आरोपित बालबालिकाहरु सबै भन्दा बढी क्रमशः मधेश प्रदेशमा जम्मा ८९४ जना, बागमती प्रदेशमा जम्मा ७४३ जना, कोशी प्रदेशमा जम्मा ५८९ जना, लुम्बिनी प्रदेशमा जम्मा ४३४ जना, सुदूरपश्चिम प्रदेशमा जम्मा ३२७ जना, गण्डकी प्रदेशमा ३१४ जना र कर्णाली प्रदेशमा जम्मा २७९ जना रहेको देखिन्छ । गत वर्षहरुमा जस्तै यस आर्थिक वर्ष काठमाडौं जिल्ला अदालतमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु सबै भन्दा बढी थान दर्ता भएको देखिन्छ भने कर्णाली प्रदेशको डोल्पा र गण्डकी प्रदेशको मनाङ्ग जिल्ला अदालतमा सो सम्बन्धी कुनै पनि मुद्दा दर्ता भएको देखिदैन ।

जिल्लागत रुपमा हेर्दा यस प्रकृतिका मुद्दाहरु १०० थान भन्दा बढी संख्यामा दर्ता भएका ६ जिल्ला अदालतहरु क्रमशः काठमाडौं जिल्ला अदालतमा सबैभन्दा बढी २३५ थान, धनुषा जिल्ला अदालतमा १९५ थान, सिरहा जिल्ला अदालतमा जम्मा १९० थान, सुनसरी जिल्ला अदालतमा जम्मा १६८ थान, पर्सा जिल्ला अदालतमा जम्मा १०३ थान कैलाली जिल्ला अदालतमा जम्मा ११२ थान रहेका छन् । यसैगरी १०० थान भन्दा कम ५० थान भन्दा बढी संख्यामा यस प्रकृतिका मुद्दाहरु दर्ता भएका १४ जिल्ला अदालतहरु क्रमशः मोरङ, चितवन, सर्लाही, बाँके, कास्की, ललितपुर, बारा, रुपन्देही, झापा, सुर्खेत, उदयपुर, रौतहट, कंचनपुर र तनहुँ रहेका छन् । यस्तै ५०

थान भन्दा कम १० थान भन्दा बढी संख्यामा यस प्रकृतिका मुद्दाहरु दर्ता भएका ४१ जिल्ला अदालतहरु क्रमशः बाग्लुङ, बर्दिया, सिन्धुली, भक्तपुर, महोत्तरी, कपिलबस्तु, काभ्रेपलाञ्चोक, कालिकोट, धादिङ्ग, दैलेख, नवलपुर, म्याग्दी, जुम्ला, रुकुम, स्याङ्गजा, सल्यान, पाँचथर, सोलुखुम्बु, गुल्मी, दाङ्ग, भोजपुर, सप्तरी, पाल्पा, अछाम, बभ्काङ्ग, संखुवासभा, सिन्धुपाल्चोक, अर्घाखाँची, डडेल्धुरा, ओखलढुंगा, तेह्रथुम, खोटाङ्ग, पर्वत, रुकुमकोट (पूर्व), लमजुङ्ग, रोल्पा, इलाम, रामेछाप, बाजुरा र दार्चुला रहेका छन् । यसैगरी १० थान भन्दा कम संख्यामा यस प्रकृतिका मुद्दाहरु दर्ता भएका १४ जिल्ला अदालतहरु क्रमशः प्युठान, ताप्लेजुङ्ग, धनकुटा, मकवानपुर, हुम्ला, डोटी, मुगु, जाजरकोट, गोरखा, नुवाकोट, दोलखा, रसुवा, बैतडी र मुस्ताङ्ग रहेका छन् ।

यस आर्थिक वर्षमा विभिन्न जिल्ला अदालतहरुमा रहेका जम्मा २९८४ थान मुद्दा मध्ये १४१६ थान अर्थात् ४७.४५ प्रतिशत मुद्दाहरु फैसला भइसकेको र १५६८ थान अर्थात् ५२.५४ प्रतिशत मुद्दाहरु फैसला हुन बाँकी रहेको देखिन्छ । फैसला भएका जम्मा १४१६ थान मुद्दाहरु मध्ये कैदको सजाय बापत ३८८ जना बालबालिकाहरुलाई बाल सुधार गृह पठाइएको, ४३ थान मुद्दामा जरिवाना लिइएको, ३१० थान मुद्दामा कैद र जरिवाना दुबै गरिएको, ३८३ थान मुद्दामा सफाइ दिइएको, २ ९ थान मुद्दाका बालबालिकाहरुलाई अभिभावकको जिम्मामा छाडिएको, ६९ थान मुद्दामा सजाय स्थगन गरिएको देखिन्छ भने १६२ थान मुद्दाको विवरण खुल्न सकेको देखिदैन । यसैगरी जम्मा ३२ थान मुद्दाको प्रकृति परिवर्तन गरिएको छ ।

विभिन्न जिल्ला अदालतहरुमा जम्मा २९८४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएकोमा आरोपित बालबालिकाहरुको संख्या जम्मा ३५८० रहेको देखिन्छ । जसमध्ये १४ वर्ष मुनिका २८७ जना, १४ देखि १६ वर्ष मुनिका १०७४ जना, १६ वर्ष देखि १८ वर्ष मुनीका २०८७ जना रहेका छन् भने १३२ जनाको उमेरको विवरण खुल्न सकेको छैन । जम्मा ३५८० जना बालबालिका मध्ये ३३३४ जना बालक र २०३ जना बालिका रहेका छन् भने ३३ जनाको विवरण खुल्न सकेको छैन ।

यस आर्थिक वर्ष विभिन्न जिल्ला अदालतहरुमा जम्मा २९८४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएकोमा प्रमुख मुद्दाहरु क्रमशः करणी सम्बन्धी कसूर जम्मा ७६० थान, चोरी सम्बन्धी कसूर जम्मा ७५६ थान, लागु औषध सम्बन्धी कसूर जम्मा ३६२ थान, ज्यान सम्बन्धी कसूर जम्मा ३४९ थान, आपराधिक उपद्रोह तथा अभद्र व्यवहार सम्बन्धी कसूर जम्मा २१३ थान, सवारी ज्यान सम्बन्धी कसूर जम्मा १४१ थान, विवाह सम्बन्धी कसूर जम्मा १०० थान, कुटपिट सम्बन्धी कसूर जम्मा ५० थान, आर्थिक सम्बन्धी कसूर जम्मा ३० थान, वन सम्बन्धी कसूर जम्मा २६ थान, अपहरण, शरीर बन्धक तथा मानव बेचविखन र ओसारपसार सम्बन्धी कसूर जम्मा २४ थान रहेका छन् भने १७३ विविध किसिमका मुद्दाहरु रहेका छन् ।

यसैगरी आरोपित बालबालिकाहरुको संख्या जम्मा ३५८० जना रहेकामा सबैभन्दा बढी क्रमशः चोरी सम्बन्धी कसूरमा जम्मा ९६२ जना, करणी सम्बन्धी कसूरमा जम्मा ८२५ जना, ज्यान सम्बन्धी कसूर मा जम्मा ४५७ जना, लागु औषध सम्बन्धी कसूरमा जम्मा ३९६ जना, आपराधिक उपद्रोह तथा अभद्र व्यवहार सम्बन्धी कसूरमा जम्मा ३११ जना, सवारी ज्यान सम्बन्धी कसूरमा जम्मा १५० जना, विवाह सम्बन्धी कसूरमा जम्मा ११५ जना, कुटपिट सम्बन्धी कसूरमा जम्मा ६१ जना, वन सम्बन्धी कसूरमा जम्मा ३८ जना, आर्थिक सम्बन्धी कसूरमा जम्मा ३२ जना, अपहरण, शरीर बन्धक तथा मानव बेचविखन र ओसारपसार सम्बन्धी कसूरमा जम्मा ३१ जना रहेका छन् भने विविध मुद्दाहरुमा जम्मा २०२ जना संलग्न रहेको देखिन्छ ।

आर्थिक वर्ष २०७९/२०८० मा नेपालमा संचालनमा रहेका ८ वटा बाल सुधार गृहहरु (डोटी, पर्सा, रुपन्देही, मकवानपुर, बाँके, मोरङ, कास्की र भक्तपुर) मा जम्मा १०९९ जना कसूरजन्य कार्यको आरोप लागेका बालबालिका र किशोर किशोरी रहेको देखिन्छ । जस मध्ये बालक तथा किशोर १०६० जना र बालिका तथा किशोरी ३९ जना रहेका छन् । १४ वर्ष मुनिका ११ जना बालबालिकाहरु मध्ये बालक १० जना र बालिका १ जना, १४ देखि १६ वर्ष मुनिका ११२ जना बालबालिकाहरु मध्ये बालक ११० जना र बालिका २ जना, १६ वर्ष देखि १८ वर्ष मुनीका ६०७ जना बालबालिकाहरु मध्ये बालक ११८ जना र बालिका २२ जना रहेका छन् भने १८ वर्ष माथिका जम्मा ३६९ जना किशोर किशोरी मध्ये किशोर ६१ जना र किशोरी १३ जना रहेको देखिन्छ ।

यसैगरी बाल सुधार गृहहरु (डोटी, पर्सा, रुपन्देही, मकवानपुर, बाँके, मोरङ, कास्की र भक्तपुर) मा रहेका जम्मा १०९९ जना बालबालिका तथा किशोर किशोरी विभिन्न मुद्दामा संलग्न रहेका छन् । निजहरुको संलग्नताको आधारमा हेर्दा प्रमुख मुद्दाहरु क्रमशः करणी सम्बन्धी कसूरमा जम्मा ६३३ जना, ज्यान सम्बन्धी कसूरमा जम्मा १७२ जना, चोरी सम्बन्धी कसूरमा जम्मा ११८ जना, लागु औषध सम्बन्धी कसूरमा जम्मा ९९ जना, सवारी ज्यान सम्बन्धी कसूरमा जम्मा ३६ जना, अपहरण, शरीर बन्धक तथा मानव बेचविखन र ओसारपसार सम्बन्धी कसूरमा जम्मा २० जना, बालविवाह सम्बन्धी कसूरमा जम्मा ६ जना, आपराधिक उपद्रोह तथा अभद्र व्यवहार सम्बन्धी कसूरमा जम्मा ४ जना, विद्युतीय कारोबार सम्बन्धी कसूरमा जम्मा २ जना, आपराधिक लाभ सम्बन्धी कसूरमा जम्मा २ जना, छुवाछुत सम्बन्धी कसूरमा जम्मा २ जना, हातहतियार तथा खरखजाना सम्बन्धी कसूरमा जम्मा १ जना र विविधमा जम्मा ४ जना रहेको देखिन्छ ।

यस प्रतिवेदनमा बालबालिकाको सर्वोत्तम हित तथा हक अधिकारको संरक्षणको लागि श्री सर्वोच्च अदालतबाट प्रतिपादन भएका महत्वपूर्ण केही न्यायिक सिद्धान्त/आदेशहरुका साथै कानुनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८० र बाल न्याय सम्पादन कार्यविधि, २०८० समावेश गरिएको छ ।

# विषय सूची

**परिच्छेद–१**

१.१. परिचय ........ १

१.२. केन्द्रीय बाल न्याय समितिको गठन ........ ३

१.३. केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकार ........ ४

१.४. केन्द्रीय बाल न्याय समितिको सचिवालय ........ ५

१.५. केन्द्रीय बाल न्याय समितिको सचिवालयबाट आर्थिक वर्ष २०७८/२०७९ मा सम्पन्न भएका कार्यक्रम ........ ६

१.६. केन्द्रीय बाल न्याय समितिको सचिवालयबाट आर्थिक वर्ष २०७९/२०८० मा सम्पन्न भएका कार्यक्रम ........ १०

**परिच्छेद–२**

आर्थिक वर्ष २०७८/२०८९ मा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको जिल्लागत विवरण ........ १६

**परिच्छेद–३**

आर्थिक वर्ष २०७९/२०८० मा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको जिल्लागत विवरण ........ ५५

**परिच्छेद–४**

बाल सुधार गृहमा रहेका बालबालिकाहरुको आर्थिक वर्ष २०७९/२०८० को विवरण ........ ९४

**परिच्छेद–५**

सर्वोच्च अदालतबाट प्रतिपादित केही न्यायिक सिद्धान्त/आदेश ........ १०४

**अनुसूचीहरू**

अनुसूची १ कानुनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८० ........ १०९

अनुसूची २ बाल न्याय सम्पादन कार्यविधि, २०८० ........ १३५

# परिच्छेद-१

## १.१. परिचय

नेपालले संयुक्त राष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर सन् १९९० मा अनुमोदन गरेपश्चात उक्त महासन्धि मार्फत सिर्जित दायित्वलाई व्यवहारमा लागू गर्न आवश्यक प्रवन्ध गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा नेपाल सरकारले कानूनको विवादमा परेका बालबालिकाहरूलाई न्यायिक कारबाहीका विभिन्न चरणहरूमा उनीहरूको सर्वोत्तम हित, विकास र अधिकारको सम्मान, सुरक्षा, संरक्षण र परिपूरण गर्नको लागि संवैधानिक तथा कानूनी व्यवस्थाहरू निर्माण गर्नुका साथै त्यसमा समयानुकूल परिवर्तन समेत गरी भिन्न कानूनी प्रक्रियाको निर्माण गरेको छ । नेपालको संविधानको धारा ३९ को उपधारा (८) ले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक प्रत्याभूत गरेको छ ।

त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कानूनको विवादमा परेका बालबालिकाहरुलाई बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन गर्नुको साथै अदालत गठन नभएसम्म बाल इजलासबाट मुद्दाको सुरू कारवाही, सुनुवाइ र किनारा गरिने, बालबालिका सम्बन्धी कुनैपनि मुद्दामा आदेश वा अन्तिम फैसला गर्दा न्यायाधीशलाई अन्य विकल्पहरु उपलब्ध गराउँदै दिशान्तर सम्बन्धी प्रावधानलाई महत्व दिई बाल सुधार गृहमा पठाउने कार्यलाई अन्तिम विकल्पको रूपमा लिने लगायतका विविध व्यवस्थाहरुलाई अग्रता दिई त्यस्ता व्यवस्थालाई व्यवहारिक बनाउन निर्देश समेत गरेको देखिन्छ । यसैगरी सर्वोच्च अदालतमा बाल अधिकारको सम्मान र परिपालना गराई पाउन दायर भएका निवेदनमा रिट क्षेत्राधिकारको प्रयोग मार्फत न्यायिक व्याख्या गरी बाल न्यायको क्षेत्रमा नवीन विधिशास्त्रीय मान्यताहरू स्थापित हुँदै आएको छ ।

नेपालको बाल न्याय प्रणालीलाई सुदृढ गर्न समन्वयकारी भूमिका खेल्ने उद्देश्यका साथ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २२ बमोजिम बाल न्याय समन्वय समितिको स्थापना भएको थियो । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४६ (१) ले बाल न्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकाय बीच समन्वय गर्ने समेतको लागि विशिष्टीकृत निकायको रुपमा केन्द्रीय स्तरमा केन्द्रीय बाल न्याय समिति रहने व्यवस्था गरेको छ भने दफा ४७ मा प्रत्येक जिल्लामा एक जिल्ला बाल न्याय समिति रहने व्यवस्था गरेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८५ को प्रतिबन्धात्मक वाक्यांशले प्रदान गरेको अधिकारको प्रयोग गरी सर्वोच्च अदालतको मिति २०७५।१२।२७ को पूर्ण बैठकबाट पारित बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ तर्जुमा भई लागू भइसकेको छ । सोही नियमावलीले दिशान्तर, निगरानी कक्ष, पुनर्स्थापकीय न्याय, प्रोवेशन अधिकारी लगायतका बाल न्यायका नविनतम अवधारणाहरुको सम्बन्धमा विस्तृत व्याख्या गर्नुका साथै केन्द्रीय बाल न्याय समिति र जिल्ला बाल न्याय समितिको कार्यविधिहरु तोकिदिएको छ । नियमावलीको नियम ३३ मा केन्द्रीय बाल न्याय समितिले बाल न्यायको प्रभावकारी कार्यान्वयनको लागि बाल न्यायको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुबाट आवश्यक परामर्श र सहयोग लिन सक्ने लगायतका व्यवस्थाहरु रहेबाट समितिले बाल न्याय र बाल अधिकारका क्षेत्रमा कार्यरत विज्ञहरुसंग समन्वय र परामर्श गरी बाल न्याय सुदृढीकरणको लागि विभिन्न नीतिगत निर्णयहरु गर्दै आएको छ भने समितिको सचिवालयले सरोकारवाला निकायहरुसंगको सहकार्य र समन्वयमा बाल न्याय सम्बन्धी विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्नुका साथै सचेतनामूलक स्रोत सामग्रीहरु प्रकाशन गर्दै आइरहेको छ ।

यसैगरी सचिवालयले बिभिन्न जिल्ला अदालतबाट कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरुको विवरण संकलन गर्नुका साथै नेपालमा संचालनमा रहेका ८ वटा बाल सुधार गृहहरुमा रहेका बालबालिकाहरुको विवरण समेत संकलन गरी उक्त निकायहरुबाट यस सचिवालयलाई प्राप्त भएका तथ्याङ्क तथा विवरणहरु अध्यावधिक गर्दै आएको छ । यसै सिलसिलामा आर्थिक वर्ष २०७८/२०७९ र आर्थिक वर्ष २०७९/२०८० मा जिल्ला अदालत (बाल इजलास) मा दायर भएको कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु को अवस्थाका साथै आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृहमा संस्थागत सुधारमा रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी **“नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन**, २०८०” तयार गरिएको छ ।

यस प्रतिवेदनलाई ४ वटा परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद एकमा परिचय, केन्द्रीय बाल न्याय समितिको गठन, काम कर्तव्य तथा अधिकारहरु, जिल्ला बाल न्याय समितिको गठन, काम कर्तव्य तथा अधिकारहरु र आर्थिक वर्ष २०७८/२०७९ र आर्थिक वर्ष २०७९/२०८० मा केन्द्रीय बाल न्याय समितिको सचिवालयबाट सम्पन्न भएका कार्यक्रमहरुको विवरण, परिच्छेद दुईमा आर्थिक वर्ष २०७८/२०७९ मा विभिन्न जिल्ला अदालतमा रहेका बाल इजलाजसमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरुको विवरण, परिच्छेद तीनमा आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृहमा रहेका बालबालिकाहरुको विवरण र परिच्छेद चारमा सर्वोच्च अदालतबाट बाल न्यायको क्षेत्रमा प्रतिपादित महत्वपूर्ण केही न्यायिक सिद्धान्त/आदेश प्रस्तुत गरिएको छ।

### १.२. **केन्द्रीय बाल न्याय समितिको गठन**

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३० मा केन्द्रीय बाल न्याय समितिका पदाधिकारीहरुको संख्या ११ कायम भएको छ, जसअनुसार देहाय बमोजिमका पदाधिकारी रहने व्यवस्था रहेको छः-

| | |
|---|---|
| क. प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश | - अध्यक्ष |
| ख. सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ग. सचिव, गृह मन्त्रालय | - सदस्य |
| घ. सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| ङ. नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| च. प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | - सदस्य |
| छ. राष्ट्रिय बाल अधिकार परिषद्को प्रशासकीय प्रमुखको रुपमा काम गर्ने पदाधिकारी | - सदस्य |
| ज. समितिका अध्यक्षले मनोनयन गरेको कम्तीमा एक महिला सहित तीन जना | - सदस्य |
| झ. मुख्य रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको रजिस्ट्रार | - सदस्य सचिव |

खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुने र निजको पुनःनियुक्ति हुन सक्ने भन्ने व्यवस्था नियमावलीले गरेको छ । साथै यस नियमावलीमा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने र समितिले आवश्यकता अनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ ।

## १.३. केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकार

बाल न्याय सम्पादन सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३१ मा केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकार बारे उल्लेख छ । जस अनुसार समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन् -

- बाल न्याय प्रणालीको सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानूनी तथा नीतिगत व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक सुझाब तथा परामर्श दिने,
- बाल अधिकार र बाल न्यायको विषयलाई नेपालका विश्वविद्यालय, विद्यालय तथा शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न विश्वविद्यालय, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्ने,
- बाल अधिकार र बाल न्यायको क्षेत्रमा नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट गर्नु पर्ने कार्यक्रमहरुको सम्बन्धमा आवश्यकता अनुरुप मार्गनिर्देश तथा समन्वय र सहकार्य गर्ने,
- बाल न्याय सम्पादनलाई छिटोछरितो प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि बाल न्यायको क्षेत्रमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रम बारे जानकारी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- बाल न्याय सम्पादनमा संलग्न हुने निकाय वा अधिकारीबाट सम्पादन भएका सेवा र कार्यहरुको स्तरसम्बन्धी रेखदेख तथा व्यवस्थापन सम्बन्धी काम कारवाही गर्ने, गराउने,
- जिल्ला बाल न्याय समिति, बाल सुधार गृह वा बाल न्यायको क्षेत्रमा काम गर्ने अन्य निकायहरुको अनुगमन, सुपरिवेक्षण गर्ने तथा उपयुक्त निर्देशन दिने,
- बाल अधिकार तथा बाल न्यायको सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने तथा पुस्तक, सोत सामग्री, जर्नल आदि प्रकाशन गर्ने,
- बाल अधिकार र बाल न्याय सम्बन्धी विभिन्न तालिम तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने, गराउने,
- बाल न्याय सम्पादनको सन्दर्भमा रहेका समस्या समाधानको लागि सम्बन्धित निकायलाई आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

- बाल सुधार गृह तथा निगरानी कक्षको संचालन सम्बन्धी मापदण्ड निर्धारण गर्ने र कार्यान्वयनको लागि मार्गदर्शन गर्ने,
- ऐनको प्रभावकारी कार्यान्वयनमा आवश्यक निर्देशन दिने ।

### १.४. **जिल्ला बाल न्याय समितिको गठन**

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३४ मा जिल्ला बाल न्याय समितिका पदाधिकारीहरुको संख्या १५ कायम भएको छ, जसअनुसार देहाय बमोजिमका पदाधिकारी रहने व्यवस्था छः-

| | |
|---|---|
| क. सम्बन्धित जिल्लाको वरिष्ठतम जिल्ला न्यायाधीश | - अध्यक्ष |
| ख. सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| ग. जिल्लाको सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक | - सदस्य |
| घ. सम्बन्धित जिल्लाको जिल्ला न्यायाधिवक्ता | - सदस्य |
| ङ. सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| च. सम्बन्धित जिल्लाको जिल्ला बार एशोसिएशनको अध्यक्ष | - सदस्य |
| छ. बालबालिकाको क्षेत्रमा कार्यरत सम्बन्धित जिल्लाका संस्थाको प्रतिनिधित्व हुने गरी कम्तिमा एक जना महिला सहित तीन जना | - सदस्य |
| ज. सम्बन्धित जिल्लाका बालमनोविज्ञ मध्येबाट एक जना | - सदस्य |
| झ. सम्बन्धित जिल्लाका समाजसेवी मध्येबाट एक जना | - सदस्य |
| ञ. सम्बन्धित जिल्लाको बाल कल्याण अधिकारी मध्येबाट एक जना | - सदस्य |
| ट. सम्बन्धित जिल्लाको प्रोवेशन अधिकारी | - सदस्य |
| ठ. सम्बन्धित जिल्लाभित्र रहेका बाल सुधार गृहका प्रमुख | - सदस्य |
| ड. स्रेस्तेदार, जिल्ला अदालत | - सदस्य सचिव |

खण्ड (छ) (ज) र (झ) बमोजिम मनोनीत सदस्यको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक उपाधि हासिल गरेको, बाल अधिकार र बाल न्यायको क्षेत्रमा कम्तीमा तीन वर्ष कार्य गरेको र फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति मनोनयन हुन सक्ने र सो बमोजिम मनोनयन भएका सदस्यको पदावधि दुई वर्षको हुने र निजको पुनःमनोनयन हुन सक्ने व्यवस्था नियमावलीले गरेको छ । साथै यस नियमावलीमा समितिको बैठकसम्बन्धी कार्यविधि

समिति आफैले निर्धारण गरेबमोजिम हुने र समितिले आवश्यकता अनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ ।

### १.५. **जिल्ला बाल न्याय समितिको काम, कर्तव्य र अधिकार**

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३५ मा जिल्ला बाल न्याय समितिको काम, कर्तव्य र अधिकार बारे उल्लेख छ । जस अनुसार समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन् -

- बाल न्याय प्रणालीको सुदृढीकरण र विकासका लागि जिल्लामा गर्नुपर्ने आवश्यक व्यवस्थाका लागि केन्द्रीय बाल न्याय समितिलाई आवश्यक सुझाव तथा परामर्श दिने,
- जिल्लाका बाल अधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत संस्थाबाट भइरहेका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,
- केन्द्रीय बाल न्याय समितिको निर्देशनको अधीनमा रही बाल न्यायको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- बाल अधिकार तथा बाल न्यायको विषयमा स्थानीय स्तरमा सचेतना अभिबृद्धि गर्ने,
- जिल्लामा बाल न्यायको क्षेत्रमा कार्यरत निकायबाट सम्पादन भएका सेवा र कार्यक्रमको एकीकृत अभिलेख राख्ने तथा राख्न लगाउने,
- केन्द्रीय बाल न्याय समितिले तोकिदिएका अन्य काम गर्ने गराउने ।

### १.६. **केन्द्रीय बाल न्याय समितिको सचिवालय**

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३२ ले केन्द्रीय बाल न्याय समितिको सचिवालयलाई बाल अदालत, बाल सुधार गृह, जिल्ला बाल न्याय समिति समेतको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने गरी जिम्मेबारी तोकेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले दिएको अधिकार

र दायित्वको परिधिभित्र रही समितिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन गर्दै यस सचिवालयले बाल न्यायको क्षेत्रमा विगतदेखि हालसम्म विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।

आर्थिक वर्ष २०७८/२०७९ मा युनिसेफ नेपालसँगको सहकार्यमा सचिवालयबाट सम्पन्न गरिएका कार्यक्रमहरु :-

**क. बाल न्याय सम्बन्धी मस्यौदाहरु र सचेतनामूलक स्रोत सामग्री निर्माण**

- सचिवालयको वार्षिक कार्यक्रम अर्न्तगत विज्ञ समूहबाट बाल इजलास र बाल मैत्री कक्षको न्युनतम मापदण्डको मस्यौदा तयार गरिएको,
- बाल न्यायसंग सम्बन्धित सचेतनामूलक श्रब्यदृश्य सामग्री निर्माण गरिएको ।

**ख. सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको समन्वय बैठक**

- बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भइसकेपछि बालबालिकको उमेर १६ वर्ष बाट बढाएर १८ वर्ष कायम गरिएको कारणबाट बाल सुधार गृहमा बालबालिकाको चाप अत्यन्तै बढ्न गएको अवस्थालाई मध्यनजर गरी यस्ता बालबालिकाहरुको तत्काल कसरी व्यवस्थापन गर्ने तथा बाल अधिकार र बाल न्यायको क्षेत्रमा नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थहरुसँग सहकार्य गर्न सक्ने क्षेत्रहरुको पहिचान गरी तद्अनुरुप अगाडि बढ्ने उद्देश्यले जिल्ला बाल न्याय समिति भक्तपुरसंगको समन्वय र सहकार्यमा भक्तपुर जिल्लामा एक दिवसीय छलफल तथा समन्वय गोष्ठी मिति २०७८।६।३१ मा सम्पन्न गरिएको,
- काठमाडौं उपत्यकाभित्रका जिल्ला अदालतमा कार्यरत बाल मनोविज्ञ र समाजसेवी तथा सानो ठिमी भक्तपुर, बाल सुधार गृहमा कार्यरत बाल मनोविज्ञ र समाजसेवीको कार्य अनुभव आदान प्रदान गर्नुका साथै क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मनोसामाजिक परामर्श सेवा र तनाव व्यवस्थापन सम्बन्धमा कान्ति बाल अस्पतालका बाल मनोचिकित्सकहरुबाट एक दिवसीय छलफल तथा समन्वय गोष्ठी ललितपुर जिल्लामा सम्पन्न गरिएको,

- बाल इजलासमा कार्यरत बाल मनोविज्ञ र समाजसेवीहरुले बालबालिकाको मुद्दा हेरे बापत जिल्ला अदालतबाट पाउने गरेको सेवा सुविधा नपाएको भनी सचिवालयमा गुनासो गर्ने गरेको हुँदा सो सम्बन्धी गुनासो सम्बोधन गर्ने उद्देश्य सहित सर्वोच्च अदालतको रजिस्ट्रार र लेखा प्रमुख तथा जिल्ला अदालतको लेखापाल र स्रेस्तेदारसंग श्रव्यदृश्य विधि मार्फत समन्वय बैठक संचालन गरिएको थियो ।

**ग. जिल्लास्तरीय बालन्याय सम्बन्धी अन्तरक्रिया कार्यक्रमः**

केन्द्रीय बाल न्याय समितिको सचिवालयको सहकार्यमा जिल्ला बाल न्याय समितिको आयोजनामा जिल्ला स्तरीय सरोकारवालाहरु बीच बाल न्याय सम्बन्धी नवीनतम अवधारणका बारेमा छलफल तथा बाल न्याय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी ब्यवस्था, बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएका नवीन व्यवस्था बारे जानकारी गराउन, बालमैत्री अनुसन्धान, अभियोजन तथा सुनुवाइ सम्बन्धी प्रत्यक्ष सरोकार राख्ने निकायहरुको भूमिकाको बारेमा जानकारी गराउन, बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजनको क्रममा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु सुझाउने र कानूनको विवादमा परेका बालबालिकाहरुको सम्बन्धमा आवश्यक सेवाहरु (कानुनी सहायता, मनोसामाजिक परामर्श आदि) उपलब्ध गराउने सम्बन्धमा समन्वय तथा सहकार्य गराउने र समाजमा बाल न्याय सम्बन्धी चेतना अभिबृद्धि गराउने उद्देश्य अनुरुप गत विगत वर्षहरुमा जस्तै यस आर्थिक वर्ष **बझाङ, डोटी, रुकुमकोट, जुम्ला, अर्घाखाँची, मुस्ताङ्ग, लमजुङ्ग, भक्तपुर र सुनसरी** गरी जम्मा ९ वटा जिल्लाहरुमा जिल्लास्तरीय बालन्याय सम्बन्धी अन्तरक्रिया कार्यक्रमहरु विभिन्न मितिमा सम्पन्न गरिएको थियो ।

**घ. तालिम कार्यक्रम**

सचिवालयबाट श्रव्यदृश्य विधि मार्फत संचालन गरिएका तालिमहरू :-

- **प्रोवेशन अधिकारीको लागि बाल न्याय सम्बन्धी अभिमुखीकरण तालिम**

  जिल्ला अदालतका प्रोवेशन अधिकारीहरुलाई लक्षित गरी बाल न्यायको क्षेत्रमा उनीहरुको कार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०७८।५।२९ देखि २०७८।५।३१ गते सम्म तीन दिवसीय तालिम संचालन गरिएको थियो । उक्त तालिममा विभिन्न जिल्ला अदालतका ७४ जना प्रोवेशन अधिकारीहरु सहभागी हुनु

भएको थियो । विज्ञहरुबाट बाल न्यायको अवधारणा, बाल न्याय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, बाल कसूरजन्य कार्यको आरोप लागेका बालबालिका र पीडित बालबालिकाहरुसंग गर्नुपर्ने बाल मैत्री व्यवहार र संचार सीप, पुनर्स्थापकीय न्याय, दिशान्तर, सजाय सम्बन्धी व्यवस्था, प्रोवेशन अधिकारीको भूमिका लगायतका विषयहरुमा प्रोवेशन अधिकारीहरुलाई प्रशिक्षण दिइएको थियो ।

- **बाल सुधार गृहका कर्मचारीहरुको लागि प्रशासन तथा व्यवस्थापन सम्बन्धी तालिम**

नेपालमा संचालनमा रहेका बाल सुधार गृहका कर्मचारीहरुलाई लक्षित गरी उनीहरुमा बाल न्याय र बाल अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्नुका साथै बाल सुधार गृहको संचालन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास बारे जानकारी दिने उद्देश्यले मिति २०७८।८।२८ देखि २०७८।९।१ गते सम्म तीन दिवसीय तालिम संचालन गरिएको थियो । उक्त तालिममा सबै बाल सुधार गृहका कर्मचारीहरु सहभागी भएका थिए । सम्बन्धित विषय विज्ञहरुबाट सफलतापूर्वक प्रशिक्षण दिइएको थियो ।

- **बाल इजलासमा कार्यरत समाजसेवीको लागि पुनर्ताजगी तालिम**

जिल्ला अदालतको बाल इजलासमा कार्यरत समाजसेवीहरुलाई लक्षित गरी उनीहरुको कार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०७९।२।३० देखि २०७९।३।१ गते सम्म तीन दिवसीय तालिम सफलतापूर्वक संचालन गरिएको थियो । उक्त तालिममा ३३ जना समाजसेवीहरु सहभागी हुनु भएको थियो । सहभागीहरुलाई विषय विज्ञहरुबाट बालबालिका सम्बन्धी वर्तमान कानूनले निर्दिष्ठ गरेको समाजसेवीहरुको भूमिका र बाल न्यायका नविनतम अवधारणाहरु बारेमा प्रशिक्षण दिइनुका साथै समाजसेवीहरुको कार्य अनुभव र काम गर्ने सिलसिलामा भोग्न परेको समस्याहरुको बारेमा छलफल तथा अनुभव आदान प्रदान गरिएको थियो ।

- **बाल इजलासमा कार्यरत बाल मनोविज्ञको लागि पुनर्ताजगी तालिम**

जिल्ला अदालतको बाल इजलासमा कार्यरत बाल मनोविज्ञहरुलाई लक्षित गरी उनीहरुको कार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०७९।२।३० देखि २०७९।३।१ गते सम्म तीन दिवसीय तालिम सफलतापूर्वक सम्पन्न गरिएको थियो । उक्त तालिममा

४९ जना बाल मनोविज्ञहरु सहभागी भएका थिए। सहभागीहरुलाई विषय विज्ञहरुबाट बालबालिका सम्बन्धी वर्तमान कानूनले निर्दिष्ट गरेको बाल मनोविज्ञहरुको भूमिका र बाल न्यायका नविनतम अवधारणाहरु बारेमा प्रशिक्षण दिईनुका साथै बाल मनोविज्ञहरुको कार्य अनुभव र काम गर्ने सिलसिलामा भोग्न परेको समस्याहरुको बारेमा छलफल तथा अनुभवहरु आदान प्रदान गरिएको थियो ।

**ङ. अनुगमन भ्रमण**

- विभिन्न मितिमा समितिका अध्यक्ष, सदस्य सचिव र सचिवालयका कर्मचारीहरुबाट धनकुटा, मोरङ, सुनसरी, उदयपुर, भोजपुर, झापा, तेह्रथुम, संखुवासभा, पर्सा, सिरहा, धनुषा, रामेछाप, मकवानपुर, चितवन, नवलपुर, कास्की, बाग्लुङ, पर्वत, लमजुङ, मनाङ्ग, गोरखा, नवलपरासी, रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, बाँके, सुर्खेत, जुम्ला, मुगु, कैलाली, कञ्चनपुर, डोटी गरी ३२ वटा जिल्ला अदालत र बाल इजलासको अनुगमन भ्रमण गरिएको थियो । साथै बाल सुधार गृह पर्सा, मकवानपुर, बाँके, रुपन्देही र डोटीको अवलोकन भ्रमण गरी समस्याहरुको पहिचान गरिएको थियो ।

**च. बाल सुधार गृहका बालबालिकाहरुको लागि आकस्मिक स्वास्थ्य उपचार सेवा**

सचिवालयबाट विभिन्न मितिमा बाल सुधार गृहमा अनुगमन गर्दाको क्रममा देखिएको तत्काल समाधान गनुपर्ने समस्याहरुलाई देहाय बमोजिम सहयोग उपलब्ध गराएको थियो

- पर्सा बाल सुधार गृहमा रहेको बालकको उपचारको लागि रु.४४,४६९/- रकम उपलब्ध गराइएको,
- कोभिडको समयमा मोरङ, मकवानपुर, पर्सा र रुपन्देही बाल सुधार गृहहरुलाई स्वास्थ्य सामग्री खरीदको लागि केही रकम सहयोग गरिएको,
- बाल सुधार गृहमा रहेका बालबालिकाहरुको लागि आधारभूत स्वास्थ्य उपचार तथा पोषणयुक्त खाना उपलब्ध गराउने प्रयोजनार्थ कास्की जिल्ला स्थित बाल सुधारको लागि रु.६५,०००।- र रुपन्देही जिल्ला स्थित बाल सुधार गृहको लागि रु.६०,०००।- का दरले सहयोग रकम उपलब्ध गराइएको ।

आर्थिक वर्ष २०७९/२०८० मा सचिवालयबाट सम्पन्न गरिएका कार्यक्रमहरू:-

**क. बाल सुधार गृहमा रहेका बालबालिका तथा किशोर किशोरीहरुलाई पोषणयुक्त खानाको व्यवस्था गरिएको**

केन्द्रीय बाल न्याय समितिको सचिवालय र प्रारम्भिक बाल विकास केन्द्र काठमाडौं बीच मिति २०७९।१२।२६ मा सम्झौता भई प्रारम्भिक बाल विकास केन्द्रको आर्थिक सहयोगमा २०८० बैशाख १ देखि २०८० चैत्र मसान्तसम्म (एक वर्ष) को लागि सबै बाल सुधार गृहमा रहेका बालबालिका तथा किशोर किशोरीहरुलाई पोषणयुक्त थप खाजा तथा प्रोटिन खाना उपलब्ध गराइएको ।

**ख. बाल सुधार गृह संचालन प्रयोजनार्थ नौबस्ता कारागार बाँकेको स्थलगत अध्ययन गरी सम्बन्धित मन्त्रालयमा सुझाव सहितको प्रतिवेदन पेस गरिएको**

बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका रहेको वर्तमान अवस्था तथा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नविनतम प्रावधान समेतलाई हृदयंगम गर्दै मिति २०७९/११/१६ मा बसेको केन्द्रीय बाल न्याय समितिको बैठकमा समितिका अध्यक्ष एवं सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूले समितिका अन्य सदस्यज्यूहरूसँग बाल सुधार गृह बिस्तार गर्ने सम्बन्धमा आवश्यक सुझाव माग गर्ने क्रममा समितिका सदस्य एवं गृह मन्त्रालयका सचिवज्यू र बैठकका आमन्त्रित सदस्य एवं कारागार व्यवस्थापन विभागका महानिर्देशकज्यूबाट नियमावली तथा समितिबाट पारित भएको बाल सुधार गृहको सञ्चालन तथा व्यवस्थापन राष्ट्रिय मापदण्ड, २०७६ अनुकूल हुने गरी संचालनमा ल्याउन सकिने संरचना सहितको भवन बाँके जिल्लाको नौबस्तामा रहेको जानकारी समेत प्राप्त भएको थियो। केन्द्रीय बाल न्याय समितिको बैठकको सुझाव तथा सोही बैठकको निर्णयबाट गठन भएको बाल न्याय सुदृढीकरण कार्यदलको मिति २०७९/१२/०१ को बैठक समेतबाट बाँके जिल्लाको नौबस्तामा निर्माण भएको कारागारको एउटा ब्लकलाई बाल सुधार गृहमा रहने क्रममा १८ वर्ष नाघेका एक तह मुद्दा टुङ्गिएका किशोरहरूलाई राख्ने व्यवस्था मिलाउन प्रक्रिया अगाडि बढाउने गरी निर्णय भएकाले यस सम्बन्धमा स्थलगत अवलोकन गरी लागतको अनुमानित विवरण सहित विस्तृत (कर्मचारी तथा सुरक्षाकर्मीको दरवन्दी, आवश्यक बेड बेडिङ्ग) अध्ययन गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा गृह मन्त्रालयमा संयुक्त प्रतिवेदन

पेस गर्न भनी यस सचिवालयका उपसचिवको संयोजकत्वमा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधि सदस्य, प्रतिनिधि, कारागार व्यवस्थापन विभाग सदस्य, प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, बाँके सदस्य, प्रतिनिधि, शहरी विकास तथा भवन निर्माण विभाग सदस्य तथा कार्यक्रम व्यवस्थापक, केन्द्रीय बाल न्याय समितिको सचिवालय सदस्य-सचिव रहेको ६ सदस्यीय अध्ययन समिति गठन भएको थियो ।

उक्त अध्ययन समितिबाट बाँके जिल्लाको नौबस्तामा निर्माण भएको कारागारको स्थलगत अवलोकन तथा अध्ययन गरी बाल न्यायको उद्देश्य प्राप्त गर्दै हाल प्रचलित नेपाल कानून बमोजिमको सुविधा उपलब्ध गराउन बाँके स्थित नौबस्ता कारागारको चार वटा ब्लक मध्ये एउटा ब्लक बाल सुधार गृहमा रहने क्रममा १८ वर्ष नाघेका बालबालिकाहरूलाई राख्ने प्रयोजनार्थ उक्त बाल सुधार गृहको लागि आवश्यक पर्ने सुरक्षा दरबन्दी, किशोरहरूको पोषणसम्बन्धी व्यवस्था, किशोरहरुको बेड बेडिङ्ग तथा अन्य आधारभूत स्रोत साधन सम्बन्धी व्यवस्था तथा किशोरहरूको स्थानान्तरण सम्बन्धी व्यवस्था गृह मन्त्रालयबाट र अन्य सम्पूर्ण व्यवस्था महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट हुने कुरा सुनिश्चित हुन सुझाव गरिएको थियो ।

उक्त गृहलाई बाल सुधार ब्लक नामाकरण गरी तत्काल संचालनमा ल्याउन सकिएमा बाल सुधार गृहमा देखिएको अत्यधिक चाप व्यवस्थापन गर्न सहज हुने र बाल सुधार गृहमा रहने बालबालिकाहरूलाई सुधार गर्ने बास्तविक उद्देश्य प्राप्त गर्न समेत सहज हुने तथा हाल देशमा विद्यमान अर्थ व्यवस्था लगायतका विषयलाई मध्यनजर गरी सुरक्षा दरबन्दीको हकमा माथि सुझाव गरेबमोजिम र सो बाहेकको अन्य दरबन्दीको हकमा पूर्ण रूपमा लागू गर्न नसके तापनि हाल नेपाल सरकारबाट व्यवस्थापन हुँदै आएको बाल सुधार गृहमा व्यवस्था भएको कर्मचारी दरबन्दीमा नघट्ने गरी तत्काल बाँके स्थित नौबस्तामा १८ वर्ष नाघेका किशोरहरूलाई राख्ने गरी व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन भनी गृह मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई मिति २०८०।०२।१२ मा सुझाव सहितको प्रतिवेदन पेस गरिएको थियो ।

आर्थिक वर्ष २०७९/२०८० मा युनिसेफ नेपालसँगको सहकार्यमा सम्पन्न गरिएका कार्यक्रमहरु :-

**क. बाल न्याय सम्बन्धी कानूनी दस्तावेजहरु र सचेतनामूलक स्रोत सामग्री निर्माण**

- बाल न्याय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको संग्रह, २०७९ तयार गरिएको,
- बाल न्याय जर्नल, २०७९ तयार गरिएको,
- बाल न्याय सम्पादन कार्यविधि, २०८० तयार गरिएको,
- कानुनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८० तयार गरिएको,
- नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८० तयार गरिएको छ ।

**ख. सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको समन्वय बैठक**

- बाल न्याय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको संग्रह, २०७९ प्रकाशन गरी लोकार्पण कार्यक्रम संचालन गरिएको,
- कानुनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८० तथा बाल न्याय सम्पादन कार्यविधि, २०८० को मस्यौदामा परिमार्जन तथा छलफल गरी सर्वोच्च अदालतको पूर्ण बैठकमा पेश गर्ने प्रयोजनार्थ छलफल तथा समन्वय बैठक सञ्चालन गरिएको,
- बाल इजलासमा कार्यरत बाल मनोविज्ञ र समाजसेवीहरुले बालबालिकाको मुद्दा हेरे बापत जिल्ला अदालतबाट पाउने गरेको सेवा सुविधा सम्बन्धी गुनासो सम्बोधन गर्ने उद्देश्य सहित सर्वोच्च अदालतका रजिष्ट्रार, लेखा प्रमुख तथा जिल्ला अदालतको लेखापाल र स्रेस्तेदारसंग भर्चुअल विधिबाट मिति २०७९।०९।१३ गते समन्वय बैठक सञ्चालन गरिएको ।

**ग. जिल्लास्तरीय बाल न्याय सम्बन्धी अन्तरक्रिया कार्यक्रम:**

केन्द्रीय बाल न्याय समितिको सचिवालयको सहकार्यमा जिल्ला बाल न्याय समितिको आयोजनामा जिल्लास्तरीय सरोकारवालाहरु बीच बाल न्याय सम्बन्धी नविनतम अवधारणाका बारेमा छलफल तथा बाल न्याय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी ब्यवस्था,

बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएका नवीन व्यवस्था बारे जानकारी गराउन, बालमैत्री अनुसन्धान, अभियोजन तथा सुनुवाइ सम्बन्धी प्रत्यक्ष सरोकार राख्ने निकायहरुको भूमिकाको बारेमा जानकारी गराउन बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजनको क्रममा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु सुझाउने र कानूनको विवादमा परेका बालबालिकाहरुको सम्बन्धमा आवश्यक सेवाहरु (कानुनी सहायता, मनोसामाजिक परामर्श आदि) उपलब्ध गराउने सम्बन्धमा समन्वय तथा सहकार्य गराउने र समाजमा बाल न्याय सम्बन्धी चेतना अभिबृद्धि गराउने उद्देश्य अनुरुप गत विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०७९/२०८० मा **कास्की, मकवानपुर, मोरङ, डडेल्धुरा, कैलाली, चितवन, कपिलबस्तु** गरी जम्मा ७ वटा जिल्लाहरुमा जिल्लास्तरीय बालन्याय सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रमहरु विभिन्न मितिमा सम्पन्न गरिएको थियो ।

**घ. तालिम कार्यक्रम**

- ७७ वटै अदालतको बाल इजलासमा कार्यरत कर्मचारीहरुका लागि तीन दिवसीय भर्चुअल विधिबाट मिति २०७९।०९।०४ देखि मिति २०७९।०९।०६ सम्म तालिम संचालन गरिएको,
- बाल सुधार गृहका कर्मचारी तथा सुरक्षकर्मीहरुलाई लक्षित गरी दुई दिवसीय बाल न्याय तथा बाल मैत्री व्यबहार सम्बन्धी तालिम कार्यक्रम बाल सुधार गृह डोटी, पर्सा, रुपन्देही, बाँकेमा विभिन्न मितिमा सम्पन्न गरिएको थियो ।

**ङ . अनुगमन भ्रमण**

- यस आर्थिक वर्षको विभिन्न मितिमा समितिका अध्यक्ष, सदस्य सचिव र सचिवालयका कर्मचारीहरुबाट सुर्खेत, दैलेख, सल्यान, बाँके, सप्तरी, सिरह, उदयपुर, सिन्धुली, लमजङ, मनाङ्ग, बारा, रौतहट, सर्लाही, मोरङ, कास्की, मकवानपुर, धादिङ्ग, नुवाकोट, तनहुँ, डडेल्धुरा, बैतडी, डोटी, दार्चुला, पर्सा, कैलाली, रोल्पा गरी २६ वटा जिल्ला अदालतका बाल इजलासको अनुगमन भ्रमण गरी समस्याहरुको पहिचान गरिएको छ।

**च. बाल सुधार गृहका बालबालिकाहरुको लागि आकस्मिक स्वास्थ्य उपचार सेवा**

सचिवालयबाट विभिन्न मितिमा बाल सुधार गृहमा अनुगमन गर्दाको क्रममा देखिएका तत्काल

समाधान गर्नुपर्ने समस्याहरुलाई समाधान गर्न देहाय बमोजिम सहयोग उपलब्ध गराएको थियोः

- बाल सुधार गृह भक्तपुरमा रहेको बालकको उपचारको लागि सहयोग गरिएको,
- बाल सुधार गृह पर्सामा रहेको बालकको उपचारको लागि सहयोग उपलब्ध गराइएको,
- बाल सुधार गृह भक्तपुरमा रहेको बालिकालाई सामाजिक पुनर्मिलनको लागि सुर्खेत सम्म पुऱ्याउन सहयोग गरिएको,
- बाल सुधार गृह भक्तपुर र बाँकेमा रहेका बालकहरुलाई सामाजिक पुनर्मिलनको लागि दोलखा र संखुवासभासम्म पुऱ्याउन सहयोग गरिएको थियो ।

# परिच्छेद २

आर्थिक वर्ष २०७८/२०७९ मा विभिन्न जिल्ला अदालतबाट यस सचिवालयलाई प्राप्त हुन आएको कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको विवरणको आधारमा तथ्याङ्कहरुको वर्गीकरण र विश्लेषण गरी यस परिच्छेदमा देहाय बमोजिमको विवरण प्रस्तुत गरिएको छ ।

## २.१. प्रदेश र जिल्लागत आधारमा दर्ता भएका मुद्दाको विवरण

| | क्र.स | जिल्ला अदालत | मुद्दाको संख्या |
|---|---|---|---|
| कोशी प्रदेश | १ | ताप्लेजुङ्ग | १२ |
| | २ | पाँचथर | १६ |
| | ३ | ईलाम | १७ |
| | ४ | संखुवासभा | १८ |
| | ५ | तेह्रथुम | ५ |
| | ६ | धनकुटा | ६ |
| | ७ | भोजपुर | १२ |
| | ८ | खोटाङ | २२ |
| | ९ | सोलुखुम्बु | ८ |
| | १० | ओखलढुंगा | २१ |
| | ११ | उदयपुर | ३९ |
| | १२ | झापा | ६२ |
| | १३ | मोरङ | ८७ |
| | १४ | सुनसरी | ४४ |
| | | जम्मा | ३६९ |
| मधेश प्रदेश | १५ | सप्तरी | ६५ |
| | १६ | सिरहा | १५० |
| | १७ | धनुषा | ८० |
| | १८ | महोत्तरी | ६९ |
| | १९ | सर्लाही | ८० |
| | २० | रौतहट | ३६ |
| | २१ | बारा | ५६ |
| | २२ | पर्सा | ४७ |
| | | जम्मा | ५८३ |

| | | | |
|---|---|---|---|
| **बागमती प्रदेश** | २३ | दोलखा | १४ |
| | २४ | रामेछाप | २२ |
| | २५ | सिन्धुली | ४५ |
| | २६ | काभ्रेपलाञ्चोक | ३३ |
| | २७ | सिन्धुपाल्चोक | १७ |
| | २८ | रसुवा | ० |
| | २९ | नुवाकोट | ५ |
| | ३० | धादिङ | ३१ |
| | ३१ | चितवन | २४ |
| | ३२ | मकवानपुर | ८ |
| | ३३ | भक्तपुर | ८१ |
| | ३४ | ललितपुर | ५२ |
| | ३५ | काठमाडौं | ३३२ |
| | | जम्मा | ६६४ |
| **गण्डकी प्रदेश** | ३६ | गोरखा | १८ |
| | ३७ | लमजुङ्ग | ८ |
| | ३८ | तनहुँ | ४० |
| | ३९ | कास्की | ८३ |
| | ४० | मनाङ्ग | ० |
| | ४१ | मुस्ताङ्ग | २ |
| | ४२ | पर्वत | १२ |
| | ४३ | स्याङ्जा | १९ |
| | ४४ | म्याग्दी | ४ |
| | ४५ | बागलुङ | ३१ |
| | ४६ | नवलपुर (पूर्व) | ३९ |
| | | जम्मा | २५६ |
| **लुम्बिनी प्रदेश** | ४७ | अर्घाखाँची | १२ |
| | ४८ | बाँके | २९ |
| | ४९ | बर्दिया | ६० |
| | ५० | दाङ | ९६ |
| | ५१ | गुल्मी | १७ |
| | ५२ | कपिलवस्तु | ५३ |
| | ५३ | नवलपरासी | ३० |
| | ५४ | पाल्पा | ३४ |
| | ५५ | रुकुमकोट | ६ |
| | ५६ | प्यूठान | १० |
| | ५७ | रोल्पा | ११ |
| | ५८ | रुपन्देही | ९८ |
| | | जम्मा | ४५६ |

| | | | |
|---|---|---|---|
| कर्णाली प्रदेश | ५९ | रुकुम | १६ |
| | ६० | सल्यान | २१ |
| | ६१ | डोल्पा | २ |
| | ६२ | जुम्ला | २० |
| | ६३ | मुगु | १० |
| | ६४ | हुम्ला | ९ |
| | ६५ | कालिकोट | १० |
| | ६६ | जाजरकोट | १३ |
| | ६७ | दैलेख | १७ |
| | ६८ | सुर्खेत | ४९ |
| | | जम्मा | १६७ |
| सुदूरपश्चिम प्रदेश | ६९ | बाजुरा | २५ |
| | ७० | बझाङ | २० |
| | ७१ | डोटी | ७ |
| | ७२ | अछाम | ९ |
| | ७३ | दार्चुला | ९ |
| | ७४ | बैतडी | ४ |
| | ७५ | डडेल्धुरा | १२ |
| | ७६ | कंचनपुर | ५९ |
| | ७७ | कैलाली | १९१ |
| | | जम्मा | ३३६ |
| | | कूल जम्मा | २८३१ |

आर्थिक वर्ष २०७८/२०७९ मा विभिन्न जिल्ला अदालतहरुमा जम्मा २८३१ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएको देखिन्छ। प्रदेशगत रुपमा हेर्दा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु सबै भन्दा बढी क्रमशः बागमती प्रदेशमा जम्मा ६६४ थान, मधेश प्रदेशमा जम्मा ५८३ थान, लुम्बिनी प्रदेशमा जम्मा ४५६ थान, कोशी प्रदेशमा जम्मा ३६९ थान, सुदूरपश्चिम प्रदेशमा ३३६, गण्डकी प्रदेशमा २५६ थान र कर्णाली प्रदेशमा जम्मा १६७ थान दर्ता भएको देखिन्छ। यस आर्थिक वर्ष बागमती प्रदेशको रसुवा र गण्डकी प्रदेशको मनाङ्ग जिल्ला अदालतमा सो सम्बन्धी कुनै पनि मुद्दा दर्ता भएको देखिदैन।

| | | अखेटा पहार | १ | १ | ० | ० | १ | ० |
| | | बिना ईजाजत औषधी | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ९९ | ११७ | ० | १६ | ५४ | ४७ |
| | मकवानपुर | नकबजनी चोरी | १ | १ | ० | ० | १ | ० |
| | | लागू औषध | २ | २ | ० | ० | २ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | आपराधिक उपद्रव | १ | ३ | ० | ० | ३ | ० |
| | | जवर्जस्ती करणी | ३ | ३ | २ | १ | ० | ० |
| | | जम्मा | ८ | १० | २ | १ | ७ | ० |
| | भक्तपुर | डाँका | ३ | २ | ० | १ | १ | ० |
| | | अभद्र व्यवहार | ५ | १० | ० | ५ | ५ | ० |
| | | लागू औषध | १ | १ | ० | ० | १ | ० |
| | | मावब बेचविखन तथा ओसार पोसार | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | १ | ० | ० |
| | | चोरी | १३ | १३ | ० | ६ | ७ | ० |
| | | जवर्जस्ती करणी | ११ | ११ | ० | ५ | ६ | ० |
| | | सवारी अंगभंग | १ | १ | ० | १ | ० | ० |
| | | कुटपिट/अंगभंग | २ | २ | ० | १ | १ | ० |
| | | अनलाईन जुवा | १ | २ | ० | ० | २ | ० |
| | | अन्य | १ | १ | ० | ० | १ | ० |
| | | आपराधिक उपद्रव आगो लगाएको | १ | १ | १ | ० | ० | ० |
| | | बालयौन दुराचार | १ | १ | १ | ० | ० | ० |
| | | जम्मा | ४२ | ४७ | २ | २० | २५ | ० |
| | ललितपुर | जवर्जस्ती करणी | १८ | १९ | २ | ५ | १२ | ० |
| | | चोरी /डाँका चोरी | १६ | २२ | ३ | ७ | १२ | ० |
| | | कर्तव्य ज्यान | २ | २ | ० | १ | १ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | अभद्र व्यवहार | १९ | २० | ० | ७ | १३ | ० |
| | | ठगी तथा संगठित अपराध | २ | २ | ० | ० | २ | ० |
| | | रेडपाण्डाको छाला ओसार पोसार | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | ५ | ६ | ० | २ | ४ | ० |
| | | बैकिङ्क/मुद्रा सम्बन्धी कसूर | २ | २ | ० | ० | २ | ० |
| | | मानव अंग प्रत्यारोपण सम्बन्धी कसूर | १ | १ | ० | १ | ० | ० |
| | | अन्य | २ | ० | ० | ० | ० | |
| | | बाल विवाह /बालयौन दुरुपयोग | २ | २ | ० | ० | २ | ० |
| | | कुटपिट अंगभंग | २ | ३ | ० | ० | ३ | ० |
| | | सवारी अंगभंग | ५ | ५ | ० | ० | ४ | १ |
| | | जम्मा | ७७ | ८५ | ५ | २३ | ५६ | १ |
| | काठमाडौं | जवर्जस्ती करणी | ४४ | ५१ | १ | २० | ३० | ० |
| | | लागू औषध | २६ | २७ | ० | ६ | २१ | ० |
| | | विधुतीय कारोबार | ६ | ६ | १ | ३ | २ | ० |
| | | कर्तव्य ज्यान | ४ | ४ | ० | ० | ४ | ० |
| | | ज्यान मार्ने उद्योग | २२ | ३६ | १ | ८ | २७ | ० |
| | | डाँका चोरी | ४१ | ५६ | १ | १५ | ३९ | १ |
| | | चोरी | १९ | ४५ | ० | ३ | ४२ | ० |
| | | सवारी ज्यान | ३ | ३ | ० | ० | २ | १ |
| | | अभद्र व्यवहार | ३१ | ४५ | ७ | ९ | २८ | १ |
| | | बाल विवाह | ५ | ६ | १ | २ | ३ | ० |
| | | कुटपिट | ५ | ७ | १ | २ | ४ | ० |
| | | बाल यौन दुर्व्यवहार | ४ | ४ | ० | २ | १ | १ |
| | | आपराधिक उपद्रव | ३ | ४ | ० | १ | ३ | ० |
| | | लिखत सम्बन्धी कसूर | २ | २ | ० | ० | २ | ० |
| | | ठगी | ६ | ६ | ० | १ | ५ | ० |
| | | राज्य विरुद्दको कसूर | १ | १ | ० | ० | १ | ० |
| | | सट्टा बाजी सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | आपराधिक लाभ | २ | २ | ० | ० | २ | ० |
| | | सवारी दुर्घटना | २ | २ | ० | ० | २ | ० |
| | | तेजाव प्रहार सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | अन्य | ४ | ४ | ० | ० | ० | ४ |
| | | अवैध रुपमा लिखित | १ | १ | ० | ० | १ | ० |
| | | जवर्जस्ती करणी उद्योग | २ | २ | ० | १ | १ | ० |
| | | जम्मा | २३५ | ३१६ | १३ | ७३ | २२२ | ८ |
| | | बागमती प्रदेशको जम्मा | ६०५ | ७४३ | ३५ | १७६ | ४६९ | ६३ |
| **गण्डकी प्रदेश** | गोरखा | नकबजनी चोरी | १ | १ | ० | ० | १ | ० |
| | | अभद्र व्यवहार | १ | ३ | ० | ० | ३ | ० |
| | | सार्वजनिक शान्ति विरुद्धको कसूर | १ | १ | ० | ० | १ | ० |
| | | कुटपिट अंगभंग | १ | १ | ० | ० | १ | ० |
| | | जवर्जस्ती करणी | २ | २ | १ | ० | १ | ० |
| | | जम्मा | ६ | ८ | १ | ० | ७ | ० |
| | लमजुङ्ग | जवर्जस्ती करणी | ३ | ३ | १ | १ | १ | ० |
| | | सवारी ज्यान | २ | २ | ० | १ | १ | ० |
| | | अभद्र व्यवहार | ३ | ३ | ० | १ | ० | २ |
| | | जुवा कौडा | २ | २ | ० | १ | १ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ११ | ११ | १ | ४ | ४ | २ |
| | तनहुँ | जवर्जस्ती करणी | १४ | १५ | २ | ५ | ७ | १ |
| | | कर्तव्य ज्यान | ३ | १२ | ० | ५ | ७ | ० |
| | | आत्महत्या दुरुत्साहन | १ | १ | ० | ० | १ | ० |
| | | सवारी ज्यान | ५ | ५ | ० | ० | ५ | ० |
| | | नकबजनी चोरी/डाँका | १४ | २३ | १ | २ | २० | ० |
| | | लागू औषध | ५ | ५ | ० | १ | ४ | ० |
| | | जवर्जस्ती करणी हाडनाता | २ | २ | ० | २ | ० | ० |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | आपराधिक उपद्रव/अभद्र व्यवहार | ४ | ४ | ० | ० | ४ | ० |
| | | अन्य | २ | २ | ० | ० | २ | ० |
| | | जम्मा | ५१ | ७० | ३ | १५ | ५१ | १ |
| | कास्की | बालयौन दुरुपयोग | ३ | ३ | ० | ० | ३ | ० |
| | | जवर्जस्ती करणी | १४ | १४ | ३ | ४ | ७ | ० |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | ० | ० | १ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | चोरी | २१ | २७ | ० | ९ | १८ | ० |
| | | सार्वजनिक स्थानमा अभद्र व्यवहार | १० | १७ | ० | ३ | १४ | ० |
| | | गर्भ संरक्षण सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | बाल विवाह | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | ३ | ५ | ० | ० | ५ | ० |
| | | अंगभंग सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | अप्राकृतिक मैथुन | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान सम्बन्धी कसूर | २ | २ | ० | ० | २ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | मानव बेचबिखन | १ | १ | ० | १ | ० | ० |
| | | लागूऔषध | २० | २० | ० | ६ | १४ | ० |
| | | पशुपक्षी सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | कर्तव्य ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ८२ | ९७ | ३ | २३ | ७१ | ० |
| | मनाङ्ग | मुद्दा दर्ता नभएको | | | | | | |
| | मुस्ताङ्ग | जवर्जस्ती करणी | २ | २ | २ | ० | ० | ० |
| | | जम्मा | २ | २ | २ | ० | ० | ० |
| | पर्वत | जवर्जस्ती करणी | ४ | ४ | ० | २ | २ | ० |
| | | नकबजनी चोरी | ४ | ६ | ३ | १ | १ | १ |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | सवारी ज्यान | १ | १ | १ | ० | ० | ० |
| | | लागूऔषध | २ | २ | १ | ० | १ | ० |
| | | जम्मा | १२ | १४ | ५ | ३ | ५ | १ |
| | स्याङ्जा | चोरी | ७ | ५ | ३ | १ | १ | ० |
| | | जवर्जस्ती करणी | ६ | ६ | ३ | ० | ३ | ० |
| | | लागूऔषध | ४ | ४ | ० | २ | २ | ० |
| | | ज्यान सम्बन्धी | ३ | ५ | ० | २ | ० | ३ |
| | | अन्य | ३ | ३ | १ | १ | १ | ० |
| | | जम्मा | २३ | २३ | ७ | ६ | ७ | ३ |
| | म्याग्दी | कर्तव्य ज्यान | १ | ३ | ० | ३ | ० | ० |
| | | जवर्जस्ती करणी | १० | २ | ० | २ | ० | ० |
| | | बालयौन दुरुपयोग | ३ | १ | ० | १ | ० | ० |
| | | बाल विवाह | ४ | २ | ० | १ | १ | ० |
| | | अभद्र व्यवहार | ३ | ३ | ० | ० | ३ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | आपराधिक लाभ लिएको | १ | १ | ० | ० | १ | ० |
| | | आत्महत्या दुरुत्साहन र बालविवाह | १ | १ | ० | ० | १ | ० |
| | | झुट्टा विवरण पेश गरेर नागरिकता लिएको | १ | १ | ० | ० | १ | ० |
| | | लिखित सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | पशुपक्षी सम्बन्धी कसूर | १ | १ | ० | १ | ० | ० |
| | | अप्राकृतिक मैथुन | १ | ० | ० | ० | ० | ० |
| | | सार्वजनिक हित तथा नैतिकता विरुद्द कसूर | १ | ० | ० | ० | ० | ० |
| | | विना ईजाजत काठ कटानी ओसारपोसार | १ | १ | ० | १ | ० | ० |
| | | जम्मा | २८ | १६ | ० | ९ | ७ | ० |
| | बागलुङ | जवर्जस्ती करणी | १२ | ११ | ४ | ५ | २ | ० |
| | | कर्तव्य ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | चोरी | २५ | १२ | ० | ६ | ६ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | १ | ० | ० |
| | | बाल विवाह | २ | ३ | ० | १ | २ | ० |
| | | आत्महत्या दुरुत्साहन | १ | १ | ० | ० | १ | ० |
| | | पशुपक्षी सम्बन्धी कसूर | १ | १ | ० | १ | ० | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | लागू औषध | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ४६ | ३३ | ४ | १४ | १५ | ० |
| | नवलपुर | जवर्जस्ती करणी | ५ | ६ | ० | २ | ४ | ० |
| | | सवारी ज्यान | २ | २ | ० | ० | २ | ० |
| | | लागू औषध | ७ | ९ | ० | १ | ८ | ० |
| | | चोरी | ११ | ९ | ० | ० | ९ | ० |
| | | बाल विवाह | १ | २ | ० | ० | २ | ० |
| | | हातहतियार | १ | १ | ० | १ | ० | ० |
| | | अभद्र व्यवहार | ३ | ९ | ० | १ | ८ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | २ | ० | ० | ० | २ |
| | | जम्मा | ३१ | ४० | ० | ५ | ३३ | २ |
| | | गण्डकी प्रदेशको जम्मा | २९२ | ३१४ | २६ | ७९ | २०० | ९ |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बालबालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| **लुम्बिनी प्रदेश** | अर्घाखाँची | जवर्जस्ती करणी | २ | २ | ० | १ | १ | |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | डाँका | ४ | ४ | १ | २ | १ | ० |
| | | अभद्र व्यवहार | २ | २ | ० | ० | २ | ० |
| | | चोरी | ३ | ३ | ० | २ | १ | ० |
| | | लागू औषध | २ | २ | ० | ० | २ | ० |
| | | जम्मा | १४ | १४ | १ | ५ | ८ | ० |
| | बाँके | जवर्जस्ती करणी | ९ | १० | २ | ३ | ५ | ० |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | ० | १ | ० | ० |
| | | कर्तव्य ज्यान | ३ | ९ | ० | ७ | २ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | ७ | ८ | १ | १ | ६ | ० |
| | | चोरी | १८ | १५ | ५ | ५ | ५ | ० |
| | | नकबजनी चोरी | ४ | ६ | ० | ३ | ३ | ० |
| | | डाँका | ९ | १० | २ | ४ | ४ | ० |
| | | चौपाया चोरी | १ | १ | ० | १ | ० | ० |
| | | ठगी | १ | २ | ० | ० | २ | ० |
| | | अभद्र व्यवहार | ९ | ९ | २ | ३ | ४ | ० |
| | | गौवध | १ | १ | १ | ० | ० | ० |
| | | अप्राकृतिक मैथुन | १ | १ | ० | १ | ० | ० |
| | | अपहरण, शरीर बन्धक तथा जवर्जस्ती करणी | १ | १ | ० | १ | ० | ० |
| | | लागू औषध | १० | १२ | ० | ५ | ७ | ० |
| | | औषधीको अनुचित प्रयोग | २ | २ | ० | ० | २ | ० |
| | | बालबालिका सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | आपराधिक विश्वासघात | १ | १ | ० | ० | १ | ० |
| | | बाघको ओखेटो प्रहार | २ | २ | ० | ० | २ | ० |
| | | आत्महत्या दुरुत्साहन | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ८३ | ९४ | १३ | ३५ | ४६ | ० |
| | बर्दिया | कर्तव्य ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | चोरी | ५ | ८ | ० | ५ | ३ | ० |
| | | जवर्जस्ती करणी | ८ | १० | २ | ३ | ५ | ० |
| | | सवारी ज्यान | ३ | ३ | ० | ० | ३ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | ज्यान मार्ने उद्योग | ३ | ५ | ० | १ | ४ | ० |
| | | लागू औषध | ७ | ७ | ० | १ | ६ | ० |
| | | डाँका चोरी | ९ | २४ | ११ | ८ | १ | ४ |
| | | वन सम्बन्धी | १ | २ | ० | ० | २ | ० |
| | | बाल विवाह | २ | ३ | ० | १ | २ | ० |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | आपराधिक उपद्रव | १ | १ | ० | ० | १ | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ४३ | ६७ | १३ | २० | ३० | ४ |
| | दाङ | चोरी | ३ | ५ | ० | १ | ४ | ० |
| | | जवर्जस्ती करणी समेत | ६ | ५ | ० | ० | १ | ४ |
| | | ज्यान मार्ने उद्योग | २ | २ | ० | ० | २ | ० |
| | | अन्य | ६ | १० | ० | ३ | ७ | ० |
| | | जम्मा | १७ | २२ | ० | ४ | १४ | ४ |
| | गुल्मी | जवर्जस्ती करणी | ४ | ४ | ० | १ | ३ | ० |
| | | ज्यान सम्बन्धी | २ | ५ | ० | ३ | २ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | चोरी | ९ | ९ | ० | २ | ७ | ० |
| | | बालयौन दुर्व्यवहार | ३ | ३ | १ | ० | २ | ० |
| | | जम्मा | १९ | २२ | १ | ६ | १५ | ० |
| | कपिलवस्तु | जवर्जस्ती करणी | ५ | ५ | २ | ३ | ० | ० |
| | | कर्तव्य ज्यान | २ | २ | १ | ० | १ | ० |
| | | नकबजनी चोरी | ४ | ६ | ० | ४ | २ | ० |
| | | डाँका | १ | १ | ० | १ | ० | ० |
| | | चोरी | ३ | ४ | ० | १ | ३ | ० |
| | | अभद्र व्यवहार | ३ | ३ | ० | ० | ३ | ० |
| | | राष्ट्र सेवकको काममा बाधा अवरोध | १ | १ | ० | ० | १ | ० |
| | | अपहरण तथा शरीर बन्धक बनाई जवर्जस्ती करणी | २ | ३ | ० | १ | २ | ० |
| | | सवारी ज्यान | १ | २ | ० | ० | २ | ० |
| | | नागरिकता कसूर | १ | १ | ० | ० | १ | ० |
| | | बालमैत्री कक्षबाट भागेको | १ | १ | ० | ० | १ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | बाल विवाह | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | २ | ० | ० | २ | ० |
| | | लागूऔषध | ८ | १० | ० | ३ | ७ | ० |
| | | कुटपिट अंगभंग सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ३५ | ४३ | ३ | १३ | २७ | ० |
| | नवलपरासी | लागू औषध | ५ | ६ | ० | २ | ३ | १ |
| | | बहुविवाह र बालविवाह | १ | १ | ० | १ | ० | ० |
| | | जवर्जस्ती करणी | ४ | ४ | ० | ३ | १ | ० |
| | | सवारी ज्यान | २ | २ | ० | २ | ० | ० |
| | | सवारी अंगभंग | १ | १ | ० | १ | ० | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | चोरी | ५ | ६ | २ | ३ | १ | ० |
| | | जम्मा | १९ | २१ | २ | १२ | ६ | १ |
| | पाल्पा | जवर्जस्ती करणी | ४ | ४ | २ | ० | २ | ० |
| | | चोरी | ३ | ५ | ३ | ० | २ | ० |
| | | डाँका चोरी | १ | ४ | १ | २ | १ | ० |
| | | बाल विवाह | १ | १ | १ | ० | ० | ० |
| | | कर्तव्य ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | १ | ० | ० |
| | | लागू औषध | १ | १ | ० | १ | ० | ० |
| | | आपराधिक उपद्रव | १ | ३ | ० | २ | १ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | १ | ० | ० |
| | | जम्मा | १५ | २२ | ७ | ७ | ८ | ० |
| | रुकुमकोट (पूर्व) | कर्तव्य ज्यान | १ | १ | १ | ० | ० | ० |
| | | ज्यान मार्ने उद्योग | २ | २ | ० | ० | २ | ० |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | १ | ० | ० | ० |
| | | आगो लगाएको | १ | १ | ० | ० | १ | ० |
| | | बालयौन दुरुपयोग | १ | १ | १ | ० | ० | ० |
| | | ज्यान सम्बन्धी कसूर | २ | २ | ० | ० | २ | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | जवर्जस्ती करणी | १ | १ | ० | १ | ० | ० |
| | | चोरी | १ | १ | ० | ० | १ | ० |
| | | कर्तव्य ज्यान र चोरी | १ | २ | २ | ० | ० | ० |
| | | जम्मा | १२ | १३ | ५ | १ | ७ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | प्यूठान | बाल विवाह | १ | २ | ० | १ | १ | ० |
| | | जवर्जस्ती करणी | २ | ३ | २ | १ | ० | ० |
| | | सार्वजनिक हित तथा नैतिकता विरुद्ध कसूर | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान सम्बन्धी कसूर | १ | ३ | ० | २ | १ | ० |
| | | नकबजनी चोरी | १ | १ | ० | ० | १ | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | १ | ० | ० |
| | | बालयौन दुरुपयोग | १ | १ | ० | १ | ० | ० |
| | | जम्मा | ९ | १३ | २ | ६ | ५ | ० |
| | रोल्पा | जवर्जस्ती करणी | ५ | ६ | ३ | ३ | ० | ० |
| | | ज्यान सम्बन्धी कसूर | २ | २ | ० | १ | १ | ० |
| | | अप्राकृतिक मैथुन | १ | १ | १ | ० | ० | ० |
| | | नकबजनी चोरी | १ | १ | ० | ० | १ | ० |
| | | पशुपक्षी सम्बन्धी कसूर | १ | १ | ० | १ | ० | ० |
| | | सवारी ज्यान | १ | १ | ० | १ | ० | ० |
| | | जम्मा | ११ | १२ | ४ | ६ | २ | ० |
| | रुपन्देही | जवर्जस्ती करणी | १६ | २२ | ३ | ७ | १२ | ० |
| | | जवर्जस्ती करणी उद्योग | ३ | ५ | ० | २ | ३ | ० |
| | | कर्तव्य ज्यान | ३ | ६ | १ | १ | ३ | १ |
| | | ज्यान मार्ने उद्योग | ३ | ३ | ० | १ | २ | ० |
| | | कुटपिट अंगभंग | ४ | ५ | ० | २ | ३ | ० |
| | | जवर्जस्ती करणी तथा आत्महत्या दुरुत्साहन | १ | १ | ० | ० | १ | ० |
| | | डाँका | ९ | ११ | १ | ४ | ६ | ० |
| | | नकबजनी चोरी | ३ | ४ | ० | २ | २ | ० |
| | | चोरी | १४ | १८ | १ | ४ | १३ | ० |
| | | लागू औषध | ७ | ७ | ० | ३ | ४ | ० |
| | | अप्राकृतिक मैथुन | १ | १ | ० | ० | १ | ० |
| | | अन्य | ७ | ८ | ० | १ | ६ | १ |
| | | जम्मा | ७१ | ९१ | ६ | २७ | ५६ | २ |
| | | लुम्बिनी प्रदेशको जम्मा | ३४८ | ४३४ | ५७ | १४२ | २२४ | ११ |
| **कर्णाली प्रदेश** | रुकुम | जवर्जस्ती करणी | ३ | ३ | ० | ३ | ० | ० |
| | | सार्वजनिक हित विरुद्धको कसूर | ८ | ९ | २ | ४ | ० | ३ |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | चोरी | ४ | ५ | १ | २ | ० | २ |
| | | कर्तव्य ज्यान | २ | २ | ० | २ | ० | ० |
| | | अन्य | ७ | ७ | २ | २ | २ | १ |
| | | जम्मा | २४ | २६ | ५ | १३ | २ | ६ |
| | सल्यान | जवर्जस्ती करणी | ११ | ११ | ० | ५ | ६ | ० |
| | | चोरी | ६ | १४ | ० | ९ | ५ | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | अपमानजनक वा अमानवीय व्यवहार | १ | ३ | ० | ० | ३ | ० |
| | | ज्यान सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | अवैध हतियार | १ | १ | ० | १ | ० | ० |
| | | जम्मा | २२ | ३२ | ० | १५ | १७ | ० |
| | डोल्पा | मुद्दा दर्ता नभएको | ० | ० | ० | ० | ० | |
| | जुम्ला | जवर्जस्ती करणी उद्योग | ९ | ११ | ० | १ | १० | ० |
| | | लागू औषध | ४ | ६ | ० | ० | ६ | ० |
| | | चोरी | ७ | १३ | १ | ५ | ७ | ० |
| | | अभद्र व्यवहार | ४ | ६ | ० | १ | ५ | ० |
| | | ज्यान मार्ने उद्योग | ३ | ४ | ० | २ | २ | ० |
| | | जम्मा | २७ | ४० | १ | ९ | ३० | ० |
| | मुगु | जवर्जस्ती करणी | २ | २ | १ | १ | ० | ० |
| | | ज्यान मार्ने उद्योग | २ | ५ | ० | ५ | ० | ० |
| | | अबैध रुपमा बन्यजन्तुको चोरी सिकार | २ | ३ | १ | २ | ० | ० |
| | | लागू औषध | १ | १ | १ | ० | ० | ० |
| | | जम्मा | ७ | ११ | ३ | ८ | ० | ० |
| | हुम्ला | जवर्जस्ती करणी | १ | १ | ० | १ | ० | ० |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | ० | १ | ० | ० |
| | | ज्यान मार्ने उद्योग | १ | २ | ० | १ | १ | ० |
| | | अपहरण तथा शरीर बन्धक | १ | १ | ० | ० | १ | ० |
| | | नकबजनी चोरी | १ | १ | ० | १ | ० | ० |
| | | चोरी | २ | २ | १ | १ | ० | ० |
| | | बाल विवाह | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ८ | ९ | १ | ५ | ३ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | कालिकोट | मुद्रा सम्बन्धी कसूर (खोटा चलन) | १ | १ | ० | ० | १ | ० |
| | | जवर्जस्ती करणी | १९ | २६ | ७ | १२ | ७ | ० |
| | | लागू औषध | २ | २ | ० | १ | १ | ० |
| | | जवर्जस्ती करणी उद्योग | ४ | ९ | १ | २ | ६ | ० |
| | | डाँका | १ | १ | ० | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | बाल विवाह | ४ | ५ | १ | ३ | १ | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | कुटपिट | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ३४ | ४७ | ९ | १९ | १९ | ० |
| | जाजरकोट | कर्तव्य ज्यान | २ | ३ | २ | ० | १ | ० |
| | | ज्यान मार्ने उद्योग | १ | १ | ० | १ | ० | ० |
| | | नकबजनी चोरी | १ | १ | ० | ० | १ | ० |
| | | जवर्जस्ती करणी | २ | २ | ० | १ | १ | ० |
| | | बाल विवाह/ बहुविवाह | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ७ | ८ | २ | २ | ४ | ० |
| | दैलेख | जवर्जस्ती करणी | ५ | ६ | २ | २ | २ | ० |
| | | कर्तव्य ज्यान | २ | २ | ० | २ | ० | ० |
| | | ज्यान मार्ने उद्योग | २ | २ | ० | ० | १ | ० |
| | | आत्महत्या दुरुत्साहन | १ | १ | ० | ० | १ | ० |
| | | हाडनातामा जवर्जस्ती करणी | १ | १ | १ | ० | ० | ० |
| | | अभद्र व्यवहार | २ | २ | ० | ० | २ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | डाँका | ५ | २ | ० | ० | २ | ० |
| | | आपराधिक उपद्रव | ३ | २ | ० | २ | ० | ० |
| | | अर्काको नाममा परीक्षा दिएको | १ | १ | ० | ० | १ | ० |
| | | बाल विवाह | ८ | १४ | ० | ० | १४ | ० |
| | | जम्मा | ३१ | ३४ | ३ | ६ | २५ | ० |
| | सुर्खेत | डाँका | ५ | १० | ० | ७ | ३ | ० |
| | | नकबजनी चोरी | ४ | ४ | ० | १ | ३ | ० |
| | | चोरी | ८ | ८ | ० | ५ | ३ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | जवर्जस्ती तथा हाडनाता | १४ | ९ | १ | २ | ६ | ० |
| | | जवर्जस्ती करणी उद्योग | १ | १ | ० | ० | १ | ० |
| | | अभद्र व्यवहार | ७ | ११ | १ | २ | ८ | ० |
| | | लागू औषध | ६ | ६ | ० | ० | ६ | ० |
| | | ज्यान मार्ने उद्योग | २ | ८ | १ | १ | ६ | ० |
| | | सवारी ज्यान | ३ | ३ | ० | ० | ३ | ० |
| | | बालविवाह | ५ | ५ | १ | १ | ३ | ० |
| | | कुटपिटबाट अंगभंग | १ | ३ | १ | १ | १ | ० |
| | | हातहतियार तथा खरखजाना | १ | २ | ० | १ | १ | ० |
| | | वन पैदावर ओसार पसार | २ | २ | १ | ० | १ | ० |
| | | जम्मा | ५९ | ७२ | ६ | २१ | ४५ | ० |
| | | कर्णाली प्रदेशको जम्मा | २१९ | २७९ | ३० | ९८ | १४५ | ६ |
| **सुदूरपश्चिम प्रदेश** | बाजुरा | जवर्जस्ती करणी | ४ | ४ | १ | २ | १ | ० |
| | | अभद्र व्यवहार | ४ | १२ | १ | ५ | ६ | ० |
| | | आत्महत्या दुरुत्साहन | १ | १ | ० | ० | ० | १ |
| | | कुटपिट | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | १० | १८ | २ | ७ | ८ | १ |
| | बझाङ | जवर्जस्ती करणी | १२ | १५ | २ | ८ | ५ | ० |
| | | बाल विवाह | १ | २ | ० | १ | १ | ० |
| | | लिखत किर्ते | १ | १ | १ | ० | ० | ० |
| | | कर्तव्य ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | १५ | १९ | ३ | ९ | ७ | ० |
| | डोटी | जवर्जस्ती करणी | २ | २ | ० | १ | १ | ० |
| | | जवर्जस्ती करणी उद्योग | २ | २ | १ | १ | ० | ० |
| | | अपहरण तथा शरीर बन्धक | १ | १ | ० | १ | ० | ० |
| | | बालयौन दुरुपयोग | २ | २ | २ | ० | ० | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ८ | ८ | ३ | ३ | २ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | अछाम | जवर्जस्ती करणी उद्योग | २ | २ | ० | ० | २ | ० |
| | | कर्तव्य ज्यान | १ | ४ | १ | २ | १ | ० |
| | | डाँका | ६ | ७ | ० | २ | ५ | ० |
| | | नकबजनी चोरी | २ | ३ | १ | १ | १ | ० |
| | | बाल यौन दुर्व्यवहार | १ | १ | १ | ० | ० | ० |
| | | ठगी | १ | १ | ० | ० | १ | ० |
| | | सवारी ज्यान | १ | १ | ० | ० | १ | ० |
| | | जवर्जस्ती करणीको मतियार | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | १५ | २० | ३ | ५ | १२ | ० |
| | दार्चुला | ज्यान मार्ने उद्योग | २ | ५ | ० | ० | ५ | ० |
| | | बाल विवाह/ बहु विवाह | २ | २ | ० | ० | २ | ० |
| | | चोरी | २ | २ | ० | १ | १ | ० |
| | | आत्महत्या दुरुत्साहन | १ | १ | ० | ० | १ | ० |
| | | अभद्र व्यवहार | १ | १ | ० | १ | ० | ० |
| | | अवैध बन्य जन्तुको सिकार | १ | ९ | ० | ८ | १ | ० |
| | | जवर्जस्ती करणी | १ | १ | १ | ० | ० | ० |
| | | जम्मा | १० | २१ | १ | १० | १० | ० |
| | बैतडी | जवर्जस्ती करणी | २ | २ | ० | १ | १ | ० |
| | | बालविवाह | १ | १ | ० | ० | १ | ० |
| | | जम्मा | ३ | ३ | ० | १ | २ | ० |
| | डडेल्धुरा | जवर्जस्ती करणी | ९ | ९ | २ | ५ | २ | ० |
| | | कर्तव्य ज्यान | १ | १ | ० | १ | ० | ० |
| | | बालयौन दुरुपयोग | ३ | ३ | १ | १ | १ | ० |
| | | नावालक छोरी जिम्मा | १ | १ | १ | ० | ० | ० |
| | | जम्मा | १४ | १४ | ४ | ७ | ३ | ० |
| | कंचनपुर | करणी सम्बन्धी कसूर | ११ | १९ | ० | ८ | ११ | ० |
| | | ज्यान सम्बन्धी कसूर | ५ | १५ | ० | ३ | १२ | ० |
| | | चोरी सम्बन्धी कसूर | १३ | १५ | ० | ६ | ९ | ० |
| | | सवारी ज्यान | ४ | ६ | १ | ३ | २ | ० |
| | | लागू औषध | १२ | १५ | ० | ४ | ११ | ० |

| | जिल्ला अदालत | मुद्दाको किसिम | मुद्दाको संख्या | आरोपित बाल-बालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | बिवाह सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | अंगभंग | १ | १ | ० | ० | १ | ० |
| | | अभद्र व्यवहार | १ | २ | ० | १ | १ | ० |
| | | आपराधिक उपद्रव सम्बन्धी कसूर | २ | ४ | ० | १ | ३ | ० |
| | | अपहरण शरीर बन्धक र जवर्जस्ती करणी | १ | २ | ० | ० | २ | ० |
| | | जम्मा | ५१ | ८० | १ | २६ | ५३ | ० |
| | कैलाली | जवर्जस्ती करणी | १३ | १८ | ३ | ५ | १० | ० |
| | | सार्वजनिक हित विरुद्धको कसूर | २ | ६ | ० | ० | ६ | ० |
| | | मुद्रा सम्बन्धी कसूर | १ | १ | ० | ० | १ | ० |
| | | मानव बेचविखन तथा ओसार पसार | २ | २ | ० | ० | २ | ० |
| | | ज्यान मार्ने उद्योग | १० | १३ | ० | ७ | ६ | ० |
| | | सवारी ज्यान | ५ | ५ | ० | ० | ५ | ० |
| | | कर्तव्य ज्यान | ३ | ४ | १ | १ | २ | ० |
| | | चोरी | २६ | ४० | ० | ४ | ३६ | ० |
| | | नकबजनी चोरी | १२ | १३ | १ | ५ | ७ | ० |
| | | डाँका | २ | २ | ० | ० | २ | ० |
| | | अपहरण | १ | १ | १ | ० | ० | ० |
| | | हाडनाता जवर्जस्ती करणी | १ | १ | ० | ० | १ | ० |
| | | आत्महत्या दुरुत्साहन | ३ | ३ | ० | ० | ३ | ० |
| | | बालविवाह | १ | १ | ० | ० | ० | १ |
| | | जवर्जस्ती करणी उद्योग | २ | २ | ० | ० | २ | ० |
| | | अवैध रुपमा बन्यजन्तु ओसारपसार | १ | १ | ० | ० | १ | ० |
| | | सवारी अंगभंग | १ | १ | ० | ० | १ | ० |
| | | लागूऔषध | २५ | २८ | ० | ३ | २५ | ० |
| | | विना ईजाजत वनपैदावर चोरी निकासी | १ | २ | ० | ० | २ | ० |
| | | जम्मा | ११२ | १४४ | ७ | २५ | १११ | १ |
| | | सुदूरपश्चिचम प्रदेशको जम्मा | २३८ | ३२७ | २४ | ९३ | २०८ | २ |
| | | **कूल जम्मा** | **२९८४** | **३५८०** | **२८७** | **१०७४** | **२०८७** | **१३२** |

आर्थिक वर्ष २०७९/२०८० मा विभिन्न जिल्ला अदालतहरुमा जम्मा २९८४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएकोमा आरोपित बालबालिकाहरुको संख्या जम्मा ३५८० रहेको देखिन्छ । जसमध्ये १४ वर्ष मुनिका २८७ जना, १४ देखि १६ वर्ष मुनिका १०७४ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका २०८७ जना रहेका छन् भने १३२ जनाको उमेरको विवरण खुल्न सकेको छैन । उल्लेखित मुद्दाका किसिमलाई देहाय बमोजिम १२ समुहमा वर्गीकरण गरिएको छः-

| क्र. सं. | मुद्दाको किसिम | मुद्दा संख्या | बालबालिकाको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष | उमेर नखुलेको |
|---|---|---|---|---|---|---|---|
| १ | करणी सम्बन्धी | ७६० | ८२५ | ११८ | २६८ | ३८४ | ५५ |
| २ | चोरी तथा डाँका | ७५६ | ९६२ | ७९ | ३२० | ५३५ | २८ |
| ३ | लागू औषध | ३६२ | ३९६ | ९ | १०८ | २७७ | २ |
| ४ | ज्यान सम्बन्धी | ३४९ | ४५७ | २३ | १४६ | २७२ | १६ |
| ५ | आपराधिक उपद्रोह / अभद्र व्यवहार | २१३ | ३११ | १९ | ८० | २०९ | ३ |
| ६ | सवारी ज्यान | १४१ | १५० | ७ | ३० | १०७ | ६ |
| ७ | विवाह | १०० | ११५ | ६ | ३० | ७५ | ४ |
| ८ | कुटपिट | ५० | ६१ | ३ | १९ | ३७ | २ |
| ९ | आर्थिक | ३० | ३२ | ० | ३ | २९ | ० |
| १० | वन | २६ | ३८ | ४ | १६ | १८ | ० |
| ११ | अपहरण, शरीर बन्धक तथा मानव बेचविखन र ओसार पसार | २४ | ३१ | २ | ६ | २१ | २ |
| १२ | विविध | १७३ | २०२ | १७ | ४८ | १२३ | १४ |
| | **जम्मा** | **२९८४** | **३५८०** | **२८७** | **१०७४** | **२०८७** | **१३२** |

आर्थिक वर्ष २०७९/२०८० मा विभिन्न जिल्ला अदालतहरुमा जम्मा २९८४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु दर्ता भएकोमा प्रमुख मुद्दाहरु क्रमशः करणी सम्बन्धी कसूर जम्मा ७६० थान, चोरी सम्बन्धी कसूर जम्मा ७५६ थान, लागु औषध सम्बन्धी कसूर जम्मा ३६२ थान, ज्यान सम्बन्धी कसूर जम्मा ३४९ थान, आपराधिक उपद्रोह तथा अभद्र व्यबहार सम्बन्धी कसूर जम्मा २१३ थान, सवारी ज्यान सम्बन्धी कसूर जम्मा १४१ थान, विवाह सम्बन्धी कसूर जम्मा १०० थान, कुटपिट सम्बन्धी कसूर जम्मा ५० थान, आर्थिक सम्बन्धी कसूर जम्मा ३० थान, वन सम्बन्धी कसूर जम्मा २६ थान, अपहरण, शरीर बन्धक तथा मानव बेचविखन

र ओसारपसार सम्बन्धी कसूर जम्मा २४ थान रहेका छन् भने १७३ थान विविध किसिमका मुद्दाहरु रहेका छन् ।

यसैगरी आरोपित बालबालिकाहरुको संख्या जम्मा ३५८० रहेकामा सबैभन्दा बढी क्रमशः चोरी तथा डाँका सम्बन्धी कसूरमा जम्मा ९६२ जना, करणी सम्बन्धी कसूरमा जम्मा ८२५ जना, ज्यान सम्बन्धी कसूरमा जम्मा ४५७ जना, लागु औषध सम्बन्धी कसूरमा जम्मा ३९६ जना, आपराधिक उपद्रोह तथा अभद्र व्यबहार सम्बन्धी कसूरमा जम्मा ३११ जना, सवारी ज्यान सम्बन्धी कसूरमा जम्मा १५० जना, विवाह सम्बन्धी कसूरमा जम्मा ११५ जना, कुटपिट सम्बन्धी कसूरमा ६१ जना, वन सम्बन्धी कसूरमा जम्मा ३८ जना, आर्थिक सम्बन्धी कसूरमा जम्मा ३२ जना, अपहरण, शरीर बन्धक तथा मानव बेचविखन ओसारपसार सम्बन्धी कसूरमा जम्मा ३१ जना रहेका छन् भने विविध मुद्दाहरुमा जम्मा २०२ जना संलग्न रहेको देखिन्छ ।

# परिच्छेद ४

आर्थिक वर्ष २०७९/२०८० मा नेपालमा सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहहरुबाट यस सचिवालयलाई प्राप्त हुन आएको कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाहरुको विवरणको आधारमा तथ्याङ्कहरुको वर्गीकरण र विश्लेषण गरी यस परिच्छेदमा देहाय बमोजिमको विवरण प्रस्तुत गरिएको छ ।

## ४.१. बाल सुधार गृहमा रहेका बालबालिका तथा किशोर किशोरीको विवरण

| क्र. सं | बाल सुधार गृह | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | डोटी | ५० | ० | ३ | १८ | २९ |
| २ | पर्सा | १२९ | ३ | १८ | ८७ | २१ |
| ३ | रुपन्देही | ७८ | ० | ८ | ४४ | २६ |
| ४ | मकवानपुर | ६० | १ | ९ | ३८ | १२ |
| ५ | बाँके | २३४ | ३ | १७ | १३४ | ८० |
| ६ | मोरङ | २२४ | ० | २७ | १०४ | ९३ |
| ७ | कास्की | ९० | १ | १३ | ४२ | ३४ |
| ८ | भक्तपुर | २३४ | ३ | १७ | १४० | ७४ |
| | | (१९५ बालक, ३९ बालिका) | (२ बालक, १ बालिका) | (१५ बालक, २ बालिका) | (११८ बालक, २२ बालिका) | (६१ किशोर, १३ किशोरी) |
| **जम्मा** | | **१०९९** | **११** | **११२** | **६०७** | **३६९** |

आर्थिक वर्ष २०७९/२०८० मा नेपालमा सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहहरु (डोटी, पर्सा, रुपन्देही, मकवानपुर, बाँके, मोरङ, कास्की र भक्तपुर) मा जम्मा १०९९ जना कसूरजन्य कार्यको आरोप लागेका बालबालिका तथा किशोर किशोरी रहेको देखिन्छ । जसमध्ये बालक तथा किशार १०६० जना र बालिका तथा किशोरी ३९ जना रहेका छन् । १४ वर्ष मुनिका ११ जना बालबालिकाहरु मध्ये बालक १० जना र बालिका १ जना, १४ देखि १६ वर्ष मुनिका ११२ जना बालबालिकाहरु मध्ये बालक ११० जना र बालिका २ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका ६०७

जना बालबालिकाहरु मध्ये बालक ११८ जना र बालिका २२ जना रहेका छन् भने १८ वर्ष माथिका जम्मा ३६९ जना किशोर किशोरी रहेको मध्ये किशोर ६१ जना र किशोरी १३ जना रहेको देखिन्छ ।

देहायका तालिकाहरुमा प्रत्येक बाल सुधार गृहमा रहेका बालबालिका तथा किशोर किशोरीहरुको संख्या, उमेर तथा मुद्दाको किसिम सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

### ४.१.१.बाल सुधार गृह डोटी

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | जवर्जस्ती करणी | २७ | ० | ३ | ११ | १३ |
| २ | कर्तब्य ज्यान | ११ | ० | ० | २ | ९ |
| ३ | जवर्जस्ती करणी, ज्यान मारेको र डाँका सम्बन्धी कसूर | १ | ० | ० | ० | १ |
| ४ | जवर्जस्ती करणी तथा अपहरण | १ | ० | ० | ० | १ |
| ५ | अपहरणा , शरीर बन्धक तथा जवर्जस्ती करणी | २ | ० | ० | १ | १ |
| ६ | जवर्जस्ती करणी गरी ज्यान मारेको | १ | ० | ० | १ | ० |
| ७ | मानव बेचविखन ओसारपसार र जवर्जस्ती करणी | १ | ० | ० | ० | १ |
| ८ | जवर्जस्ती करणी र हाडनाता करणी | १ | ० | ० | ० | १ |
| ९ | अप्राकृतिक मैथुन | १ | ० | ० | ० | १ |
| १० | कर्तब्य ज्यान र कर्तब्य ज्यानको मतियार | २ | ० | ० | १ | १ |
| ११ | डाका चोरी | १ | ० | ० | १ | ० |
| १२ | करणी पश्चात ज्यान मारेको | १ | ० | ० | १ | ० |
|  | जम्मा | ५० | ० | ३ | १८ | २९ |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह डोटीमा जम्मा ५० जना कसूरजन्य कार्यको आरोप लागेका बालक तथा किशोर रहेको देखिन्छ । जसमध्ये १४ देखि १६ वर्ष मुनिका ३ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका १८ जना बालक र १८ वर्ष माथिका २९ जना किशोरहरु रहेका छन् ।

### ४.१.२.बाल सुधार गृह पर्सा

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | जवर्जस्ती करणी | ३८ | १ | ० | २७ | १० |
| २ | जवर्जस्ती करणी उधोग | ३ | ० | १ | १ | १ |
| ३ | मानव बेचबिखन तथा ओसार पसार | १ | ० | ० | १ | ० |
| ४ | अपहरण, शरीर बन्धक तथा जवर्जस्ती करणी | १ | ० | ० | ० | १ |
| ५ | कर्तव्य ज्यान | ८ | ० | १ | ६ | १ |
| ६ | हातहतियार तथा खरखजाना | १ | ० | ० | १ | ० |
| ७ | जवर्जस्ती करणी गरी ज्यान सम्बन्धी कसूर | १ | ० | ० | ० | १ |
| ८ | लागू औषध | २२ | | ६ | १२ | ४ |
| ९ | सवारी ज्यान | ६ | ० | ० | ६ | ० |
| १० | अपहरण तथा शरीर बन्धक | ६ | ० | ० | ६ | ० |
| ११ | सवारी अंगभंग | २ | ० | ० | २ | ० |
| १२ | अभद्र व्यवहार | १ | ० | ० | १ | ० |
| १३ | नकवजनी चोरी | ६ | ० | १ | ५ | ० |
| १४ | ज्यान मार्ने उधोग | २ | ० | १ | १ | ० |
| १५ | कर्तव्य ज्यान/ज्यान मार्ने उधोग | २ | ० | ० | २ | ० |
| १६ | सवारी ज्यान र सवारी अंगभंग | १ | ० | ० | १ | ० |
| १७ | जवर्जस्ती करणी गरी कर्तव्य गरी ज्यान मारेको | १ | ० | ० | ० | १ |
| १८ | बाल विवाह र जवर्जस्ती करणी | १ | ० | ० | १ | ० |
| १९ | सामुहिक जवर्जस्ती करणी | १ | ० | ० | १ | ० |
| २० | जवर्जस्ती करणी गरी ज्यान मारेको | २ | ० | ० | २ | ० |
| २१ | अपहरण तथा शरीर बन्धक र जवर्जस्ती करणी | २ | ० | ० | २ | ० |
| २२ | डाँका | ३ | ० | ३ | ० | ० |
| २३ | बाल विवाह | १ | ० | ० | १ | ० |

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| २४ | अप्राकृतिक मैथुन | ३ | ० | २ | १ | ० |
| २५ | चोरी | ३ | ० | ० | ३ | ० |
| २६ | हाडनाता जवर्जस्ती करणी | १ | ० | ० | १ | ० |
| २७ | अपहरण तथा शरीर बन्धक बनाई जवर्जस्ती करणी | १ | ० | ० | ० | १ |
| २८ | सवारी अंगभंग तथा क्षतिपुर्ति | २ | ० | ० | २ | ० |
| २९ | चोरी तथा डाँका | १ | १ | ० | ० | ० |
| ३० | चोरी डाँका | ३ | १ | २ | ० | ० |
| ३१ | जवर्जस्ती करणी र अपहरण सम्बन्धी कसूर | १ | ० | ० | १ | ० |
| ३२ | व्यक्ति वेपता | १ | ० | ० | ० | १ |
| ३३ | अपहरण र जवरजस्ती करणी | १ | ० | १ | ० | ० |
| | **जम्मा** | **१२९** | **३** | **१८** | **८७** | **२१** |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह पर्सामा जम्मा १२९ जना कसूरजन्य कार्यको आरोप लागेका बालक तथा किशोर रहेको देखिन्छ। जसमध्ये १४ वर्ष मुनिका ३ जना, १४ देखि १६ वर्ष मुनिका १८ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका ८७ जना बालक र १८ वर्ष माथिका २१ जना किशोरहरु रहेका छन् ।

### ४.१.३.बाल सुधार गृह रुपन्देही

| क्र. सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | जवर्जस्ती करणी | ४६ | ० | ६ | २२ | १८ |
| २ | कर्तव्य ज्यान | ७ | ० | ० | ६ | १ |
| ३ | डाँका | ४ | ० | ० | २ | २ |
| ४ | लागू औषध | ४ | ० | ० | ३ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सवारी ज्यान | ७ | ० | ० | ६ | १ |
| ६ | साधारण चोरी | ४ | ० | ० | २ | २ |
| ७ | नकबजनी चोरी | २ | ० | १ | १ | ० |
| ८ | ज्यान मार्ने उद्योग | ३ | ० | १ | २ | ० |
| ९ | बाल यौन दुरुपयोग | १ | ० | ० | ० | १ |
| | **जम्मा** | **७८** | **०** | **८** | **४४** | **२६** |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह रुपन्देहीमा जम्मा ७८ जना कसूरजन्य कार्यको आरोप लागेका बालक तथा किशोर रहेको देखिन्छ। जसमध्ये १४ देखि १६ वर्ष मुनिका ८ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका ४४ जना बालक र १८ वर्ष माथिका २६ जना किशोरहरु रहेका छन्।

### ४.१.४.बाल सुधार गृह मकवानपुर

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | जवर्जस्ती करणी | ३९ | १ | ५ | २५ | ८ |
| २ | कर्तव्य ज्यान | १ | ० | ० | ० | १ |
| ३ | अप्राकृतिक मैथुन | १ | ० | ० | ० | १ |
| ४ | डाँका | ४ | ० | १ | १ | २ |
| ५ | नकबजनी चोरी | ६ | ० | १ | ५ | ० |
| ६ | लागू औषध | ७ | ० | १ | ६ | ० |
| ७ | सवारीबाट कर्तव्य ज्यान | २ | ० | १ | १ | ० |
| | **जम्मा** | **६०** | **१** | **९** | **३८** | **१२** |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह मकवानपुरमा जम्मा ६० जना कसूरजन्य कार्यको आरोप लागेका बालक तथा किशोर रहेको देखिन्छ। जसमध्ये १४ वर्ष मुनिका १ जना, १४ देखि १६ वर्ष मुनिका ९ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका ३८ जना बालक र १८ वर्ष माथिका १२ जना किशोरहरु रहेका छन्।

### ४.१.५.बाल सुधार गृह बाँके

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | कर्तव्य ज्यान | ४१ | २ | ० | १८ | २१ |
| २ | जवर्जस्ती करणी | १२४ | १ | १० | ७० | ४३ |
| ३ | लागू औषध | २२ | ० | १ | १३ | ८ |
| ४ | मानव बेचबिखन | ३ | ० | ० | २ | १ |
| ५ | डाँका | १४ | ० | ० | १० | ४ |
| ६ | अपहरण | २ | ० | ० | ० | २ |
| ७ | नकबजनी चोरी | १३ | ० | ३ | १० | ० |
| ८ | ज्यान मार्ने उद्योग | ३ | ० | ० | ३ | ० |
| ९ | आपराधिक उपद्रव | १ | ० | १ | ० | ० |
| १० | बाल विवाह | २ | ० | १ | १ | ० |
| ११ | छुवाछुत वा भेदभाव | १ | ० | १ | ० | ० |
| १२ | सवारी ज्यान | ३ | ० | ० | ३ | ० |
| १३ | सवारीबाट अंगभंग | १ | ० | ० | १ | ० |
| १४ | आपराधिक लाभ (एक्सटर्सन) | १ | ० | ० | १ | ० |
| १५ | विद्युतीय कारावार | १ | ० | ० | ० | १ |
| १६ | नखुलेको | २ | ० | ० | २ | ० |
| | **जम्मा** | **२३४** | **३** | **१७** | **१३४** | **८०** |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह बाँकेमा जम्मा २३४ जना कसूरजन्य कार्यको आरोप लागेका बालक तथा किशोर रहेको देखिन्छ। जसमध्ये १४ वर्ष मुनिका ३ जना, १४ देखि १६ वर्ष मुनिका १७ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका १३४ जना बालक र १८ वर्ष माथिका ८० जना किशोरहरु रहेका छन् ।

### ४.१.६. बाल सुधार गृह मोरङ

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | कर्तव्य ज्यान | ३३ | ० | ० | १० | २३ |
| २ | जबर्जस्ती करणी | १२५ | ० | १३ | ५६ | ५६ |
| ३ | अप्राकृतिक मैथुन | ११ | ० | ० | ७ | ४ |
| ४ | बाल विवाह | १ | ० | ० | ० | १ |
| ५ | लागू औषध | १६ | ० | ० | ११ | ५ |
| ६ | सवारीबाट कर्तव्य ज्यान | ५ | ० | १ | ४ | ० |
| ७ | नकबजनी  चोरी | ५ | ० | १ | ३ | १ |
| ८ | डाँका | ५ | ० | ० | ४ | १ |
| ९ | जवर्जस्ती करणी उद्योग | ६ | | २ | ३ | १ |
| १० | अपहरण | २ | ० | ० | २ | ० |
| ११ | साधारण चोरी | ४ | ० | ० | ३ | १ |
| १२ | ज्यान मार्ने उद्योग | ५ | ० | ५ | ० | ० |
| १३ | अन्य | २ | ० | २ | ० | ० |
| १४ | सवारीबाट अंगभंग | २ | ० | १ | १ | ० |
| १५ | आत्महत्या गर्न दुरुत्साहन गर्ने | १ | ० | १ | ० | ० |
| १६ | बाल यौन दुरुपयोग | १ | ० | १ | | ० |
| | **जम्मा** | **२२४** | **०** | **२७** | **१०४** | **९३** |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह मोरङमा जम्मा २२४ जना कसूरजन्य कार्यको आरोप लागेका बालक तथा किशोर रहेको देखिन्छ। जसमध्ये १४ देखि १६ वर्ष मुनिका २७ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका १०४ जना बालक र १८ वर्ष माथिका ९३ जना किशोरहरु रहेका छन्।

### ४.१.७. बाल सुधार गृह कास्की

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | जवर्जस्ती करणी | ५९ | १ | ७ | २६ | २५ |
| २ | कर्तब्य ज्यान र जवर्जस्ती करणी | १ | ० | ० | ० | १ |
| ३ | लागू औषध | ६ | ० | २ | ३ | १ |
| ४ | ज्यान मार्ने उद्योग | २ | ० | ० | २ | ० |
| ५ | नकबजनी चोरी | ११ | ० | ३ | ७ | १ |
| ६ | डाँका चोरी | १ | ० | ० | १ | ० |
| ७ | कर्तब्य ज्यान | ७ | ० | १ | ० | ६ |
| ८ | अभद्र व्यबहार | १ | ० | ० | १ | ० |
| ९ | हाडनातामा सामुहिक जवर्जस्ती करणी | २ | ० | ० | २ | ० |
| **जम्मा** | | ९० | १ | १३ | ४२ | ३४ |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह कास्कीमा जम्मा ९० जना कसूरजन्य कार्यको आरोप लागेका बालक तथा किशोर रहेको देखिन्छ। जसमध्ये १४ वर्ष मुनिका १ जना, १४ देखि १६ वर्ष मुनिका १३ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका ४२ जना बालक र १८ वर्ष माथिका ३४ जना किशोरहरु रहेका छन् ।

## ४.१.८. बाल सुधार गृह भक्तपुर

| क्र.सं | मुद्दाको किसिम | आरोपित बालबालिका तथा किशोर किशोरीको संख्या | | | १४ वर्ष मुनि | | | १४ वर्ष देखि १६ वर्ष मुनि | | | १६ वर्ष देखि १८ वर्ष सम्म | | | १८ वर्ष माथि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| १ | कर्तव्य ज्यान | ४१ | १८ | २३ | २ | २ | ० | ० | ० | ० | १८ | १० | ८ | २१ | ११ | १० |
| २ | जबर्जस्ती करणी | १२४ | १२२ | २ | १ | ० | १ | १० | ० | १० | ७० | १ | ६९ | ४३ | १ | ४२ |
| ३ | लागू औषध | २२ | २० | २ | ० | ० | ० | १ | ० | १ | १३ | १ | १२ | ८ | १ | ७ |
| ४ | मानव किनबेच | ३ | ० | ३ | ० | ० | ० | १ | १ | ० | २ | २ | ० | ० | ० | ० |
| ५ | डाँका | १४ | १२ | २ | ० | ० | ० | ० | ० | ० | १४ | २ | १२ | ० | ० | ० |
| ६ | अपहरण | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ |
| ७ | नकबजनी चोरी | १३ | १२ | १ | ० | ० | ० | ३ | ० | ३ | १० | १ | ९ | ० | ० | ० |
| ८ | ज्यान मार्ने उद्योग | ३ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ० | ० | ० |
| ९ | आपराधिक उपद्रव | १ | १ | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| १० | बाल विवाह | २ | ० | २ | ० | ० | ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० |
| ११ | छुवाछूत वा भेदभाव गर्ने | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० |
| १२ | सवारीबाट कर्तव्य ज्यान | ३ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ० | ० | ० |
| १३ | सवारीबाट अंगभंग | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० |
| १४ | आपराधिक लाभ (एक्सटर्सन) | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| १५ | विद्युतीय कारावार | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| १६ | चोरी | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| १७ | सवारी ज्यान | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| **जम्मा** | | **२३४** | **१९५** | **३९** | **३** | **२** | **१** | **१७** | **२** | **१५** | **१४०** | **२२** | **११८** | **७४** | **१३** | **६१** |

आर्थिक वर्ष २०७९/२०८० मा बाल सुधार गृह भक्तपुरमा जम्मा २३४ जना कसूरजन्य कार्यको आरोप लागेका बालबालिका तथा किशोर किशोरी रहेको देखिन्छ । जसमध्ये १४ वर्ष मुनिका ३ जना, १४ देखि १६ वर्ष मुनिका १७ जना, १६ वर्ष देखि १८ वर्ष मुनिका १४० जना बालबालिका र १८ वर्ष माथिका ७४ जना किशोर किशोरीहरु रहेका छन् ।

### ४.२. बाल सुधार गृहमा रहेका बालबालिका र किशोर किशोरीको मुद्दागत विवरण

| क्र. सं. | मुद्दाको किसिम | बालबालिका तथा किशोर किशोरीको संख्या | १४ वर्ष मुनि | १४ वर्ष देखि १६ वर्ष मुनि | १६ वर्ष देखि १८ वर्ष मुनि | १८ वर्ष माथि |
|---|---|---|---|---|---|---|
| १ | करणी सम्बन्धी | ६३३ | ५ | ६१ | ३३२ | २३५ |
| २ | ज्यान सम्बन्धी | १७२ | ४ | १० | ७४ | ८४ |
| ३ | चोरी तथा डाँका | ११८ | २ | १९ | ८३ | १४ |
| ४ | लागू औषध | ९९ | ० | ११ | ६१ | २७ |
| ५ | सवारी ज्यान | ३६ | ० | ३ | ३२ | १ |
| ६ | अपहरण तथा मानव बेचविखन | २० | ० | १ | १३ | ६ |
| ७ | बालविवाह | ६ | ० | २ | ३ | १ |
| ८ | आपराधिक उपद्रोह / अभद्र व्यवहार | ४ | ० | २ | २ | ० |
| ९ | विद्युतीय कारावार | २ | ० | ० | १ | १ |
| १० | आपराधिक लाभ (एक्सटर्सन) | २ | ० | ० | २ | ० |
| ११ | छुवाछूत वा भेदभाव गर्ने | २ | ० | १ | १ | ० |
| १२ | हातहतियार तथा खरखजाना | १ | ० | ० | १ | ० |
| १३ | विविध | ४ | ० | २ | २ | ० |
| | **जम्मा** | **१०९९** | **११** | **११२** | **६०७** | **३६९** |

आर्थिक वर्ष २०७९/२०८० मा नेपालमा संचालनमा रहेका ८ वटा बाल सुधार गृहहरु (डोटी, पर्सा, रुपन्देही, मकवानपुर, बाँके, मोरङ, कास्की र भक्तपुर) मा रहेका जम्मा १०९९ जना बालबालिका तथा किशोर किशोरी विभिन्न मुद्दामा संलग्न रहेका छन् । निजहरुको संलग्नताको आधारमा हेर्दा प्रमुख मुद्दाहरु क्रमशः करणी सम्बन्धी कसूरमा जम्मा ६३३ जना, ज्यान सम्बन्धी कसूरमा १७२ जना, चोरी सम्बन्धी कसूरमा जम्मा ११८ जना, लागु औषध सम्बन्धी कसूरमा ९९ जना, सवारी ज्यान सम्बन्धी कसूरमा ३६ जना, अपहरण, शरीर बन्धक तथा मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसूरमा २० जना, बालविवाह सम्बन्धी कसूरमा ६ जना, आपराधिक उपद्रोह तथा अभद्र व्यबहार सम्बन्धी कसूरमा ४ जना, विद्युतीय कारोबार सम्बन्धी कसूरमा २ जना, आपराधिक लाभ सम्बन्धी कसूरमा २ जना, छुवाछुत सम्बन्धी कसूरमा २ जना, हातहतियार तथा खरखजाना सम्बन्धी कसूरमा १ जना र विविधमा जम्मा ४ जना रहेको देखिन्छ ।

# परिच्छेद-५

## ५. सर्वोच्च अदालतबाट प्रतिपादित केही न्यायिक सिद्धान्त/आदेश

नेपालमा बालबालिका सम्बन्धी ऐन, २०४८ जारी भएपश्चात नै बाल न्यायको संरक्षण र सम्वर्द्धनमा सर्वोच्च अदालतले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यस अध्ययनमा सर्वोच्च अदालतबाट मिति २०७५ साल देखि हालसम्म प्रतिपादित केही न्यायिक/सिद्धान्त/आदेशलाई मात्र समावेश गरिएको छः-

### ५.१. कैद वापत जरिवाना सम्बन्धमा

बालबालिकालाई थुनामा वा कैदमा राख्ने कुरालाई अन्तिम विकल्प (only as a measure of last resort) र न्यूनतम अवधि (for the shortest appropriate period of time) का लागि मात्र प्रयोगमा ल्याउनुपर्ने । बालबालिकाको सर्वोत्तम हितका दृष्टिले हेर्दा जरिवाना तिर्न नसकेको कारणबाट कैदमा राख्नु उपयुक्त नदेखिने । जरिवाना बापत बालबालिकालाई कैदमा राख्ने व्यवस्थामा गम्भीरतापूर्वक पुनरावलोकन गर्नु वाञ्छनीय देखिने । बालबालिकाको सर्वोत्तम हितको संरक्षण होस् भन्ने अभिप्रायले कानुनसँगको द्वन्द्व (in conflict with law) मा आएका बालबालिकाको पहिचान सार्वजनिक गर्न नहुने, गोपनीयता कायम राख्नु पर्ने व्यवस्था बाल अधिकारभित्र पर्ने ।[१]

कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानुनले कैद सजाय बाहेक अन्य विकल्पहरू पनि दिएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा संक्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानुनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्ने । सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रहे भएको देखिदा कानुनबमोजिमको उपयुक्त

१ टिकाराम बस्यालको हकमा उदय शंकर मण्डल विरुद्ध सुर्खेत जिल्ला अदालत (ने.का.प. २०७५, भाग ६०, बैशाख महिना, अंक १, नि.नं. ९९३०, मुद्दाः बन्दीप्रत्यक्षीकरण)

विकल्पसहित पुनः निर्णय गर्नु भनी परमादेशको आदेश जारी हुने ।[२]

### ५.२. पटके कायम नहुने सम्बन्धमा

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) को प्रावधानलाई दफा १२ को सापेक्षतामा हेर्दा सजाय स्थगित गरिएकोमा सोही बालकले एक वर्ष नाघेपछि अन्य कुनै कसुर गरेबापत दोषी ठहरी कैदको साजय पाएमा पनि पहिलो ठहर भएको कैद सजाय (स्थगित भई एक वर्षको अवधि नाघेपछि कसुर गरेको अवस्थामा) कार्यान्वयन गर्नु पर्दैन, पटके पनि कायम हुँदैन; त्यसप्रकारको कैदको लगत सदाका लागि कट्टा गर्नु पर्ने देखिने ।[३]

### ५.३. सजाय स्थगन सम्बन्धमा

सजाय स्थगन गर्दा वा स्वरूप बदल्दा सुधार गृहमा रहनु पर्ने अवधि कम रहेका अर्थात ६ महिना १ वर्ष वा २ वर्षसम्म अवधि बाँकी रहेका उमेर, स्वास्थ्य, आर्थिक, सामाजिक स्थितिको रोहमा हस्तक्षेप गर्न योग्य वर्ग समूह वा व्यक्तिबाट गरिनु पर्ने ।[४]

निवेदकलाई अदालतले सजाय स्थगन गरी अभिभावकको जिम्मा लगाउने वा नलगाउने अदालतको स्वविवेकीय अधिकार (Discretionary Power) हो । १८ वर्षभन्दा माथिको उमेरको व्यक्तिलाई कानुनले वयस्क मानेको छ र एक वयस्क व्यक्तिलाई सामान्यतया अभिभावकको जिम्म लगाउनु पर्ने भन्ने हुँदैन । तसर्थ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ (५) मा उल्लिखित सजाय स्थगनको सुविधाको प्रयोग हाल साबालकले गर्न पाउँछ भन्न मिल्ने अवस्था नदेखिने ।[५]

### ५.४. मुद्दाको किनारामा अनावश्यक ढिलासुस्ती गर्न नहुने

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३७ मा प्रयुक्त "सामान्यतया" शब्द बिधायिकाले मुद्दाको कारवाहीको क्रममा कतिपय काबु बाहिरको अनपेक्षित अवस्था सृजना भै निर्धारित अवधिभित्र मुद्दा फैसला नहुन पनि सक्छ भन्ने तथ्यलाई मनन गरी उक्त दफामा राखिएकोमा

२ अधिवक्ता अजय शंकर झा "रूपेश" विरूद्ध कैलाली जिल्ला अदालत, कैलाली, धनगढी, ने.का.प. २०७७, अंक ३, निर्णय नं. १०४६७ ।

३ नेपाल सरकार विरुद्ध कुमारप्रसाद (ने.का.प. २०७५, भाग ६०, अंक ११, नि.नं.१०१२७, मुद्दाः ज.क. उद्योग)

४ परिवर्तित नाम ६४ विरेन्द्रनगर PP को हकमा अधिवक्ता पुष्पराज पौडेल विरूद्ध सुर्खेत जिल्ला अदालत (ने.का.प. २०७७, भाग ६२, अंक ३, नि.नं. १०४५९, विषयः बन्दीप्रत्यक्षीकरण)

५ विकाश चौधरीको हकमा अधिवक्ता दलबहादुर धामी विरूद्ध उच्च अदालत दिपायल (ने.का.प. २०७७, भाग ६२, अंक ३, नि.नं. १०४६६, विषयः बन्दीप्रत्यक्षीकरण)

"सामान्यतया" शब्द प्रयोग भएको हुँदा १२० दिनभित्रको समयसीमा बाध्यकारी नभएको अर्थमा बुझी निर्धारित अवधिभित्र मुद्दाको किनारा गर्नुपर्ने दायित्वलाई पन्छाएको अवस्थालाई स्वाभाविक मान्न मिल्दैन भन्ने ब्याख्या भएको छ । समयसीमा भित्रै कारवाही र किनारा गर्न र सो अवधिभित्र मुद्दाको किनारा हुन नसकेमा ऐनको दफा २४ को उपदफा (२) बमोजिम पुर्पक्षका लागि बाल सुधार गृहमा राख्ने आदेश भएका कानुनको द्वन्द्वमा परेका नावालिगको हकमा निजको तर्फबाट निवेदन परे वा नपरेमा समेत कसूरको प्रकृति, गम्भीरता, मुद्दामा पुरा गर्न बाँकी कार्यविधि तथा मुद्दा किनारा गर्न लाग्ने अनुमानित समय एवम् कसूर ठहर भएमा हुन सक्ने सजाय र पीडित पक्षलाई पर्न जाने असर लगायतका सान्दर्भिक विषयवस्तुलाई विचार गरी निजलाई ऐनको दफा २४ को उपदफा (३) बमोजिम अभिभावक वा संरक्षकको जिम्मा लगाउनुपर्ने अवस्था छ छैन हेरी त्यस्तो अवस्था देखिएमा सो को स्पष्ट कारण खोली आदेश गर्ने र सो को अभिलेख सर्वोच्च अदालतमा पठाउने गरी मातहतका सबै जिल्ला अदालतहरुमा जानकारी गराउनु भनी मुख्य रजिष्ट्रारको नाममा निर्देशन समेत जारी भएको छ ।[६]

सोही सम्बन्धमा सर्वोच्च अदालतको पूर्ण बैठक[७]बाट असामान्य अवस्था सृजना भएमा १२० दिन भित्र मुद्दाको किनारा गर्न बाध्यकारी नहुने देखिएको स्थितिमा देशभरका बाल इजलासबाट हुने बाल न्याय निरुपणमा सहजता प्रदान गरी यस अदालतबाट हुने बाल न्याय सम्बन्धी आदेशमा रहने न्यायिक दृष्टिकोणमा सकेसम्म एकरुपता कायम गर्न शीघ्र तथा बालमैत्री एवम् प्रभावकारी बाल न्याय प्रणालीको सुनिश्चित गर्न निर्देशनात्मक आदेश जारी गर्नुपर्ने आवश्यकता देखियो भनी यसका लागि आवश्यक व्यवस्थापन गर्न मुख्य रजिष्ट्रारको नाममा निर्देशनात्मक आदेश समेत जारी भएको छ ।

### ५.५. अभिभावकको नियन्त्रण (Parental Custody) रहेको अवधि पनि सुधार गृह सरह मान्य हुने[८]

सर्वोच्च अदालतले अभिभावकको नियन्त्रण (Parental Custody) रहेको अवधिलाई पनि सुधार गृहमा बसे सरह सजाय भुक्तानको अवधि मान्नुपर्ने आदेश जारी गरेको छ ।

---

६ परिवर्तित नाम नयाँबस्ती "क" को हकमा अधिवक्ता पुष्पराज पौडेल विरुद्ध सिन्धुली जिल्ला अदालत समेत, मुद्दा नं. ०७९-WH-०१०४ , फैसला मिति २०७९/९/१८

७ हाल मुद्दा पुर्पक्षको लागि बाल सुधार गृह, सानो ठिमी, भक्तपुरमा रहेका परिवर्तित नाम (कालिन्चोक १२०) विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय दोलखा समेत मुद्दा नं. ०७९-WF-०००५, फैसला मिति २०७९/१२/०९

८ परिवर्तित नाम भक्तपुर २७ (A१२) को हकमा अधिवक्ता अजयशंकर झा विरुद्ध भक्तपुर जिल्ला अदालत, मुद्दा नं.०७७-WH-०२७४, फैसला मिति २०७७/१२/०९

### ५.६. बाल सुधार गृहमा रहेको अवस्थामा बालबालिकाको उमेर १८ वर्ष उमेर पुरा भएता पनि कारागारमा स्थानान्तरण गर्न नमिल्ने[९]

बालसुधार गृहमा रहेका बालबालिकालाई उमेर १८ वर्ष पुरा भएपछि बाल सुधार गृहमै रहेका अन्य बालबालिकाबाट अलगसम्म गर्नुपर्ने तर अन्य उमेर पुगेका कैदी बन्दीसँगै रहने गरी कारागारमा स्थानान्तरण गर्न नहुने भन्ने कानुनी व्यवस्था हुँदा हुँदै बालसुधार गृहमा पूर्वाधार अभाव भन्ने समस्या देखाई अन्य कैदी सँगै रहने गरी कारागार कार्यालयमा स्थानान्तरण गर्ने गरी भएको विपक्षीको निर्णय उत्प्रेषणको आदेशले बदर गरेको र बालबालिका प्रति राज्यले निर्वाह गर्नुपर्ने कानूनी दायित्वबाट सरकार पन्छिन नमिल्ने भएकोले सुधार गृहमा आवश्यक पुर्वाधारको तत्काल प्रवन्ध गरी निजहरुलाई सुधार गृहमा नै अन्य बालबालिकासँग अलग हुने गरी राख्नु भनी विपक्षीको नाममा परमादेश समेत जारी गरेको देखिन्छ ।

### ५.७. अभियोग दावी भन्दा बढी सजाय नहुने[१०]

निवेदक उपरको अभियोग मागदावी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(२) को भएकोमा निजको उमेर वर्ष १३ उल्लेख भएको र सो कुराको पुष्टि विद्यालयले दिएको प्रमाणपत्रबाट भएको अवस्थामा मागदावी नै नभएको निजको उमेर सम्बन्धमा १४ वर्ष कायम गरी कैद ठेकी भएको फैसला कानुनी मान्यताको विपरित भएकोले उत्प्रेषणको अदेशद्वारा बदर हुने ।

### ५.८. जातक हत्याको अभियोगमा परेका महिलाको हकमा न्यूनतम सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने[११]

बालबालिकाको अधिकारको परिप्रेक्ष्यमा किशोर अवस्थामा रहेका कानुनले बालबालिका हुन् भनी निर्धारित गरेको उमेर समूहभित्र देखिएका वा सामान्यतया २० वर्षको उमेरसम्मका किशोर किशोरीहरू बीच हुने असुरक्षित यौन सम्बन्धसँग सम्बन्धित कसुरजन्य कार्यमा कानुन कार्यान्वयन गर्दा उदार दृष्टिकोण अपनाउनु उपयुक्त देखिने ।

---

९ परिवर्तित नाम कन्चनपुर ७५(१५) विरुद्ध कारागार व्यस्थापन विभाग समेत, मुद्दा नं. ०७७-WH-०३९७, फैसला मिति २०७८/०४/०५

१० हाल बाल सुधार गृह डोटी सिलगढीमा रहेको वर्ष १३ को परिवर्तित नाम डडेलधुर ५९ को हकमा अधिवक्ता अजय शंकर झा विरूद्ध डडेलधुरा जिल्ला अजालत (०७८-WH-००६७, मुद्दाः बन्दीप्रत्यक्षीकरण, फैसला मितिः २०७८/०७/१७)

११ नेपाल सरकार विरूद्ध बाल सुधार गृह भक्तपुरमा रहेका परिवर्तित नाम थर ४४ कुश्मा (९) (ने.का.प. २०७८, भाग ६३, अंक ४, नि.नं. १०६६५, मुद्दा कर्तव्य ज्यान)

जातक हत्याको अभियोगमा परेका महिलाहरूले गरेको ज्यानसम्बन्धी कार्य कसुरको रूपमा मानिने भएतापनि यथासम्भव मानवीय दृष्टिकोणबाट हेरिनुपर्ने र कम उमेर समूहका महिला भए उनीहरूको विकासशील अवस्थालाई मध्यनजर गरिनुपर्ने। न्यायिक दृष्टिकोणले अदालतहरूले यस प्रकृतिको कसुरमा उल्लिखित आधार र कारण सहित सम्बन्धित महिलाको आत्मसम्मान समानताको हक र समाजमा महिलाको परिवर्तन पहिचान समेतलाई मध्यनजर गरी यस प्रकृतिको कसुरमा न्यूनतम सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने।

### ५.९. कानुनको अनदेखा गरी गरिएका काम कारवाही बदर एवम् संलग्न अधिकारी उपर विभागीय सजाय गर्न निर्देशन[१२]

बालबालिका संलग्न भएका मुद्दाहरुमा बालबालिका सम्वन्धी ऐन, २०७५ ले निर्दिष्ट गरेको कार्यविधि बमोजिम बालबालिकाको वैयक्तिक परिचयको गोपनीयता कायम राख्नुपर्ने, बालबालिका र बयस्क प्रतिवादी भएको मुद्दाको अलग अलग अभियोजन तथा कारवाही हुनुपर्ने, बालबालिकाको मुद्दा बाल अदालतबाट नै हेरिनुपर्ने वाध्यात्मक कानूनी व्यवस्था हुँदाहुँदै अन्य तबरबाट गरिएको मुद्दाको कारवाही र किनारा रिट निवेदक नावालिगहरुको हकमासम्म उत्प्रेषणको आदेशले बदर गरिएको छ। बालबालिका सम्बन्धी कानूनी प्रावधानको अनदेखा गरी प्रतिकुल काम कारवाही गर्ने अनुसन्धानकर्ता, अभियोजनकर्ता तथा निर्णयकर्ता समेत सम्बद्ध सवैलाई आवश्यक विभागीय कारवाही गर्न अनुसन्धानकर्ताको हकमा प्रहरी प्रधान कार्यालय मार्फत, अभियोजनकर्ताको हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत लेखी पठाउने एवम् अदालतका अधिकृत लगायत निर्णयकर्ताको हकमा विभागीय कारवाही सहितको प्रभावकारी नियमनको व्यवस्था गर्न सर्वोच्च अदालत प्रशासन, न्याय परिषद र न्याय सेवा आयोग समेतमा लेखी पठाउनु भनी सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारको नाममा निर्देशन जारी भएको छ।

१२ खड्क बहादुर गुरुङ समेत विरुद्ध जिल्ला प्रहरी कार्यालय नवलपरासी समेत, मुद्दा नं. ०७८-WH-०१९१, फैसला मिति २०७९/०३/१६

# बाल न्याय सम्पादन कार्यविधि, २०८०

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाल न्याय सम्पादन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अदालत" भन्नाले ऐनको दफा ३० को उपदफा (१) बमोजिम गठन भएको बाल अदालत सम्झनुपर्छ र सो शब्दले सोही दफाको उपदफा (३) बमोजिमको बाल इजलासलाई समेत जनाउँछ।

(ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ सम्झनुपर्छ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

## परिच्छेद-२

## बाल न्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुराहरु

३. **बालबालिकाको धारणा बुझ्ने : (१)** ऐनको दफा २० को खण्ड (क) बमोजिम अदालतले बाल न्याय सम्पादनका क्रममा बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नुअघि निजको धारणा बुझ्दा कारबाहीका कुनै पनि चरणमा निजको हक हितमा प्रतिकूल असर पर्ने कुराका बारेमा सोधपुछ गर्न निजलाई बाल सुधार गृहमा रहेको भए सो गृहमार्फत र अभिभावक वा संरक्षक वा अन्य व्यक्ति वा संस्थाको जिम्मा रहेको भए निजहरुमार्फत पत्र वा टेलिफोन वा मोबाइल म्यासेज लगायतका माध्यमबाट सूचना दिन सक्नेछ। यसरी सूचना दिएको कुराको अभिलेखीकरण गरी मिसिल सामेल गरी राख्नु पर्नेछ।

(२) अदालत रहेको जिल्ला स्थित बाल सुधार गृह वा संस्थामा कानुनको विवादमा परेका बालबालिका रहेको भए अदालतमा उपस्थित गराई र अन्य जिल्ला स्थित बाल सुधार गृह वा संस्था वा अभिभावक वा संरक्षक वा अन्य व्यक्तिको जिम्मामा भएमा पत्राचार वा टेलिफोन वा भिडियो कन्फरेन्स मार्फत धारणा बुझ्ने प्रबन्ध मिलाउन सकिनेछ।

(३) बालबालिकालाई धारणा ब्यक्त गर्न अदालतमा उपस्थित गराइएमा अदालतमा र भिडियो कन्फ्रेन्स वा टेलिफोन मार्फत धारणा व्यक्त गर्न चाहेको भए सो कन्फ्रेन्स वा टेलिफोनमा निजलाई असर पर्ने कुरा सम्झाई बुझाई निजको धारणा बुझी अभिलेखीकरण गर्नु पर्नेछ।

(४) बालबालिकाको धारणा बुझ्ने प्रयोजनका लागि अभियोगपत्र दायर गर्दाकै अवस्थामा बाल सुधार गृहमा रहेको भए सो गृहको र अन्य व्यक्ति वा संस्थामा रहेको भए त्यस्तो व्यक्ति वा संस्था वा आमा बाबु वा अन्य सदस्य वा अभिभावक वा संरक्षकको टेलिफोन इमेलसमेतका सम्पर्क राख्न सकिने विवरण पनि खुलाउन लगाउनु पर्नेछ।

४. **बाबु आमा वा संरक्षकले भनाइ राख्नेः** (१) ऐनको दफा २० को खण्ड (ख) बमोजिम अदालतले बाल न्याय सम्पादनका क्रममा बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नुअघि निजको आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाइ राख्ने अवसर दिने प्रयोजनका लागि म्याद तोकी लिखित जानकारी वा टेलिफोन वा मोबाइल म्यासेज लगायतका माध्यमबाट उपस्थित हुन सूचना दिन सक्नेछ। यसरी सूचना दिएको कुराको अभिलेखीकरण गरी प्रमाणित गरी राख्नु पर्नेछ।

(२) अदालतले उपदफा (१) बमोजिम दिएको सूचनामा बालबालिकाको आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षक उपस्थित हुन आएमा निजलाई बालबालिकाको हित र स्वार्थ जोडिएको कुराका सम्बन्धमा सोधपुछ गरी निजको भनाइलाई अभिलेखीकरण गरी प्रमाणित गर्नु पर्नेछ।

५. **दोभाषेको सहयोग लिनेः** (१) ऐनको दफा २० को खण्ड (घ) बमोजिम बालबालिकाले गरेको कसूरजन्य कार्यको अनुसन्धान गर्ने निकाय तथा अदालतले बालबालिकासँग सोधपुछ वा सम्वाद गर्दा आवश्यकता अनुसार दोभाषेको सहयोग लिनका लागि अनुसन्धान गर्ने निकाय र अदालतले उपलब्ध भएसम्म विभिन्न भाषाका दोभाषेको नामावली सूचीकृत गरी समय समयमा अद्यावधिक गर्नु पर्नेछ। त्यसरी सूचीकृत गर्दा स्थानीय तहको बाल कल्याण अधिकारीसँग समन्वय गर्न सकिनेछ।

(२) बालबालिकाले गरेको कसूरजन्य कार्यको अनुसन्धान गर्ने निकाय तथा अदालतले दोभाषेको सेवा लिएबापत निजलाई सेवा दिएको प्रत्येक दिनका लागि यातायात खर्च बापत **एक हजार रुपैयाँ** उपलब्ध गराउनेछ।

(३) दोभाषेको सेवा लिएकोमा तत्सम्बन्धी लिखतमा निजको समेत दस्तखत गराउनु पर्नेछ।

## परिच्छेद-३

## अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्था

६. **बालबालिकालाई नियन्त्रणमा लिँदा ध्यान दिनु पर्ने कुराः** (१) बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धानका लागि अनुसन्धान अधिकारीले ऐनको दफा २१ को उपदफा (१) बमोजिम नियन्त्रणमा नलिई नहुने कुराको निक्यौंल गर्दा देहायका कुराहरुका आधारमा गर्नु पर्नेछः-

(क) निज भागी जाने संभावना रहेको वा नरहेको,

(ख) स्थानीय समुदाय वा पीडितलाई निजको समुदायमा उपस्थितिबाट प्रतिकूल असर पर्ने अवस्था रहेको वा नरहेको,

(ग) निजको जीउज्यान जोखिममा पर्नसक्ने सम्भावना रहे वा नरहेको,

(घ) निजद्वारा पीडित वा अरु कसैलाई हानि नोक्सानी पुर्‍याउन सक्ने सम्भावना रहे वा नरहेको।

(२) कसूरजन्य कार्यको अनुसन्धानका लागि बालबालिकालाई नियन्त्रणमा लिएकोमा अनुसन्धान अधिकारीले सो को जानकारी ऐनको दफा २१ को उपदफा (३) बमोजिमका व्यक्तिका अतिरिक्त सम्बन्धित अदालतको वैतनिक कानुन व्यवसायीलाई समेत दिनु पर्नेछ।

(३) ऐनको दफा २१ को उपदफा (२) बमोजिम बालबालिकाको हक हित संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउने प्रयोजनका लागि अनुसन्धान अधिकारीले त्यस्तो संस्था वा व्यक्तिको सूची जिल्लामा रहेको स्थानीय तहका बाल कल्याण अधिकारीबाट माग गरी समय समयमा अद्यावधिक गरी राखु पर्नेछ।

(४) बालबालिकालाई नियन्त्रणमा लिएकोमा ऐनको दफा २१ को उपदफा (५) बमोजिम बाल मनोविज्ञ वा बालहित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराउन सम्भव रहे नरहेको कुराको निक्यौंल गर्दा नियन्त्रणमा लिएको स्थानमा त्यस्तो बाल मनोविज्ञ वा बालहित सम्बन्धी काम गर्ने व्यक्ति उपलब्ध हुन सक्ने वा नसक्ने कुराको आधारमा गर्नु पर्नेछ। त्यस्तो व्यक्तिसँग सम्पर्क हुन सक्ने अवस्था भई परामर्श गराएको भए सो को अभिलेखीकरण र उपलब्ध हुन नसक्ने अवस्थामा अनुसन्धान अधिकारीले सोही बेहोरा उल्लेख गरी मिसिल सामेल राख्नु पर्नेछ।

(५) ऐनको दफा २१ को उपदफा (५) तथा दफा २२ को उपदफा (३) को प्रयोजनका लागि बाल मनोविज्ञ, वा बाल हितसम्बन्धी काम गर्ने व्यक्ति र मनोसामाजिक सहयोग उपलब्ध गराउने व्यक्ति वा संस्थाको सूची जिल्लामा रहेको स्थानीय तहका बाल कल्याण अधिकारीबाट माग गरी अनुसन्धान अधिकारीले आफू कार्यरत कार्यालयमा सूचीकृत गरी समय समयमा अद्यावधिक गरी राखु पर्नेछ।

७. <u>यथाशक्य छिटो अनुसन्धान पुरा गर्नुपर्ने:</u> (१) नियन्त्रणमा लिएको बालबालिकालाई अदालतको अनुमति लिई एक्काइस दिनसम्म निगरानी कक्षमा राख्न सकिने भए पनि कसूरजन्य कार्यको प्रकृतिका आधारमा यथासक्य छिटो अनुसन्धान कार्य पूरा गर्नु पर्नेछ।

(२) कानुनको विवादमा परेका बालबालिकालाई नियन्त्रणमा लिएपछि अनुसन्धान अधिकृतले निगरानी कक्षमा राख्न अनुमतिको लागि पेस गर्दा सकभर उमेर पुगेका व्यक्तिसँग नराखी छुट्टै र बालमैत्री वातावरणमा अदालतमा पेस गर्नु पर्नेछ।

८. <u>बालबालिकालाई सोधपुछ:</u> (१) ऐनको दफा २१ को उपदफा (९) र नियमावलीको नियम ८ बमोजिम बालबालिकालाई अनुसन्धान अधिकारीले सोधपुछ गर्नुअघि रोहबरमा बस्नको लागि निजको आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षक वा बालकल्याण अधिकारी वा निजको कानुन व्यवसायीलाई टेलिफोन वा मोबाइल म्यासेज लगायतका माध्यमबाट उपस्थित हुन सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिँदा पनि निजहरु उपस्थित हुन नआएमा वैतनिक कानुन व्यवसायीलाई रोहबरमा राखी बालबालिकालाई सोधपुछ गर्न सकिनेछ।

९. <u>निगरानी कक्षमा रहेको बालबालिकालाई परामर्श र मनोसामाजिक सहयोग उपलब्ध गराउने:</u> (१) निगरानी कक्षमा रहेको बालबालिकालाई ऐनको दफा २२ को उपदफा (३) बमोजिम बाल मनोविज्ञको परामर्श वा मनोसामाजिक सहयोग उपलब्ध गराउँदा अनुसन्धान अधिकृतले दफा ६ को उपदफा (५) बमोजिम सूचीकृत व्यक्तिहरुबाट गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श उपलब्ध गराएको भए सो को अभिलेख मिसिल सामेल गर्नु पर्नेछ र त्यस्ता व्यक्ति उपलब्ध हुन नसक्ने अवस्थामा अनुसन्धान अधिकारीले सोही बेहोराको प्रतिवेदन मिसिल सामेल राख्नु पर्नेछ।

१०. <u>निगरानी कक्षमा परिवारको सदस्य रहेको विवरण राख्नुपर्ने:</u> ऐनको दफा २२ उपदफा (४) बमोजिम बालबालिकाको परिवारको कुनै सदस्य निगरानी कक्षमा बालबालिका संगै बसेको भएमा अनुसन्धान अधिकारीले सोको विवरण सहितको अभिलेख मिसिल सामेल राख्नु पर्नेछ।

११. <u>अभियोगपत्रमा खुलाउनुपर्ने कुराहरु:</u> अभियोजनकर्ताले नियमावलीको नियम १० को उपनियम (२) बमोजिम अदालतमा अभियोगपत्र दर्ता गर्दा प्रचलित कानुन बमोजिम खुलाउनुपर्ने कुराहरुका अतिरिक्त यथासम्भव देहायका कुराहरुसमेत खुलाउनु पर्नेछः-

(क) बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्ति र मनोसामाजिक सहयोग उपलब्ध गराउने व्यक्तिको परामर्श लिए नलिएको र लिएको भए सो सम्बन्धी कुराहरु,

(ख) पीडित प्रभाव प्रतिवेदन र सामाजिक अध्ययन प्रतिवेदनका कुरा,

(ग) पीडित र बालबालिकाको अभिभावकको टेलिफोन सहितको सम्पर्क माध्यम,

(घ) उमेर पुगेका व्यक्ति समेत प्रतिवादी भई पक्राउ परेको भएमा निजलाई पनि छुट्टै मिसिलसाथै ल्याएको कुरा वा फरार रहेकोमा तत्सम्बन्धी कुरा,

(ङ) कसूरबाट पीडितलाई पुग्न गएको क्षतिको विस्तृत विवरण।

**परिच्छेद-४**

**अभियोगपत्र दायर भएपछिको प्रारम्भिक कारबाही**

**१२. टेलिफोन नम्बर अभिलेखीकरण गर्नुपर्नेः** अभियोगपत्र दायर भएपछि अदालतले अभियोगपत्रमा खुलाइएको पीडित र कानुनको विवादमा परेको बालबालिकाको आमा, बाबु, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिको टेलिफोन सहितको सम्पर्क माध्यम अनिवार्य रुपमा अदालतको मुद्दा व्यवस्थापन सम्बन्धी सफ्टवेरमा प्रविष्ट गराई सो बेहोरा स्रेस्तेदारले प्रमाणित गरी मिसिल संलग्न राख्नु पर्नेछ।

**१३. अभिभावकलाई अभियोगपत्रको प्रतिलिपि दिने कार्यविधिः** (१) नियमावलीको नियम १२ को उपनियम (१) बमोजिम अदालतले बालबालिकाको आमा, बाबु, वा परिवारका सदस्य वा संरक्षकलाई अभियोगपत्र तथा तत्सम्बन्धी प्रमाणको प्रतिलिपि दिने प्रयोजनका लागि निजहरुलाई टेलिफोनबाट सूचना दिन सक्ने छ र त्यसरी दिएको सूचनाको अभिलेखीकरण गरी स्रेस्तेदारले प्रमाणित गर्नु पर्नेछ।

(२) नियमावलीको नियम १२ को उपनियम (३) बमोजिम बालबालिकाको बाबु, आमा वा परिवारका सदस्य वा संरक्षक नभेटिएको वा अभियोगपत्र र तत्सम्बन्धी प्रमाणको प्रतिलिपि बुझ्न नचाहेको अवस्था भई निजको कानुन व्यवसायी वा वैतनिक कानुन व्यवसायीलाई त्यस्तो प्रतिलिपि बुझाउनु पर्ने भएमा नभेटिएको वा नबुझेको बेहोरा खुलाई निजलाई बुझाई सोको निस्सा मिसिल संलग्न राख्नु पर्नेछ।

**१४. सोधपुछको प्रक्रिया :** (१) अदालतले कानुनको विवादमा परेका बालबालिकालाई सोधपुछ गर्दा कागजको शीर भागमा अदालतमा तोकिएको न्यायाधीशको इजलास कायम गरी सबाल जवाफ लेखी अदालतका अन्य सदस्य उपस्थित भएमा निजहरुको उपस्थिति अन्त्यमा लेखी बन्द बन्दमा समेत सही गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कागजमा सोधपुछ सकिएपछि बालबालिकाको बाबु, आमा वा परिवारको अन्य सदस्य वा संरक्षक अदालतमा उपस्थित रहेको भएमा निजको र उपस्थित नरहेकोमा बालबालिकाको कानुन व्यवसायी वा वैतनिक कानुन व्यवसायीलाई रोहबरमा राखी सही गराउनु पर्नेछ।

**१५. पुर्पक्षमा जिम्मा लगाउने प्रयोजनका लागि सूचीकृत गर्नेः** ऐनको दफा २४ को उपदफा (३) बमोजिम बालबालिकाको हक हित संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउने प्रयोजनका लागि अदालतले त्यस्ता संस्था वा व्यक्तिको सूची जिल्लामा रहेको स्थानीय तहका बाल कल्याण अधिकारी वा केन्द्रीय

बाल न्याय समिति वा राष्ट्रिय बाल अधिकार परिषदबाट माग गरी सूचीकृत गरी समय समयमा अद्यावधिक गरी राख्नु पर्नेछ।

१६.**<u>पुर्पक्षमा जिम्मा लगाउँदा शर्त तोक्न सकिने कुराहरुः</u>** (१) ऐनको दफा २४ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम बालबालिकालाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने कुराको निर्धारण गर्दा देहायका कुरामा समेत विचार गर्नुपर्नेछः-

(क) बालकको शारीरिक वा मानसिक अवस्थालाई ध्यानमा राख्दा बाल सुधार गृहमा राख्न उपयुक्त छ वा छैन,

(ख) निजको उमेर विचार गर्दा बाल सुधार गृहमा राख्न उपयुक्त हुन्छ वा हुँदैन,

ग) कसूर गर्दाको परिस्थिति हेर्दा बाल सुधार गृहमा राख्न उपयुक्त हुन्छ वा हुँदैन,

(घ) कसूरको प्रकृति, गम्भीरता र पीडितलाई पुग्न गएको क्षति,

(ङ) निजबाट समाजमा थप भय, त्रास वा असुरक्षा सिर्जना हुने स्थिति छ वा छैन,

(च) निजका सम्बन्धमा अभिभावकको दृष्टिकोण,

(छ) निजको शारीरिक वा मानसिक विकासमा पर्न सक्ने प्रभाव,

(ज) निजलाई बाल सुधार गृहमा नराख्दा पीडितले अनुभव गर्न सक्ने असुरक्षा र भयको स्थिति छ वा छैन।

(२) उपदफा (१) बमोजिमका कुरा विचार गर्दा बालबालिकालाई बाल सुधार गृहमा राख्न उपयुक्त छैन भन्ने निष्कर्षमा पुगी बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिलाई जिम्मा लगाउँदा आवश्यकता र उपयुक्तता हेरी देहायका शर्त तथा यस्तै अन्य उपयुक्त शर्त तोक्न सकिनेछः-

(क) नियमित रुपमा विद्यालय जाने,

(ख) पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क नगर्ने,

(ग) अदालतको अनुमति बिना आदेशमा तोकिएको स्थान नछोड्ने,

(घ) असल आचरण र मानवीय व्यवहार प्रदर्शन गर्ने,

(ङ) धुम्रपान, मद्यपान वा लागु औषधको कुलतमा नलाग्ने,

(च) कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी कुनै कुरा व्यक्त नगर्ने वा कुनै सामग्री प्रकाशन प्रशारण नगर्ने,

(छ) पीडितलाई अनुचित प्रभाव पार्न नपाइने,

(ज) अभिभावक वा संरक्षक बिना रात बिताउने गरी अन्यत्र जान नपाउने,

(झ) थप कसूर गर्नमा संलग्न हुन नहुने,

(ञ) पीडित छिमेकी भएमा बालबालिकालाई सो स्थानमा नराखी नातेदार वा अभिभावकले रोजेको अन्य स्थानमा राख्ने र

(ट) आफै वा अभिभावक मार्फत प्रोवेशन अधिकारी वा अन्य अधिकृतलाई आवधिक रुपमा आफ्ना गतिविधि बारे जानकारी गराउने।

(३) उपदफा (२) बमोजिमको शर्त पुर्पक्ष सम्बन्धी आदेशमा नै उल्लेख गर्नु पर्नेछ।

(४) ऐनको दफा २४ को उपदफा (३) बमोजिम बालबालिकालाई जिम्मा लगाउँदा त्यस्ता व्यक्ति, संस्था र बालबालिकालाई पुर्पक्ष सम्बन्धी आदेशमा तोकिएका शर्त सुनाइ त्यसको मतलब र शर्तहरु पालना नगरेमा हुने परिणाम समेत सम्झाइ बुझाइ सो शर्त पालना गर्ने गराउने कुराको कागज गराउनु पर्नेछ।

(५) उपदफा (१), (२) वा (४) बमोजिम बालबालिका जिम्मा लगाएको अवस्थामा अदालतले आवश्यकता अनुसार ऐनको दफा ७९ र नियमावलीको नियम ४३ को खण्ड (घ) बमोजिम प्रोवेशन अधिकारी वा अदालतको अन्य अधिकृतस्तरको कर्मचारीबाट आदेश कार्यान्वयनको स्थिति बारे प्रतिवेदन लिन सक्नेछ।

(६) उपदफा (४) बमोजिम जिम्मा लगाइएकोमा बालबालिका अध्ययनरत भएमा निज अध्ययनरत विद्यालयबाट र व्यक्ति वा संस्थाको जिम्मामा रहेको भए त्यस्तो जिम्मा लिने व्यक्ति वा संस्थाबाट अनुसूची-१ को ढाँचामा निजको चालचलन बारे मासिक रुपमा प्रतिवेदन लिनु पर्नेछ।

(७) उपदफा (१), (२) वा (४) बमोजिम जिम्मा लगाएको अवस्थामा अदालतले आवश्यकता अनुसार टेलिफोन वा स्थलगत अवलोकन वा यस्तै अन्य उपयुक्त माध्यमबाट समेत अनुगमन गर्न सक्नेछ।

## परिच्छेद-५

## पीडित तथा कानुनको विवादमा परेका बालबालिकाको अधिकार

**१७. पीडितका अधिकार बारे जानकारी दिने:** (१) अदालतले मुद्दा दर्ता भएपछि पीडितका अधिकार बारे जानकारी दिने प्रयोजनको लागि उपस्थित हुन पीडित बालबालिकाको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिको दफा १२ बमोजिम उपलब्ध गराइएको फोन नम्बरमा टेलिफोन गरी वा म्यासेजबाट सूचना पठाउनेछ।

(२) उपदफा (१) बमोजिम फोन गर्दा वा म्यासेज पठाउँदा अदालतको सम्पर्क टेलिफोन नम्बर र सम्पर्क व्यक्तिको नाम समेत उपलब्ध गराई न्यायिक प्रक्रियाका बारेमा सोध्न सक्ने कुराको पनि जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचनामा पीडित बालबालिकाको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्ति उपस्थित हुन आएमा पीडित बालबालिकाको अधिकार तथा न्यायिक प्रक्रियाका बारेमा अनुसूची-२ बमोजिमको कागज दिई सोमा भएको कुराको मतलब समेत सम्झाई सो को निस्सा मिसिल सामेल गरी राख्नु पर्नेछ।

**१८. <u>पीडित तथा साक्षी संरक्षणः</u>** (१) पीडित वा अन्य कसैबाट निवेदन परी वा जानकारी हुन आई वा अदालतलाई लागेमा नियमावलीको नियम २४ को उपनियम (१) बमोजिम पीडित बालबालिका तथा साक्षी संरक्षणको लागि अदालतले आदेश दिँदा कारबाहीको जुनसुकै चरणमा ऐनको दफा २५ बमोजिमको विषयका अतिरिक्त देहायका विषय वा यस्तै अन्य उपयुक्त विषय खुलाइ आदेश दिन सक्नेछः-

(क) पीडक वा निजको संरक्षक वा अन्य कुनै व्यक्तिलाई पीडित र साक्षीसँग भेटघाट गर्न नदिने,

(ख) पीडित बालबालिका अभिभावकसँग रहेको र निजले पीडितलाई हानि गर्न सक्ने सम्भावना भएमा निजलाई बाल गृह वा बालबालिकाको हक हितको संरक्षण गर्ने संस्थामा राख्न लगाउने,

(ग) प्रहरीबाट सुरक्षा प्रदान गर्न लगाउने,

(घ) पीडकको उपस्थिति अप्रत्यक्ष तुल्याई निजको कानुन व्यवसायीलाई प्रतिनिधित्व गराउने,

(ङ) साक्षीको नाममा गोपनीयता कायम गर्ने,

(च) श्रव्य दृष्य (भिडियो कन्फ्रेन्सिङ्गको) माध्यमबाट बयान, बकपत्र गर्ने व्यवस्था मिलाउने,

(छ) पीडित वा बालबालिकाका साक्षी विरुद्ध कुनै कसूरजन्य काम भएको पाइएमा त्यस्तो व्यक्तिउपर प्रचलित कानुन बमोजिम अनुसन्धान गर्न सम्बन्धित अनुसन्धान अधिकृतलाई लेखी पठाउने।

(२) नियमावलीको नियम २४ को उपनियम (२) बमोजिम अदालतले पीडित बालबालिकाको पुनर्स्थापनाको आदेश दिँदा देहायका कुनै वा सबै कार्य गर्न वा यस्तै अन्य उपयुक्त कार्य गर्न आदेश दिन सक्नेछः-

(क) मनोसामाजिक परामर्श दिन,

(ख) निःशुल्क कानुनी सहायता दिन,

(ग) अन्तरिम राहत वा क्षतिपूर्ति दिन,

(घ) पठन पाठनको नियमितता गराउन,

(ङ) पारिवारिक संरक्षण र पुनर्मिलन गराउन,

(३) उपदफा (१) र (२) बमोजिमको आदेश कार्यान्वयनको अवस्थाको अनुगमनको लागि अदालतले सम्बन्धित स्थानीय तहको न्यायिक समिति वा वडा कार्यालयमा लेखी पठाउन र पीडितलाई समय समयमा बोलाएर सोध्न सक्नेछ।

१९. **कानुनको विवादमा परेका बालबालिकाका अधिकार बारे जानकारी दिने:** अदालतले मुद्दा दर्ता भएपछि कानुनको विवादमा परेका बालबालिकाका अधिकार तथा न्यायिक प्रक्रियाका बारेमा अनुसूची-३ बमोजिमको जानकारीको कागज त्यस्तो बालबालिकालाई दिई सोमा भएको कुराको मतलब पनि सम्झाई सो को निस्सा मिसिल सामेल राख्नु पर्नेछ।

२०. **कानुनको विवादमा परेका बालबालिकाको अधिकारको संरक्षण:** (१) कानुनको विवादमा परेको बालबालिका वा अन्य कसैबाट जानकारी हुन आई वा निवेदन परी वा अदालतलाई लागेमा नियमावलीको नियम २५ को उपनियम (१) बमोजिम बालबालिकाको अधिकार कार्यान्वयनको लागि आदेश दिँदा कारबाहीको जुनसुकै चरणमा ऐनको दफा २६ बमोजिम सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकारको संरक्षण वा पुनर्स्थापनाको लागि उपयुक्त आदेश दिन सक्नेछ।

(२) कानुनको विवादमा परेको बालबालिकाको सुरक्षा प्रबन्ध आवश्यक छ भन्ने कुरा त्यस्तो बालबालिका वा अन्य कसैबाट जानकारी हुन आएमा वा निवेदन परेमा वा अदालतलाई लागेमा अदालतले पीडित पक्षले निजलाई भेट्न नपाउने गरी वा प्रहरीलाई सुरक्षा प्रदान गर्न लगाउने गरी वा यस्तै अन्य प्रकृतिको आदेश गर्न सक्नेछ।

(३) नियमावलीको नियम २५ को उपनियम (२) बमोजिम अदालतले बालबालिकाको पुनर्स्थापनाको आदेश दिँदा देहायका कुरा वा यस्तै अन्य उपयुक्त आदेश दिन सक्नेछः

(क) मनोसामजिक परामर्श दिन,

(ख) पठन पाठनको नियमितता गराउन,

(ग) पारिवारिक संरक्षण र पुनर्मिलन गराउन।

(४) यस दफा बमोजिमको आदेश कार्यान्वयनको अनुगमनको लागि अदालतले सम्बन्धित स्थानीय तहको न्यायिक समिति वा वडा कार्यालयमा लेखी पठाउन र आदेश कार्यान्वयनको अवस्था बारे बालबालिकालाई समय समयमा बोलाएर सोध्न सक्नेछ।

## परिच्छेद-६

## अदालतका न्यायाधीश तथा सदस्य र अधिकारक्षेत्र

२१. **न्यायाधीश तथा सदस्य तोक्नेः** (१) प्रधान न्यायाधीशले सम्बन्धित जिल्ला अदालतमा उपलब्ध जिल्ला न्यायाधीश मध्येबाट विषय विज्ञता र अनुभव समेतलाई विचार गरी बाल अदालतमा रहने जिल्ला न्यायाधीश तोक्नेछ।

(२) बाल अदालतमा रहने समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञ नियुक्ति गर्ने प्रयोजनको लागि नियमावलीको नियम १५ बमोजिम अदालतले आह्वान गरेको म्यादभित्र दरखास्त पर्न आएमा योग्यता र अनुभवको जाँचबुझ गरी अन्तरवार्ता समेत लिएर एक वा एकभन्दा बढी समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको छनौट गर्न सकिनेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि स्थानीय तहको स्थानीय बाल अधिकार समितिमा सूचीकृत भएको समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको सूची अदालतले सम्बन्धित स्थानीय तहबाट झिकाई समय समयमा अद्यावधिक गर्नेछ।

(४) स्थानीय तहको स्थानीय बाल अधिकार समितिले समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञ सूचीकृत नगरेको भए तत्काल सूचीकृत गर्न सम्बन्धित समितिलाई अदालतले लेखी पठाउनु पर्नेछ। यसरी अदालतले लेखी पठाएकोमा त्यस्तो सूची तयार गर्ने र सूचीमा उल्लिखित समाजसेवी वा बाल मनोविज्ञ वा विशेषज्ञले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

(५) कुनै अदालतमा एकभन्दा बढी समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञ रहेमा जिल्ला न्यायाधीशले गोला प्रणालीबाट समाजसेवी र बाल मनोविज्ञ वा विशेषज्ञको छनौट गर्नेछ। कुनै मुद्दामा एक पटक छनौट भइसकेपछि सोही व्यक्तिले नियमावलीको नियम १६ र नियम १७ को अधीनमा रही सो मुद्दामा हुने कारवाही र सुनुवाइ सम्बन्धी कार्य अन्तिमसम्म गर्नेछ।

तर कुनै मुद्दामा छनौट भएको समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको अवधि समाप्त भएमा वा लामो अवधिसम्म उपस्थित हुन नसक्ने अवस्था परेमा अर्को व्यक्ति छनौट गर्न बाधा पर्ने छैन।

(६) अदालतले छनौट गरेका समाजसेवी तथा बालमनोविज्ञ वा बाल विशेषज्ञको पत्राचारको ठेगाना, टेलिफोन नम्बर, इमेल ठेगाना सहितको अद्यावधिक विवरण अदालतमा राख्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको आफ्नो विवरणमा कुनै परिवर्तन भएमा सम्बन्धित समाजसेवी तथा बालमनोविज्ञ वा बाल विशेषज्ञले सोको जानकारी अदालतलाई तत्काल उपलब्ध गराउनु पर्नेछ।

२२. **अदालतको अधिकारक्षेत्र र यसको प्रयोगः** (१) ऐनको दफा ३० र दफा ७५ बमोजिम देहायका मुद्दाको शुरु कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार बाल अदालतलाई हुनेछः-

(क) बालबालिकाले गरेको कसूरजन्य कार्य सम्बन्धी मुद्दा,

(ख) बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न रहेको कसूरजन्य कार्य सम्बन्धी मुद्दाका बालबालिकाको हकमा,

(ग) ऐनको दफा ६६ मा उल्लिखित बालबालिका विरुद्धका कसूर सम्बन्धी मुद्दा,

(घ) ऐनको दफा ७२ को उपदफा (८) बाहेक ऐन र नियमावली विपरीत कुनै काम गरेकोले सजाय गरिपाउँ भन्ने मुद्दा।

(२) नियमावलीको नियम १८ को उपनियम (३) मा उल्लिखित कानुनी प्रश्न भन्नाले कुनै कानुन बमोजिम कुनै कसूर कायम हुने वा नहुने भन्ने प्रश्न, हदम्याद हकदैया र क्षेत्राधिकारको प्रश्न तथा कुनै कसूरमा सजाय गर्दा कुन कानुन आकर्षित हुने वा के कति सजाय हुने भन्ने जस्ता विषयलाई सम्झनु पर्छ।

(३) नियमावलीको नियम १८ को उपनियम (४) बमोजिम समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञले सजाय निर्धारण सम्बन्धमा राय दिँदा देहायका कुरा समेत विश्लेषण गरी राय दिनु पर्नेछः-

(क) बालबालिकाले गल्ती गरेको महसुस गरे वा नगरेको,

(ख) निज सुध्रिएको वा नसुध्रिएको, सुध्रने सम्भावना रहेको वा नरहेको, निजको आचरण र अनुशासन,

(ग) बालबालिकाको सामाजिक तथा आर्थिक स्थिति, बौद्धिक क्षमता वा स्तर र कसूरजन्य कार्य गर्नुको कारण,

(घ) पीडित प्रतिको निजको दृष्टिकोण र निजबाट पीडित पक्ष तथा अन्य व्यक्तिलाई हानि हुन सक्ने वा नसक्ने तथा निजले पुन कसूर गर्ने सम्भावना रहे वा नरहेको,

(ङ) मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र दफा ३९ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४ र दफा १५ एवं पीडित प्रभाव प्रतिवेदन तथा सजाय पूर्वको प्रतिवेदनका कुराको विश्लेषण र

(च) माथि उल्लिखित कुराका आधारमा हुनुपर्ने उपयुक्त सजाय, क्षतिपूर्ति तथा सुधार एवं सजायको बैकल्पिक उपाय सम्बन्धी राय।

(४) नियमावलीको नियम १८ को उपनियम (५) बमोजिम कुनै समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञले मुद्दामा सहभागी हुन नपाउने अवस्था परेमा अदालतमा सूचीकृत रहेका अन्य समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञलाई न्यायाधीशले तोक्नेछ।

तर अदालतमा अन्य समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ सूचीकृत नरहेको अवस्थामा न्यायाधीश र सहभागी हुने अर्को सदस्य भएमा निजहरुले र अर्को सदस्य पनि नभएमा वा उपस्थित हुन नआएमा न्यायाधीशले मात्र मुद्दाको कारबाही सुनुवाइ र किनारा गर्न बाधा पर्ने छैन।

(५) सम्बन्धित समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ जिल्ला मुकाम बाहिर वा मुलुक बाहिर जानु पर्ने भएमा सम्बन्धित अदालतलाई सो कुराको जानकारी गराउनु पर्नेछ र त्यस्तो जानकारी प्राप्त भएमा अदालतले पनि निजहरु उपस्थित हुनु पर्ने मुद्दाको पेसी सम्भव भए निजहरु फर्की आउने समयलाई विचार गरी मिलाउन सक्नेछ।

तर लामो अवधि उपस्थित हुन नसक्ने अवस्था परेमा निजको उपस्थिति नभए पनि कारबाही र सुनुवाइ गर्न बाधा पर्ने छैन।

## परिच्छेद-७

## सुनुवाइ सम्बन्धी व्यवस्था

२३. **उमेर पुगेका व्यक्ति संलग्न भएकोमा मुद्दाको कारबाहीः** कुनै कसूरजन्य कार्यमा बालबालिका र उमेर पुगेका व्यक्ति दुवै संलग्न रही निजहरु उपर छुट्टा छुट्टै मिसिल खडा गरी अभियोजन गरिने भए पनि उमेर पुगेका व्यक्तिको मुद्दाको कारबाही र किनारा सम्भव भएसम्म छुट्टै इजलास कायम गरी अदालतमा रहने न्यायाधीशबाट सकेसम्म सोही दिन गर्नु पर्नेछ।

२४. **बन्द इजलासको व्यवस्थापनः** (१) नियमावलीको नियम २० बमोजिम बन्द इजलासमा सुनुवाइ गर्दा बन्द इजलासमा सुनुवाइ भएको कुरा सबैलाई थाहा जानकारी हुने गरी इजलासको निर्देशनमा इजलास अधिकृतले इजलासको प्रवेश द्वारमा नै बन्द इजलास लागेको सूचना टाँस गरी इजलासले अनुमति दिएका व्यक्ति बाहेक अन्य व्यक्ति प्रवेश गर्न नपाउने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा सुनुवाइ गर्दा इजलासमा उपस्थित हुन चाहने व्यक्तिको संख्या धेरै भई इजलासमा भीडभाड हुने अवस्था भएमा व्यक्तिको संख्या सीमित गर्न इजलासले आवश्यक ठानेमा आलोपालो गरी एक पटकमा कानुनको विवादमा परेको बालबालिका र पीडितको तर्फबाट एक एक जना व्यक्ति तथा एक एक जना कानुन व्यवसायीलाई मात्र इजलासमा उपस्थित हुन अनुमति दिन सक्नेछ।

(३) बन्द इजलासबाट सुनुवाइ भएको मुद्दाको कागजातको प्रतिलिपि सम्बन्धित बालबालिका, निजका आमा, बाबु, परिवारका सदस्य वा संरक्षक, निजका कानुन व्यवसायी, पीडित पक्ष र निजका कानुन व्यवसायी तथा सरकारी वकील बाहेक अन्य कुनै व्यक्तिलाई दिनु हुँदैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम गोप्य राख्नुपर्ने लिखतको प्रतिलिपि कसैलाई पनि उपलब्ध गराउन हुँदैन।

(५) उपदफा (३) बमोजिम कागजातको प्रतिलिपि लिएका कुनै पनि व्यक्तिले त्यस्तो कागजात सार्वजनिक गर्न वा त्यस्तो मुद्दाको तथ्य खुलाई कुनै पनि आम सञ्चारको माध्यममा समाचार सम्प्रेषण गर्न हुँदैन।

तर अदालतको स्रेस्तेदारले अनुमति दिएमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिका वा पीडित बालबालिकाको परिचय नखुल्ने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ।

(६) नियमावलीको नियम २० को उपनियम (४) बमोजिम बालबालिकालाई सोधपुछ गर्दा, निजको आमा, बाबु, परिवारका सदस्य, संरक्षक उपस्थित भएमा निजलाई रोहबरमा राखी सहिछाप गराउनु पर्नेछ।

२५. **<u>कसूरजन्य कार्य बारे जानकारी दिने:</u>** (१) नियमावलीको नियम २१ को उपनियम (२) बमोजिम अदालतले बालबालिकालाई जानकारी दिँदा निजले बुझ्ने भाषामा निज उपर के कस्तो कसूरजन्य कार्य गरेको भनी आरोप लागेको हो, निज उपर अभियोगपत्रमा के कस्तो सजायको मागदाबी रहेको छ र निज बिरुद्ध के कस्ता साक्षी प्रमाण रहेका छन् भनी विस्तृत रुपमा जानकारी दिनु पर्नेछ। त्यसरी जानकारी दिएको कुराको निस्सा मिसिल सामेल राख्नु पर्नेछ।

(२) नियमावलीको नियम २१ को उपनियम (३) र (४) बमोजिम कानुनको विवादमा परेको बालबालिका वा पीडित पक्षलाई निजको कुनै भनाइ भए राख्नका लागि इजलासबाट अवसर दिनु पर्नेछ। त्यसरी अवसर दिँदा निजहरुले कुनै भनाइ राखे नराखेको र राखेकोमा त्यस्तो भनाइको बेहोरा समेत आदेश वा फैसलामा जनाउनु पर्नेछ।

२६. **<u>प्रमाण पेस गर्न निवेदन दिने:</u>** (१) नियमावलीको नियम २२ को उपनियम (१) बमोजिम आफूसँग भएको प्रमाण बुझी पाउन कसैले निवेदन दिन चाहेमा फैसला हुनुभन्दा अघि मुद्दाको कारबाही जुनसुकै चरणमा भए पनि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) अनुसार दिएको निवेदन यथाशीघ्र इजलास समक्ष पेस गर्नु पर्नेछ।

(३) अदालतले निवेदन माग अनुसार प्रमाण पेस गर्न अनुमति दिएमा अर्को पक्षलाई तत्सम्बन्धमा त्यसपछिको तारिख वा पेसीका दिन प्रतिक्रिया व्यक्त गर्न जानकारी दिई सो बमोजिमको प्रतिक्रिया प्राप्त भएमा मिसिलमा समावेश गर्नुपर्नेछ।

२७. **<u>निरन्तर सुनुवाइः</u>** (१) ऐनको दफा ३७ बमोजिम निरन्तर सुनुवाइ गर्दा अभियोग पत्रसाथ साक्षी उपस्थित गराएको भए त्यस्ता साक्षीका हकमा थुनछेक आदेश समाप्त हुनासाथ उपस्थित गराउन लगाई बकपत्र गराउनु पर्नेछ।

(२) उपदफा (१) बाहेकका अन्य अवस्थामा प्रतिवादी चुक्ता भएको मितिले सात दिनभित्र साक्षी प्रमाण बुझ्ने आदेश गरी निरन्तर सुनुवाइको प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

(३) अभियोगपत्र दर्ता हुनासाथ अनुसूची-४ बमोजिमको ढाँचामा कार्यतालिका निर्माण गरी पक्षलाई समेत उपलब्ध गराउनु पर्नेछ।

२८. **<u>मनोसामाजिक तथा मनोबैज्ञानिक प्रतिवेदन पेस गर्न लगाउनेः</u>** अनुसन्धान अधिकृतले बालबालिकालाई निगरानी कक्षमा राख्ने अनुमति माग गरेमा अदालतले ऐनको दफा ४५ बमोजिमको मनोवैज्ञानिक तथा मनोसामाजिक प्रतिवेदन पेस भए नभएको हेरी पेस नभएको भए सो प्रतिवेदन पेस गर्न आदेश गर्नु पर्नेछ।

## परिच्छेद-८

## <u>बाल मैत्री वातावरण</u>

२९. **<u>बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनेः</u>** (१) बालबालिका संलग्न रहेको मुद्दामा अनुसन्धान र अभियोजन गर्ने निकाय तथा अदालतले बाल न्याय सम्पादन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ।

(२) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिँदा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम १५ मा उल्लिखित कुरालाई आधार लिन सकिनेछ।

३०. **<u>बाल मैत्री जनशक्तिको व्यवस्थापनः</u>** (१) ऐनको दफा २० को खण्ड (ग) बमोजिम बालबालिकाले गरेको कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन र अदालतमा कार्यरत कर्मचारीका लागि समय समयमा बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरुपको बोली, बचन लगायतका बाल मैत्री व्यवहार सम्बन्धमा अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) कानुनको विवादमा परेका बालबालिकाको कसूरजन्य कार्यको अनुसन्धान गर्ने निकाय तथा अदालतमा कर्मचारी तोक्दा उपलब्ध भएसम्म बालमैत्री व्यवहार सम्बन्धमा तालिम प्राप्त कर्मचारीलाई तोक्न सक्नेछ।

३१. **<u>अदालतले बालबालिकालाई सोधपुछ गर्दा विचार गर्नुपर्ने कुराः</u>** बालबालिकालाई सोधपुछ गर्दा अदालतले नियमावलीको नियम ८ बमोजिम विचार गर्नुपर्ने कुरालाई अनुसरण गर्नुका साथै देहायको कुरामा समेत ध्यान दिनु पर्नेछः-

(क) सोधपुछ गर्दा यथाशक्य निजसँग घुलमिल भएका परिचित व्यक्तिलाई साथमा राख्ने व्यवस्था मिलाउने,

(ख) बालबालिकाको अभिभावकको उपस्थिति हुने वातावरण कायम गर्ने,

(ख) सुरक्षा संवेदनशीलताको अवस्था बाहेक सोधपुछ कक्षमा प्रहरीको उपस्थितिलाई निषेध गर्ने,

(ग) प्रहरी कर्मचारीको उपस्थिति गराउनु पर्ने अवस्थामा पनि सादा पोशाकमा उपस्थित हुने प्रबन्ध मिलाउने,

(घ) सोधपुछ कक्षमा बालबालिकाको उमेर सुहाउँदो बाल सामग्रीको व्यवस्था गर्ने,

(ङ) सोधपुछमा संलग्न हुने कर्मचारी पनि सम्बन्धित बालबालिकासँग परिचित हुने र घुलमिल हुने प्रयास गर्ने,

(च) बालबालिकासँग सोधपुछ गर्नु पर्दा यथाशक्य बाल न्याय सम्बन्धी प्रशिक्षण लिएका महिला कर्मचारी भए निज वा त्यस्तो प्रशिक्षण लिएका अन्य कर्मचारीबाट लिन लगाउने,

(छ) बालबालिकासँग सोधपुछ गर्नु पर्दा बाल मनोवैज्ञानिक वा बालबालिकासँग सहज रुपमा सम्वाद गर्न सक्ने अन्य व्यक्तिलाई पनि बाल अदालतले तोक्न सक्ने,

(ज) नेपाली भाषा बुझ्न नसक्ने बालबालिका भए दोभाषेको सुविधा उपलब्ध गराउने।

३२. **बाल मैत्री वातावरणः** (१) अदालतले मुद्दाको सुनुवाइमा बाल मैत्री वातावरण कायम गर्दा दफा ३१ र ऐनको दफा २६ को उपदफा (१) को खण्ड (ज)मा उल्लिखित कुराका अतिरिक्त देहायका कुरा समेत अवलम्बन गर्न सक्नेछः-

(क) दफा ३३ बमोजिमको इजलास संरचना कायम गरी सुनुवाइ गर्ने,

(ख) बालबालिकाको कानुन व्यवसायी वा सो नभए वैतनिक कानुन व्यवसायीलाई सुनुवाइमा निजको तर्फबाट बहस पैरवीमा संलग्न गराउने,

(ग) अदालतले बाल मैत्री वातावरण कायम गर्न उपयुक्त सम्झेका अन्य कुरा।

(२) ऐनको दफा ३४ को उपदफा (२) बमोजिम सुनुवाइमा बालबालिकालाई सहभागी गराउन निजलाई पेसीको सूचना दिनु पर्नेछ। बालबालिकाले लेखेर वा सुधार गृहका वार्डेन मार्फत टेलिफोन वा म्यासेज गरेर पनि आफ्नो धारणा व्यक्त गर्न सक्नेछ।

(३) पुर्पक्षका क्रममा बालबालिका बाल सुधार गृहमा नरही अभिभावक वा अन्य व्यक्तिसँग रहेमा त्यस्तो अभिभावक वा व्यक्ति तथा पीडितलाई टेलिफोन वा म्यासेज लगायतका विद्युतीय माध्यमबाट समेत पेसीको सूचना दिन सकिनेछ।

(४) सुनुवाइका क्रममा कानुनको विवादमा परेका बालबालिका तथा पीडित बालबालिका उपस्थित भएमा निजले कुनै भनाइ राख्न चाहेमा निजको भनाइलाई अभिलेखीकरण गरी मिसिल सामेल राख्नु पर्नेछ।

३३. **छुट्टै प्रकृतिको इजलास संरचना बनाउनेः** (१) अदालतले यथासम्भव अन्य सामान्य मुद्दामा प्रयोग हुने प्रकृतिको इजलासको संरचनामा बालबालिकाको मुद्दा सुनुवाइ नगरी बालमैत्री अनुकूलको छुट्टै इजलासको संरचना कायम गर्नु पर्नेछ।

(२) अदालतमा छुट्टै प्रकृतिको बाल इजलासको संरचना नभएमा न्यायाधीशको चेम्बर वा अदालतको बैठक कक्षलाई नै इजलास कायम गर्न सकिनेछ।

## परिच्छेद-९

## सजाय स्थगन, सजायको स्वरुप र सुधार अवधि

३४. **सजाय स्थगनको शर्त तोक्नेः** अदालतले ऐनको दफा ३६ को उपदफा (५) बमोजिम शर्त तोक्दा देहायका शर्त वा यस्तै अन्य आवश्यक कुरा फैसला गर्दाकै अवस्थामा तोक्न सक्नेछ। यसरी शर्त तोक्दा के कति अवधिसम्म सजाय स्थगन गर्ने हो भन्ने समेत फैसलामा खुलाउनु पर्नेछ।

(क) नियमित रुपमा विद्यालय जाने,

(ख) पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क नगर्ने,

(ग) अदालतको अनुमति बिना कुनै स्थान नछोड्ने,

(घ) असल आचरण र मानवीय व्यवहार प्रदर्शन गर्ने,

(ङ) मद्यपान, धुम्रपान वा लागु औषधको कुलतमा नलाग्ने,

(च) कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी कुनै कुरा व्यक्त गर्ने वा कुनै सामग्री प्रकाशन प्रशारण नगर्ने,

(छ) पीडितलाई त्रास वा अनुचित प्रभावमा पार्न नपाइने,

(ज) अभिभावक वा संरक्षक बिना रात बिताउने गरी अन्यत्र जान नपाउने,

(झ) थप कसूर गर्नेमा संलग्न हुन नहुने,

(ञ) पीडित छिमेकी भएमा बालबालिकालाई सो स्थानमा नराखी नातेदार वा अभिभावकले रोजेको अन्य स्थानमा राख्ने।

(२) अदालतले उपदफा (१) बमोजिम सजाय स्थगन गर्दा निर्दिष्ट गरिएका शर्त पालन गर्न कागज गराउनु पर्नेछ। निजले सजाय स्थगनको अवधिभित्र शर्त उल्ङ्घन गरेमा सजाय कार्यान्वयनका लागि बाल सुधार गृहमा पठाउनु पर्नेछ।

(३) अदालतले सजाय स्थगन गरेको अभिलेख समेत लगत किताबमा राख्नु पर्नेछ।

(४) सजाय स्थगनको अवधिभित्र बालबालिकाले शर्त उल्ङ्घन नगरेमा सो अवधि समाप्त भएपछि सजाय कार्यान्वयन भएको मानिनेछ र सजाय स्थगनको लगत कट्टा गर्नु पर्नेछ।

३५. **सजायको स्वरुप सम्बन्धमा उपयुक्त निर्णय गर्नेः** (१) अदालतले ऐनको दफा ३६ को उपदफा (५) बमोजिम सजायको स्वरुप सम्बन्धमा निर्णय गर्दा सो उपदफा अनुसार के कस्तो सजायको स्वरुप निर्धारण गर्ने हो सो कुरा फैसलामा उल्लेख गरी देहाय बमोजिमका कार्य समेत गर्ने बेहोरा खुलाउनु पर्नेछ।

(क) असल मानवीय व्यवहार सम्बन्धमा सम्झाइ बुझाइ गर्दा त्यसरी सम्झाए बुझाएको कागज गराउनु पर्नेछ।

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट अभिमुखीकरण गर्दा के कति अवधिको र कति पटक अभिमुखीकरण गराउनु पर्ने हो सो समेत खुलाइ सो को अभिलेख मिसिल संलग्न राख्नु पर्नेछ।

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउँदा कानुनको विवादमा परेको बालबालिकाको मानसिक समस्या भए सो समेत पहिचान गरी एकल, सामूहिक वा पारिवारिक के कस्तो र के कति अवधि मनोसामाजिक परामर्श दिने हो सो समेत खुलाइ परामर्श दिएको अभिलेख राख्नु पर्नेछ।

(घ) निगरानीमा राख्दा परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थामध्ये कहाँ र कसको निगरानीमा राख्ने हो, के कस्ता शर्त पालन गर्नु पर्ने हो र कति अवधिका लागि राख्नु पर्ने हो भन्ने समेत खुलाइ त्यसरी निगरानीमा राखिएको अभिलेख राख्नु पर्नेछ।

(ङ) बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउँदा त्यस्तो बालबालिकालाई शारीरिक वा मानसिक क्षति नपुग्ने कुराको यकिन गरी के कस्तो सामुदायिक सेवामा कुन ठाउँमा र कति अवधिका लागि पठाउने हो सो समेत खुलाइ त्यसरी सेवा गरेको अभिलेख राख्नु पर्नेछ।

(च) ठहरेको सजाय भन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा राख्दा के कति अवधि कुन बाल सुधार गृहमा राख्ने हो सो समेत खुलाइ बाल सुधार गृहमा बसेको अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सजायको स्वरुप सम्बन्धमा उपयुक्त निर्णय गरी कार्यान्वयन भएको बारे अदालतले सम्बन्धित निकाय वा अधिकारीबाट आवधिक रुपमा प्रतिवेदन लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम भएको सजायको स्वरुप सम्बन्धी उपयुक्त निर्णयको लगत राखी त्यस्तो सजाय स्थगन भएको वा उपयुक्त निर्णय अनुसारको कार्य सम्पन्न भएपछि लगत कट्टा गर्नु पर्नेछ।

३६. **<u>सुधार अवधि घटाउने सिफारिस गर्दाको प्रक्रिया:</u>** (१) ऐनको दफा ३८ बमोजिम बाल कल्याण अधिकारीले बाल सुधार गृहमा रहेको बालबालिकाको सो संस्थामा रहने अवधि घटाउन वा छुट दिन सिफारिस गर्दा आफू कहिलेदेखि सम्बन्धित बालबालिकाको सम्पर्कमा रहेको हो, कुन रुपबाट निजको आचरणको अध्ययन वा अनुगमन गरेको हो, पहिले निजको व्यवहार कस्तो थियो, हाल कस्तो व्यवहार रहेको छ, चालचलन वा मानवीय व्यवहार कस्तो छ, सुधार आएको भए कुन पक्षमा के कस्तो सुधार

आएको छ, कति अवधि घटाउनु पर्ने हो भन्ने आवश्यक कुरा खुलाउनु पर्नेछ। सो सिफारिस गर्नुअघि बालसुधार गृहका वार्डेनको राय समेत लिई निजको राय सिफारिस साथ संलग्न राख्नु पर्नेछ।

(२) बाल सुधार गृहमा नरही अन्य कुनै संस्था, व्यक्तिको संरक्षण वा निगरानीमा रहेको बालबालिकाको हकमा उपदफा (१) बमोजिम सिफारिस गर्दा देहाय बमोजिमका अवस्था रहेको वा नरहेको खुलाउनु पर्नेछः-

(क) नियमित रुपमा विद्यालय गए नगएको,

(ख) कुनै पेसा वा तालिममा संलग्न रहेकोमा सोमा निरन्तर संलग्न रहे वा नरहेको तथा अन्य आयमूलक रोजगारीमा रहे वा नरहेको,

(ग) पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क गरी पीडित पक्षलाई निजबाट हानि नोक्सानी हुने सम्भावना रहे वा नरहेको,

(घ) असल आचरण र मानवीय व्यवहार प्रदर्शन गरे वा नगरेको,

(ङ) कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी कुनै कुरा व्यक्त गरे नगरेको वा सामग्री प्रकाशन प्रशारण गरे वा नगरेको,

(च) पीडितलाई त्रास वा अनुचित प्रभावमा पारे वा नपारेको,

(छ) थप कसूर गर्न संलग्न हुने संभावना रहे वा नरहेको।

(३) उपदफा (१) बमोजिम प्राप्त सिफारिस अदालतले जाँचबुझ गर्दा सिफारिसका आधारको विश्वसनीयता, वस्तुनिष्ठता र कानुनको विवादमा परेको बालबालिकाको बाबु आमा वा अभिभावक र पीडित पक्षको धारणा बुझी जाँचबुझ गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अदालतले जाँचबुझ गरिसकेपछि सुधारको अवधि घटाउने वा नघटाउने वा छुट दिने वा नदिने र सजायको अवधि घटाउने वा छुट दिने भएमा कति अवधि घटाउने वा छुट दिने हो सो को आधार र कारण सहित निर्णय गरी तदनुरुप सुधार अवधिको लगत कट्टा गर्नु पर्नेछ।

**३७.** <u>**बालबालिकाका सम्बन्धमा छुट्टै लगत किताब खडा गर्नेः**</u> अदालतले कानुनको विवादमा परेको बालबालिकालाई फैसला बमोजिम भएको सजाय, सजाय स्थगन र सजाय घटाएको, सजायको उपयुक्त स्वरुप निर्धारण गरेको वा छुट दिएको जस्ता कुराको गोपनीयता कायम हुने गरी अनुसूची-५ बमोजिमको छुट्टै लगत किताब खडा गरी लगत राखी सो बमोजिमको कार्य सम्पन्न भएपछि लगत कट्टा गर्नु पर्नेछ।

## परिच्छेद-१०

## विविध

३८. **बालबालिकालाई अलग वा अन्यत्र राख्ने:** (१) ऐनको दफा ४३ को उपदफा (४) बमोजिम बाल सुधार गृहमा रहेका अठार वर्ष उमेर पुगेका बालबालिकालाई अन्य बालबालिकासँग अलग राख्नु पर्दा सम्भव भएसम्म बाल सुधार गृहमा अलग ब्लक खडा गरी छुट्टै राख्नु पर्नेछ।

(२) ऐनको दफा ४४ को उपदफा (१) बमोजिम दीर्घ वा कडा रोग लागी निरन्तर उपचार गराइरहनु पर्ने, शारीरिक वा मानसिक रुपमा अशक्त वा नसालु पदार्थको कुलतमा लागेका बालबालिकालाई अन्य ठाउँमा सार्दा सम्भव भएसम्म बालबालिकाको सुधारसँग सम्बन्धित संस्था वा अस्पतालका चिकित्सकको सिफारिस अनुसारको स्थानमा के कति अवधिका लागि राख्ने हो अवधि तोकी सार्न सकिनेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि अदालतले जिल्ला बाल न्याय समिति मार्फत लागु औषध पुनर्स्थापना केन्द्रको सूची वा यस्तै अन्य सुधार केन्द्रको सूची प्राप्त गरी सोही सूचीमा उल्लिखित स्थान वा अन्य उपयुक्त स्थानमा राख्ने आदेश दिनेछ। त्यसरी आदेश दिएकोमा बालबालिकामा आएको सुधार बारे त्यस्तो संस्थाले आवधिक रुपमा प्रतिवेदन गर्नु पर्नेछ।

३९. **बाल सुधार गृह अनुगमन गर्दा हेर्नुपर्ने कुरा:** ऐनको दफा ४३ को उपदफा (३) बमोजिम अदालतले बाल सुधार गृहको अनुगमन गर्दा प्रचलित कानुन र निरीक्षण सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची ५ मा उल्लेख भएका कुराका आधारमा गर्नु पर्नेछ।

४०. **बालबालिकालाई आवश्यक सहयोग गर्नुपर्ने:** (१) न्याय सम्पादनको क्रममा अदालतमा उपस्थित हुने बालबालिका र निजका परिवारका सदस्य वा संरक्षकलाई अदालतमा कार्यरत कर्मचारीले आवश्यक सबै सहयोग गर्नु पर्नेछ।

(२) तत्काल कानुन व्यवसायी नभएमा वा आफैंले लेख्न नजान्ने बालबालिका वा निजको परिवारका सदस्य वा संरक्षकलाई अदालतमा पेस गर्नुपर्ने सामान्य लिखतको नमुना (टेम्प्लेट) अदालतले उपलब्ध गराई सो लिखत तयार गर्न कर्मचारीले सहयोग गर्नु पर्नेछ।

(३) त्यस्ता लिखतको नमुना (टेम्प्लेट) सम्बन्धित बालबालिका वा निजको परिवारको सदस्य वा संरक्षकको जानकारी र पहुँचको लागि अदालतको वेबसाइटमा समेत राख्नु पर्नेछ।

४१. **पुरकको रुपमा कार्यविधि प्रयोग गरिने:** (१) ऐन, नियमावली र प्रचलित अन्य कानुनका अधीनमा रही सो कानुनको पुरकको रुपमा यो कार्यविधि प्रयोग गरिनेछ।

(२) यो कार्यविधिमा रहेका कुनै कुरा प्रचलित कानुनसंग बाझिएमा कानुनका व्यवस्था नै लागू हुनेछन्।

## अनुसूची-१

(दफा १६ को उपदफा (६) सँग सम्बन्धित)

श्री...बाल अदालत...बाल इजलास

**विषयः बालबालिकाको चालचलन बारेको मासिक प्रतिवेदन पेस गरेको।**

१. ....को जाहेरीले वादी नेपाल सरकार बिरुद्ध कानुनको विवादमा परेका ...भई दायर भएको............ बाल अदालत/............इजलासमा विचाराधीन रहेको............मुद्दामा कानुनको विवादमा परेका ............को चालचलन बारे............ साल............महिनाको देहाय बमोजिमको प्रतिवेदन पेस गरिएको छ।

(क) निज नियमित रुपमा विद्यालय जाने गरेको छ वा छैन

(ख) निजले पीडित वा निजको परिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क गर्ने गरेको छ वा छैन

(ग) निजले अदालतको अनुमति बिना तोकिएको स्थान छोडेको छ वा छैन

(घ) निजले असल आचरण र मानवीय व्यवहार प्रदर्शन गरेको छ वा छैन र निजको आचरण तथा व्यवहार के कस्तो रहेको छ

(ङ) निज धुम्रपान, मद्यपान वा लागू औषधको कुलतमा लागेको छ वा छैन

(च) निजले कुनै पनि माध्यमबाट पीडितलाई असर पर्ने गरी सामग्री प्रकाशन प्रशारण गरेको छ वा छैन

(छ) निजले पीडितलाई अनुचित प्रभाव पार्न प्रयास गरेको छ वा छैन

(ज) निज अभिभावक वा संरक्षक बिना रात बिताउने गरी अन्यत्र गएको छ वा छैन

(झ) निजले थप कसूर गर्न सक्ने सम्भावना छ वा छैन

(ञ) निजको आचरणमा बिगत र हाल के कस्तो अवस्था देखिन्छ

(ट) अन्य सान्दर्भिक कुराहरु

२ यसमा लेखिएको बेहोरा ठकि साँचो छ, झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

प्रतिवेदन दिने व्यक्तिको नाम............

ठेगाना.............

संस्था............।

दस्तखत............

इति संवत्............साल महिना............गते.............रोज............शुभम्।

## अनुसूची-२

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

### पीडित बालबालिकाको अधिकारको सूची

१. पीडित.............को अभिभावक श्री............को जाहेरीले वादी नेपाल सरकार विरुद्ध............भएको............मुद्दा यस बाल अदालत/इजलासमा दायर भएकोमा पीडित............लाई सो मुद्दाको सुनुवाइ क्रममा देहाय बमोजिम अधिकार रहने बेहोरा जानकारी गराइएको छ।

क) पीडितलाई मुद्दाका सबै चरणमा आफूले बुझ्ने भाषामा जानकारी पाउने अधिकार हुन्छ। तपाईलाई मुद्दाको प्रक्रियाका सम्बन्धमा कुनै कुरा जानकारी चाहिएमा............नं. को टेलिफोनमा सोधन सक्नु हुनेछ।

ख) तपाईको टेलिफोन म्यासेजमा मुद्दाको सुनुवाइ हुने दिनको सूचना दिइने छ। सो दिन उक्त प्रक्रियामा आउन चाहेमा आई सहभागी हुन पाउनु हुन्छ।

ग) मुद्दाका कारबाहीमा पीडितको नाम सार्वजनिक गरिदैन। पीडितलाई यस मुद्दामा..........काल्पनिक नाम दिइएको छ।

घ) पीडकले कसूर गरेको प्रमाणबाट ठहर भएमा निजबाट अदालतले उपयुक्त रकम पीडितलाई क्षतिपूर्तिको रुपमा भराइदिने छ। यदि पीडकसँग कुनै सम्पत्ति नभएमा सो रकम राज्यबाट पाउने गरी अदालतले फैसला गर्नेछ।

ङ) पीडितलाई मनोसामाजिक परामर्श सेवाको आवश्यकता परेमा अदालतमा अनुरोध गर्नुहोला अदालतले त्यस सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ।

च) यस मुद्दामा तपाईको तर्फबाट सरकारी वकीलले बहस पैरवी गर्नेछन्। अलग्गै कानुन व्यवसायी राख्न चाहेमा पनि राख्न सक्नुहुनेछ।

छ) पीडितले नेपाली भाषा नबुझ्ने भएमा अदालतमा भन्नुहोला। अदालतले त्यस्तोमा कुनै शुल्क नलिई दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादकको प्रबन्ध गर्नेछ।

ज) अनुसन्धान गर्ने निकाय वा बाल इजलासले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि लिनका लागि तपाईले कुनै शुल्क तिर्नु पर्ने छैन।

झ) तपाईलाई पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने अधिकार हुनेछ। तपाई वा तपाईको साक्षी वा नजिकको नातेदार कुनै मानिसलाई पीडकबाट सुरक्षामा खतरा छ भने अदालतलाई जानकारी दिनुहोला। अदालतले सुरक्षाको व्यवस्था मिलाउन प्रहरीलाई आदेश दिनेछ।

ञ) तपाईको मुद्दा सुनुवाइ हुँदा जो सुकै व्यक्ति इजलासमा बस्न पाउने छैनन्।

ट) अदालतमा मुद्दाको कारबाहीका बखत पीडकबाट तपाईलाई असुरक्षा महसुस भएमा अदालतमा भन्नुहोला। यस्तो अवस्थामा निजलाई त्यहाँ नराखी निजको कानुन व्यवसायीलाई मात्र राख्ने व्यवस्था अदालतले मिलाउन सक्नेछ।

## अनुसूची-३

(दफा १९ सँग सम्बन्धित)

### सुनुवाइको सिलसिलामा कानुनको विवादमा परेका बालबालिकाका अधिकारहरू

१. कानुनको विवादमा परेका परिवर्तित नाम............को जाहेरीले वादी नेपाल सरकार विरुद्ध तपाई भएको...........मुद्दा यस बाल अदालत/इजलासमा दायर भएकोमा सो मुद्दाको सुनुवाइ क्रममा तपाईलाई देहाय बमोजिम अधिकार रहेको बेहोरा जानकारी गराइएको छ।

क) तपाई विरुद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत प्राप्त गर्ने अधिकार हुनेछ। यसका लागि तपाईले यस अदालतको सम्बन्धित फाँटमा सोध्न वा ............नं. को टेलिफोनमा सोधी जानकारी लिन सक्नु हुनेछ

ख) तपाईलाई आफू विरुद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानुनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने अधिकार हुनेछ। यसका लागि अदालतको वैतनिक कानुन व्यवसायीबाट बहस पैरवी गराई पाउन यस अदालतमा अनुरोध गर्न सक्नु हुनेछ। वैतनिक कानुन व्यवसायीलाई अदालतले नै तलब दिएको हुन्छ। तपाईले कुनै रकम दिनु पर्नेछैन।

ग) तपाईको मुद्दा न्यायाधीश र समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ सम्मिलित इजलासबाट हेरिनेछ।

घ) मुद्दाका कारबाहीको क्रममा तपाईको परिवार वा संरक्षक उपस्थित हुन चाहेमा उपस्थित हुन सकिनेछ।

ङ) बाल अदालत /इजलासबाट नियमित अदालतभन्दा छिटो फैसला गरिनेछ। तपाईको मुद्दा सामान्यतया एक सय बिस दिनभित्र फैसला हुनेछ।

च) मुद्दाको प्रक्रियामा तपाईको नाम सार्वजनिक गरिदैन। मुद्दामा वास्तविक नामको सट्टा सांकेतिक वा परिवर्तित नाम............ कायम गरिएको छ।

छ) न्यायिक प्रक्रियाका हरेक चरणमा तपाई सहभागी हुन पाउनु हुन्छ र आफ्नो भनाइ राख्न पाउनु हुनेछ। इजलासबाट सुनुवाइ हुँदा कुनै विषयमा धारणा राख्ने अवसर दिइनेछ।

च) तपाईलाई बाल इजलासबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष मानिनेछ। कसैले पनि तपाईलाई कसूरदार भन्न पाउने छैन।

छ) तपाईलाई आफ्नोविरुद्ध बयान दिन वा बोल्न कसैले कर लगाउन मिल्दैन। तपाईले अदालतमा कसैको डर मान्नु पर्नेछैन, सोधिएका कुरा नडराई भन्न सक्नु हुनेछ।

**अनुसूची-४**

(दफा २७ को उपदफा (३) सँग सम्बन्धित)

**मुद्दाको कार्यतालिका**

**................................बाल अदालत /......................... बाल इजलास**

**मुद्दाको कार्यतालिका**

**वादीः-**

**कानुनको विवादमा परेका परिवर्तित नामः-**

**मुद्दा नं.** **मुद्दाको नामः-**

| क.सं. | कारबाहीको विवरण | निर्धारित मिति | संशोधित मिति | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

कार्यतालिका निर्माण गरेको मितिः

पक्षहरूको दस्तखतः सम्बन्धित अधिकृतको दस्तखतः

## अनुसूची-५

(दफा ३७ सँग सम्बन्धित)

### कानूनको विवादमा परेका बालबालिकाको सजाय सम्बन्धी लगत किताब

| सि.नं. | जाहेरवालाको नाम/परिवर्तित नाम | बालबालिकाको परिवर्तित नाम | मुद्दा नं. र मुद्दाको नाम | फैसला मिति र ठहरेको सजाय | | फैसला गर्ने अधिकारीको नाम | पीडितको नाम र पाउने क्षतिपूर्तिको विवरण | सजाय स्थगन भएको वा घटाएको शर्त सहितको विवरण | सजायको स्वरूप निर्धारण वा छुट सम्बन्धी अवधि सहितको विवरण | लगत कट्टा वा फछ्र्यौटको अवस्था | लगत राख्ने कर्मचारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाल सुधार गृहमा बस्नु पर्ने अवधि | जरिवाना | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

फाँटवालाः

प्रमाणीत गर्ने अधिकारीः

# कानूनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८०

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायको निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "कानूनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "कानूनको विवादमा परेका बालबालिका" भन्नाले कसूरजन्य कार्यको आरोप लागेको बालबालिका सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ग) "कसूरजन्य कार्य" भन्नाले प्रचलित कानूनबमोजिम हुने फौजदारी कसूर सम्झनुपर्छ।

(घ) "दिशान्तर" भन्नाले कानूनको विवादमा परेका बालबालिकालाई ऐनको दफा २९ मा उल्लिखित कुनै प्रक्रिया अवलम्बन गरी औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजाने कार्य सम्झनुपर्छ।

(ङ) "दिशान्तर गर्ने अधिकारी" भन्नाले ऐनको दफा २७ को उपदफा (१) बमोजिम कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्ने अधिकारी वा बाल अदालत सम्झनुपर्छ।

(च) "नियमावली" भन्नाले बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ सम्झनुपर्छ।

(छ) "पीडित" भन्नाले कसूरजन्य कार्यबाट हानि वा क्षति पुगेको व्यक्ति सम्झनुपर्छ। सो शब्दले पीडितमा आश्रित परिवारको अन्य सदस्यलाई समेत जनाउनेछ।

(ज) "प्रोवेशन अधिकारी" भन्नाले ऐनको दफा ७९ को उपदफा (१) बमोजिम नियुक्ति गरिएको वा उपदफा (२) बमोजिम तोकिएको अधिकारी सम्झनुपर्छ।

(झ) "बाल अदालत" भन्नाले ऐनको दफा ३० को उपदफा (१) बमोजिम गठन भएको बाल अदालत सम्झनुपर्छ र सो शब्दले सोही दफाको उपदफा (३) बमोजिम गठन भएको बाल इजलासलाई समेत जनाउछ।

## परिच्छेद-२

## दिशान्तर गर्न सकिने अवस्था र अधिकारी

३. **दिशान्तर गर्न सकिने अवस्थाः** (१) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेको बालबालिकाको सर्वोत्तम हितको लागि त्यस्तो बालबालिकालाई देहायको अवस्थामा दिशान्तर गर्ने निर्णय गर्न सक्ने छः-

(क) ऐनको दफा २७ को उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी, सरकारी वकील र बाल अदालतले दिशान्तर गर्न सक्ने अवस्थाको कसूरजन्य कार्य रहेको,

(ख) कसूरजन्य कार्य गरेको कुरा कानूनको विवादमा परेको बालबालिकाले सोधपुछको क्रममा वा मुद्दाको जुनसुकै चरणमा स्वीकार गरेको,

(ग) सम्बन्धित बालबालिका, निजका आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षकको सहमति भएको र

(घ) पीडित र कानूनको विवादमा परेका बालबालिकालाई राखी छलफल गराउँदा दिशान्तर गर्न निजहरुको लिखित सहमति प्राप्त भएको ।

(२) उपदफा (१) बमोजिम दिशान्तर गर्दा कसुरजन्य कार्यको प्रकृति, त्यस्तो कार्य गर्दाको परिस्थिति र गाम्भिर्यता, बालबालिकाको उमेर, परिपक्वता, बौद्धिकस्तर, पारिवारिक अवस्था समेतलाई विचार गर्दा दिशान्तर गर्न मनासिव देखिनु पर्नेछ। साथै, कसुरजन्य कार्यबाट पीडितलाई पुगेको क्षति र सोको क्षतिपूर्ति गर्न सकिने अवस्था समेत विद्यमान रहेको हुनु पर्नेछ।

४. **दिशान्तर गर्ने अधिकारी र दिशान्तर प्रक्रियाको प्रारम्भः** (१) ऐनको दफा २७ को उपदफा (१) तथा नियमावलीको नियम ९ को उपनियम (२) र (४) तथा नियम १९ बमोजिम देहायको अवस्थामा देहायको अधिकारीले दिशान्तरको प्रक्रिया प्रारम्भ गर्ने निर्णय गर्न सक्नेछः-

(क) पाँच हजार रुपैयाँसम्म विगो भएको वा दुई हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्ने कसुरजन्य कार्यमा अनुसन्धान शुरु भई कानूनको विवादमा परेका बालबालिकाले सोधपुछको क्रममा कसुरजन्य

कार्य स्वीकार गरेमा अनुसन्धान प्रतिवेदन पेश गर्नुअघि अनुसन्धान अधिकारीले,

(ख) दश हजार रुपैयाँसम्म बिगो भएको वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्ने कसूरजन्य कार्य भएमा कानूनको विवादमा परेका बालबालिकासँग सोधपुछ गर्दा कसुरजन्य कार्य स्वीकार गरेमा अभियोगपत्र दायर नगर्दासम्म सम्बन्धित सरकारी वकीलले,

(ग) जतिसुकै बिगो भएको वा जतिसुकै जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्ने कसुरजन्य कार्य भएमा अभियोगपत्र दायर भएपछि कानूनको विवादमा परेका बालबालिकाले कसुरजन्य कार्य स्वीकार गरेमा फैसला हुनुअघि सम्बन्धित बाल अदालतले।

(२) उपदफा (१) बमोजिम दिशान्तरको प्रक्रिया प्रारम्भ गरी निर्णय गर्दा सम्बन्धित अधिकारीले आधार तथा कारण उल्लेख गरी नियमावलीको अनुसूची-६ र अनुसूची-७ बमोजिमको ढाँचामा दिशान्तरको निर्णय गर्नुपर्नेछ।

५. **दिशान्तर गर्दा विचार गर्नुपर्ने कुराहरूः** (१) दिशान्तर गर्ने अधिकारीले ऐनको दफा २७ को उपदफा (१) तथा नियमावलीको नियम ९ वा नियम १९ बमोजिम कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्दा ऐनको दफा २८ मा उल्लेख भएबमोजिमका कुराका अतिरिक्त देहायका कुराहरूमा विचार गर्नु पर्नेछः-

(क) कानूनको विवादमा परेका बालबालिकाले कसूरजन्य कार्य गरेको कुरा स्वीकार गरे नगरेको,

(ख) दिशान्तर गर्नेबारे सम्बन्धित बालबालिका, निजको बाबु, आमा र बाबुआमा नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति रहे नरहेको,

(ग) पीडित पक्षको यथासम्भव पुनर्स्थापना हुने गरी निजको सहमति प्राप्त भए नभएको,

(घ) कसूरजन्य कार्यको प्रकृति र सो कार्य गर्दाको परिस्थिति,

(ङ) कसूरजन्य कार्यको गाम्भीर्यता,

(च) कानूनको विवादमा परेका बालबालिकाको उमेर, परिपक्वता र बौद्धिक स्तर,

(छ) त्यस्तो बालबालिकाको पारिवारिक वातावरण,

(ज) पीडितलाई पुगेको क्षति र निजको क्षतिपूर्तिको विषय, र

(झ) बालबालिकालाई समाजमा पुनः कसूरजन्य कार्य गर्नबाट रोक्ने विषय।

(२) नियमावलीको नियम ९ को उपनियम (१), (२) र (४) बमोजिम अनुसन्धान अधिकारी वा सरकारी वकीलले दिशान्तरको निर्णय गर्नुअघि कानूनको विवादमा परेका बालबालिकाको मनोवैज्ञानिक र सामाजिक अध्ययन प्रतिवेदन सूचीकृत मनोविज्ञ र समाजसेवीबाट लिनु पर्नेछ।

(३) नियमावलीको नियम १९ बमोजिम बाल अदालतले बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तरको निर्णय गर्नुअघि कानूनको विवादमा परेका बालबालिकाको मनोवैज्ञानिक अध्ययन प्रतिवेदन सूचीकृत बाल मनोविज्ञबाट र आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक अवस्थाको अध्ययन प्रतिवेदन समाजसेवीबाट लिनु पर्नेछ ।

(४) बाल अदालतले दिशान्तरको निर्णय गर्दा सम्बन्धित सरकारी वकीलको धारणा समेत विचार गरी निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-३

## दिशान्तर गर्दा पूरा गर्नुपर्ने प्रक्रिया

६. **दिशान्तर सम्बन्धी अधिकारको प्रयोगः** (१) दिशान्तर गर्ने अधिकारीले ऐनको दफा २८ तथा नियमावलीको नियम ९ र नियम १९ बमोजिमको अवस्था समेत विचार गरी यथासम्भव छिटो दिशान्तरको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(२) बाल अदालतबाट दिशान्तर सम्बन्धी निर्णय गर्ने अधिकारको प्रयोग त्यस्तो इजलासका जिल्ला न्यायाधीश, समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको सामूहिक निर्णयबाट हुनेछ।

(३) नियमावलीको नियम १८ को उपनियम (५) बमोजिम कुनै समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञले दिशान्तर निर्णय प्रक्रियामा सहभागी हुन नपाउने अवस्था परेमा अदालतमा सूचीकृत रहेका अन्य समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञलाई न्यायाधीशले तोक्नेछ।

(४) उपदफा (३) बमोजिमका समाजसेवी तथा बालमनोविज्ञ वा बाल विशेषज्ञ अदालतमा सूचीकृत नरहेको अवस्थामा न्यायाधीश र सहभागी हुने अर्को सदस्य भएमा निजहरुले मात्र र अर्को सदस्य पनि नभएमा वा उपस्थित हुन नआएमा न्यायाधीशले मात्र दिशान्तर प्रक्रियाको निर्णय गर्न बाधा पर्ने छैन।

(५) सम्बन्धित समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ जिल्ला बाहिर वा मुलुक बाहिर जानु पर्ने भएमा दिशान्तर गर्ने सम्बन्धित न्यायाधीशलाई सो कुराको जानकारी गराउनु पर्नेछ। त्यस्तो जानकारी प्राप्त भएमा दिशान्तर गर्ने न्यायाधीशले उपदफा (३) बमोजिम दिशान्तर प्रक्रियाको लागि निर्णय गर्न सक्नेछ ।

७. **अध्ययन प्रतिवेदन प्राप्त गर्ने:** (१) दफा ४ बमोजिम कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्न सकिने अवस्था भएमा वा दफा ६ बमोजिम दिशान्तरको प्रक्रिया प्रारम्भ गरिएमा अनुसन्धान अधिकारी वा सरकारी वकीलले ऐनको दफा २९ को उपदफा (४) तथा नियमावलीको नियम ९ को उपनियम (१) बमोजिम त्यस्तो बालबालिकाको शारीरिक तथा मानसिक अवस्था सम्बन्धमा बाल मनोविज्ञ र बालविशेषज्ञबाट तथा आर्थिक, सांस्कृतिक अवस्था र सामाजिक परिवेशको सम्बन्धमा समाजसेवीबाट अध्ययन र विश्लेषण गराई सो सम्बन्धी प्रतिवेदन लिनु पर्नेछ।

(२) कानूनको विवादमा परेका बालबालिका उपर ऐनको दफा २९ को उपदफा (४) बमोजिम अभियोगपत्र दायर गर्दाका बखत उपदफा (१) बमोजिमको प्रतिवेदन पेश नभएकोमा बाल अदालतले दिशान्तरको निर्णय गर्नुभन्दा अगावै त्यस्तो प्रतिवेदन लिनु पर्नेछ।

८. **सोधपुछ, छलफल तथा परामर्श गर्ने:** (१) दफा ७ बमोजिमको अध्ययन प्रतिवेदन प्राप्त भई विश्लेषण गरेपछि कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने सम्बन्धमा दिशान्तर गर्ने अधिकारीले ऐन तथा नियमावलीबमोजिम देहायको विषयमा त्यस्तो बालबालिका, निजको बाबु,आमा, बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा संरक्षक, पीडित पक्षसमेतसँग आवश्यक सोधपुछ, छलफल तथा परामर्श गर्नुपर्ने छः-

(क) कानूनको विवादमा परेका बालबालिकाले आफूलाई लागेको कसूरजन्य कार्यको आरोप स्वेच्छाले स्वीकार गरेको वा नगरेको,

(ख) दिशान्तरको लागि कानूनको विवादमा परेका बालबालिका सहमत भएको वा नभएको,

(ग) दिशान्तरको लागि कानूनको विवादमा परेका बालबालिकाको बाबु, आमा वा बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हक हित संरक्षण गर्ने संघ संस्थाको सहमति रहेको वा नरहेको,

(घ) पीडित भएमा दिशान्तर गर्न पीडित पक्षको सहमति रहेको वा नरहको,

(ङ) पीडित भएमा बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी गराउने विषय,

(च) ऐनको दफा २९ बमोजिम दिशान्तर गर्दा अवलम्बन गर्न सकिने प्रक्रियामध्ये उपयुक्त प्रक्रियाको छनौट गर्ने विषय,

(छ) पीडितलाई भएको हानि नोक्सानी भराउने, क्षतिपूर्ति दिने जस्ता ऐनको दफा २९ को उपदफा (८) तथा पुनर्स्थापकीय न्याय सम्बन्धमा नियमावलीको नियम २९ बमोजिमको विषय,

(ज) दिशान्तरको लागि सहमति भई दिशान्तर हुने भएमा दिशान्तरको अवधिमा कानूनको विवादमा परेका बालबालिका तथा निजका बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले पालना गर्नुपर्ने शर्तहरू,

(झ) दिशान्तरको प्रक्रियामा रहँदाको अनुगमनसम्बन्धी व्यवस्था र

(ञ) दिशान्तरसँग सम्बन्धित देखिएका अन्य आवश्यक विषय ।

(२) उपदफा (१) बमोजिम सोधपुछ, छलफल तथा परामर्श गर्दा आवश्यकता अनुसार बाल मनोविज्ञ, बाल विशेषज्ञ, समाजसेवी, प्रोवेसन अधिकारी वा बालकल्याण अधिकारीको उपस्थितिमा सहयोग लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सोधपुछ, छलफल तथा परामर्श गर्दा कानूनको विवादमा परेका बालबालिकाले भविष्यमा गर्न हुने र गर्न नहुने विषयहरूको विवरण तयार गरी सो आधारमा परामर्श गर्न सकिनेछ।

(४) यस दफाबमोजिम हुने सोधपुछ, छलफल तथा परामर्शको सम्बन्धमा दिशान्तर गर्ने अधिकारीले लिखित रूपमा अभिलेख राख्नु पर्नेछ।

(५) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तरको लागि सोधपुछ गर्दा त्यस्तो बालबालिकालाई कसूरजन्य कार्यको आरोप स्वीकार वा अस्वीकार गर्नको लागि प्रत्यक्ष वा अप्रत्यक्ष कुनै प्रकारले प्रभाव पार्न वा दबाब दिन हुँदैन।

९. **सोधपुछ, छलफल तथा परामर्श गर्दा विचार गर्नुपर्ने कुराहरू:** दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर सम्बन्धमा दफा ८ बमोजिम सोधपुछ, छलफल तथा परामर्श गर्दा ऐनको दफा २० बमोजिम बालन्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुराहरू तथा नियमावलीको नियम ८ बमोजिमका बालबालिकालाई सोधपुछ गर्दा विचार गर्नुपर्ने कुराहरूमा ध्यान दिई सो बमोजिम गर्नुपर्नेछ।

१०. **दिशान्तरको लागि उपयुक्त प्रक्रियाको छनौट गर्ने:** (१) दिशान्तर गर्न सकिने कसूरजन्य कार्यको सम्बन्धमा दफा ९ बमोजिम सोधपुछ, छलफल तथा परामर्श गर्दा ऐनको दफा २८

को खण्ड (क), (ख) र (ग) बमोजिमको प्रक्रियामा स्वीकारोक्ति तथा सहमति प्रदान गर्न कानूनको विवादमा परेका बालबालिका, निजको आमा, बाबु, आमाबाबु नभएमा परिवारका अन्य सदस्य वा संरक्षक र पीडित पक्ष सहमत भएमा दिशान्तर गर्ने अधिकारीले अनुसूची-१ बमोजिमको ढाँचामा सहमतिपत्रको लिखत तयार गरी सहीछाप गराई सम्बन्धित फाइल संलग्न गर्नु पर्नेछ।

(२) अनुसन्धान अधिकारीले दिशान्तर गर्न सक्ने कसूरजन्य कार्यको सम्बन्धमा कानूनको विवादमा परेका बालबालिकालाई ऐनको दफा २१ को उपदफा (६) बमोजिम सोधपुछ गरी कसूरजन्य कार्य गरे नगरेको विषयमा स्पष्ट गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सहमति गर्दाको अवस्थामा दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रियाको सम्बन्धमा कुनै सहमति भएकोमा सो प्रक्रिया र त्यस्तो सहमति भइनसकेकोमा ऐनको दफा २९ मा उल्लेख भएमध्येका उपयुक्त कुनै एक वा एकभन्दा बढी प्रक्रिया अवलम्बन गर्ने गरी छनौट गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिशान्तर गर्न अवलम्बन गरिने प्रक्रियाको छनौट गर्दा ऐनको दफा २८ को खण्ड (घ) तथा यस निर्देशिकाको दफा ७ बमोजिमको प्रतिवेदन तथा विश्लेषण समेतको आधारमा बालबालिकाको सर्वोत्तम हितको लागि उपयुक्त प्रक्रिया अवलम्बन गर्ने गरी छनौट गर्नु पर्नेछ।

(५) पीडितको पुनर्स्थापनामा लाग्ने खर्च र त्यस्तो खर्च बेहोर्ने स्रोत कसूरजन्य कार्य गर्ने बालबालिकाले व्यहोर्न सक्ने अवस्था नभएमा ऐनको दफा ६३ बमोजिमको बालकोष वा पीडित राहत कोषबाट बेहोर्ने प्रक्रिया छनौट गर्न सकिनेछ।

## परिच्छेद-४

## दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया

११. **दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रियाहरू:** (१) कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्दा बालबालिकाको इच्छा तथा निजको सर्वोत्तम हित समेतलाई विचार गरी अवधि समेत तोकी ऐनको दफा २९ को उपदफा (१) मा उल्लेख भएका देहायबमोजिमको एक वा एकभन्दा बढी उपयुक्त प्रक्रिया अवलम्बन गर्न सकिनेछः-

(क) कानूनको विवादमा परेका बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,

(ख) बालबालिकालाई गल्ती महसुस गर्न लगाउने,

(ग) बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,

(घ) बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने,

(ङ) बालबालिकाको हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने,

(च) बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी कानूनको विवादमा परेका बालबालिकालाई छाड्ने,

(छ) बालबालिकालाई बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,

(ज) बालबालिकालाई कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने।

(२) दिशान्तर गर्ने अधिकारीले उपदफा (१) बमोजिमको प्रक्रियामध्ये कुन प्रक्रिया अवलम्बन गर्ने भन्ने विषयको निर्धारण कानूनको विवादमा परेका बालबालिकाको इच्छा, उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति, निजको बानी बेहोरा, यसअघि कसूरजन्य कार्य गरे नगरेको, कसूरजन्य कार्य गर्दाको परिस्थिति, बालबालिका तथा निजको परिवारको आर्थिक तथा सामाजिक अवस्था, सम्बन्धित स्थानमा उपलब्ध हुनसक्ने सेवा सुविधा, बालबालिका तथा निजका बाबु, आमा वा बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा संरक्षकको सहमति, कसूरबाट पीडितको सहमतिसमेतको आधारमा गर्नु पर्नेछ।

१२. **मेलमिलाप वा समझदारीका लागि सहजीकरण गर्ने**ः (१) ऐनको दफा २९ को उपदफा (१) को खण्ड (क) बमोजिम बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने गरी दिशान्तरको प्रक्रिया अवलम्बन गर्दा दिशान्तर गर्ने अधिकारीले त्यसको लागि सहजीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सहजीकरण सम्बन्धमा दिशान्तर गर्ने अधिकारीले मेलमिलापकर्ताले पालन गर्नुपर्ने आचरण तथा भूमिका निर्वाह गर्नु पर्नेछ र त्यस सम्बन्धमा निजले देहायका काम कारबाही गर्न सक्नेछः-

(क) मेलमिलापको वातावरण तयार गर्नको लागि कानूनको विवादमा परेका बालबालिका तथा निजका बाबु, आमा वा बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा संरक्षकलाई र पीडित पक्षलाई आवश्यकता अनुसार अलग अलग वा सँगै राखी वार्ता गर्ने तथा मेलमिलापको लागि सहजीकरण गर्ने,

(ख) दुवै पक्षबिचमा सहमतिका अवस्थाहरू पहिल्याउने,

(ग) मेलमिलापको महत्वको बारेमा जानकारी गराउने,

(घ) दुवै पक्षलाई आफ्नो कुरा राख्न सहयोग तथा सहजीकरण गर्ने,

(ङ) दुवै पक्षलाई कसूरजन्य कार्यको परिणाम, कानूनी पक्ष तथा मेलमिलापको लागि उपलब्ध विकल्पको बारेमा प्रस्ट पार्ने तथा छलफलको लागि दुवै पक्षलाई उपयुक्त स्थानको व्यवस्था मिलाउने, छलफलमा पालना गर्नुपर्ने नियमहरूको निर्धारण गर्ने,

(च) विवादका पक्षलाई पालैपालो बोल्न समय दिने, विवादका पक्षहरूले छलफलमा राखेका धारणाहरूलाई संक्षेपीकरण गर्ने तथा दुवै पक्षलाई प्रस्ट पार्ने, विवादका पक्षहरूबीचमा भएको छलफल तथा चाहनाको आधारमा विषयवस्तुको उठान गर्ने,

(छ) मेलमिलापको लागि उपलब्ध विकल्पहरूमध्ये सबैभन्दा उपयुक्त विकल्पको छनौट गर्न पक्षहरूलाई सहजीकरण गर्ने र

(ज) पक्षहरूलाई मेलमिलाप गराउनको लागि अन्य आवश्यक सहजीकरणको कार्य गर्ने।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम सहजीकरण गर्न बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक नभएका बालबालिकाको हकमा सम्बन्धित जिल्लामा रहेका स्थानीय तहका बाल कल्याण अधिकारीहरुको सूची बनाई जुन स्थानीय तहको क्षेत्रभित्रको कसूरजन्य कार्यको आरोप लागेको बालबालिका हो सोही स्थानीय तहको बालकल्याण अधिकारीको सहयोग लिई दिशान्तर गर्ने अधिकारीले सहजीकरण गर्नु पर्नेछ।

१३. **मिलापत्र गराउने:** (१) दफा १० को उपदफा (१) बमोजिम सहमतिपत्रको लिखत तयार गरी मिलापत्र गर्दा कानूनको विवादमा परेका बालबालिका, निजको आमा, आमाबाबु, बाबुनभएमा परिवारका अन्य सदस्य वा संरक्षक वा दफा १२ को उपदफा (३) बमोजिमको बालकल्याण अधिकारी र कसूरबाट पीडितपक्ष मेलमिलाप गर्न सहमत भएमा सहमतिबमोजिम दिशान्तर गर्ने अधिकारीले अनुसूची-२ बमोजिमको ढाँचामा मिलापत्रको कागज गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मिलापत्रको कागज गर्दा मेलमिलापको सम्बन्धमा पक्षहरूले कुनै शर्त राखेको भए त्यस्तो शर्त तथा कसूरसम्बन्धी घटनालाई लिएर पछि कुनै पूर्वाग्रह वा बदलाको भावना नराख्ने बेहोरा समेत मिलापत्रमा उल्लेख गर्नु पर्नेछ।

(३) विवादका पक्षको सहमतिबमोजिम तयार गरिएको मिलापत्रको लिखतमा दुवै पक्षको सहीछाप गराउने तथा आवश्यक प्रति आदान प्रदान गर्ने र सम्बन्धित फाइल संलग्न गरी दिशान्तर गर्ने अधिकारीको कार्यालयको अभिलेखमा राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मिलापत्रको कागजमा सहीछाप गर्दा गराउँदा कसूरजन्य कार्यको आरोप लागेको बालबालिका र निजको आमा, बाबु, आमाबाबु नभएमा परिवारका अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाको प्रतिनिधि र पीडित पक्षको सहीछाप गराउनु पर्नेछ।

(५) दिशान्तर गर्ने अधिकारीले पक्षहरूबीचमा मेलमिलाप गर्न सहमति भई यस दफाबमोजिम मिलापत्र भएकोमा कानूनको विवादमा परेका बालबालिकालाई मेलमिलापको शर्त वा निजको शारीरिक वा मानसिक अवस्थाको कारण अभिमुखीकरण गर्नुपर्ने, परामर्श सेवा उपलब्ध गराउनुपर्ने, कसैको निगरानीमा राख्नुपर्ने वा बाल सुधार गृहमा राख्नुपर्ने भएकोमा बाहेक निजलाई कसूरजन्य कार्यको सम्बन्धमा जिम्मेबारी बोध गराई निजका परिवारका कुनै सदस्य वा संरक्षकबाट असल मानवीय व्यवहारका सम्बन्धमा सम्झाउन वा बुझाउन लगाउने गरी निजको बाबुआमा, बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाको जिम्मा लगाउनेछ।

(६) पक्षहरूका बीचमा यस दफाबमोजिम मेलमिलाप भएकोमा दिशान्तर गर्ने अधिकारीले उपदफा (५) बमोजिम बालबालिकाले दिशान्तरको कुनै प्रक्रियामा रहनुपर्ने भएमा सोसमेत खुलाई नियमावलीको नियम ९ को उपनियम (६) तथा नियम १९ को उपनियम (१) बमोजिम निर्णय गर्नु पर्नेछ ।

१४. <u>गल्ती महसुस गर्न लगाउनेः</u> (१) ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ख) बमोजिमको प्रक्रिया अवलम्बन गरी कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्दा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिकालाई कसूरमा हुनसक्ने सजाय, त्यसबाट पीडितलाई भएको हानि नोक्सानी वा असरको बारेमा बोध हुने गरी जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कसूरजन्य कार्य, त्यसमा हुन सक्ने सजाय तथा पीडितलाई परेको प्रभावसमेतका विषयमा बोध हुनेगरी जानकारी गराएपछि कानूनको विवादमा परेका बालबालिकाले गल्ती गरेको वा कसूरजन्य कार्यप्रति पश्चाताप गरेको कुरा उल्लेख गरी त्यस्तो बालबालिकाको र निजका आमा, बाबु र आमाबाबु नभएमा परिवारका अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाका प्रतिनिधिको सहिछाप गराउनु पर्नेछ।

(३) कानूनको विवादमा परेका बालबालिकाले मौखिक रूपमा मात्रै गल्ती वा पश्चाताप महसुस गरेको अवस्थामा त्यस्तो गल्ती महसुस आफ्नो रोहवरमा गरेको बेहोरा उल्लेख गरी बालबालिकाका आमा, बाबु र आमाबाबु नभएमा परिवारका अन्य सदस्य वा

संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाको प्रतिनिधिको सहीछाप गराई दिशान्तर गर्ने अधिकारीले प्रमाणित गर्नु पर्नेछ।

(४) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई पीडित पक्षको उपस्थितिमा गल्ती महसुस गराउने वातावरण तयार गर्नुपर्ने छ। पीडित पक्षको रोहबरमा गल्ती महसुस गराउन नसकिने भएमा दिशान्तर गर्ने अधिकारीले अन्य उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनको विवादमा परेका बालबालिकालाई कसूरजन्य कार्य, त्यसबाट पीडित तथा समाजमा पर्ने प्रभाव, सुधारका उपायहरू, कसूरजन्य कार्य गर्दा कानूनबमोजिम हुने सजाय तथा त्यस्तो कार्य गर्नु गल्ती हुने जस्ता विषयहरू खुलाई कसूरको सम्बन्धमा दशदेखि पन्ध्र हरफको अनुच्छेद लेख्न लगाई वा निजको रुचि र क्षमता अनुसार त्यस्तो भाव झल्कने गरी कुनै चित्र वा पेन्टिङ्ग वा अभिलेख गर्न मिल्ने अन्य सिर्जनात्मक कार्य गर्न लगाई त्यसमा बालबालिकाको परिवर्तित नाम थर लेख्न लगाई फाइल संलग्न गर्न सकिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० बमोजिम सहमतिपत्र तयार गर्दाकै अवस्थामा बालबालिकाले गल्ती महसूस गरी वा कसूरजन्य कार्यप्रति पश्चाताप गरी सहीछाप गरिसकेकोमा यस दफा बमोजिम गल्ती महसूस गराउने वा पश्चाताप गर्न लगाउने कार्य गर्नुपर्ने वा लिखत गराइरहनु पर्नेछैन।

(७) यस दफा बमोजिम कानूनको विवादमा परेका बालबालिकाले गल्ती महसूस नगरेमा वा कसूरजन्य कार्यप्रति पश्चाताप नगरेमा दिशान्तर गर्ने अधिकारीले दिशान्तरका अन्य उपयुक्त प्रक्रिया अवलम्बन गर्न वा दिशान्तरको प्रक्रिया अन्त्य गरी न्यायिक प्रक्रियाको अवलम्बन गर्नु पर्नेछ।

**१५.** **बालबालिका र निजका परिवारलाई आवश्यक परामर्श दिने:** (१) दफा ७ बमोजिमको प्रतिवेदन तथा दिशान्तर गर्ने अधिकारीको विश्लेषणको आधारमा कानूनको विवादमा परेका बालबालिकालाई सुधार गर्न आवश्यक परामर्श दिने गरी आदेश गर्दा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिका र निजका परिवारका सदस्यलाई सम्भव भएसम्म निश्चित समय तोकी अदालतमा उपस्थित भई परामर्श दिने गरी दिशान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिशान्तर गर्ने निर्णय गर्दा कानूनको विवादमा परेका बालबालिकालाई आवश्यकता अनुसार एकल, सामूहिक वा पारिवारिक रूपमा बालमनोविज्ञ, बाल विशेषज्ञ, समाजसेवी वा दिशान्तर गर्ने अधिकारीले तोकेको मनोसामाजिक परामर्श प्रदान

गर्ने व्यक्ति वा संस्थाबाट परामर्श सेवा वा मनोसामाजिक सहयोग उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम परामर्श दिई दिशान्तर गर्ने निर्णय गर्दा सम्बन्धित अधिकारीले आवश्यकता अनुसार कानूनको विवादमा परेका बालबालिकाको व्यवहार तथा पारिवारिक वातावरणमा सुधार गर्न आवश्यक मनोसामाजिक वा अन्य आवश्यक परामर्श उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम परामर्शमा रहने गरी दिशान्तर गर्दा कानूनको विवादमा परेका बालबालिका र निजको परिवारका सदस्य परामर्शको लागि एकल, सामूहिक वा पारिवारिक रुपमा उपस्थित हुनुपर्ने स्थान, अवधि र लाग्ने खर्चसमेतको विवरण खुलाउनु पर्नेछ।

(५) परामर्शमा रहने गरी दिशान्तर गर्दा परामर्शको लागि लाग्ने खर्च कानूनको विवादमा परेका बालबालिकाको बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट बेहोर्न मन्जुर गरेको कुरा शर्तमा उल्लेख गर्नु पर्नेछ।

१६. **<u>सामुदायिक सेवामा पठाउने</u>:** (१) दिशान्तर गर्ने अधिकारीले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (घ) तथा नियमावलीको नियम ९ को उपनियम (७) बमोजिम सामुदायिक सेवामा पठाउने निर्णय गर्दा सोह्र वर्ष उमेर पूरा भएका कानूनको विवादमा परेका बालबालिकालाई मात्र सामुदायिक सेवामा पठाउने गरी दिशान्तरको निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सामुदायिक सेवामा पठाउने गरी दिशान्तरको निर्णय गर्दा त्यस्तो सेवाको लागि कानूनको विवादमा परेका बालबालिका र निजको बाबु, आमा बाबुआमा नभएमा परिवारको अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाका प्रतिनिधिको सहमति आवश्यक पर्नेछ।

(३) कानूनको विवादमा परेका बालबालिकालाई सामुदायिक सेवामा पठाउने निर्णय गर्दा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिकाको रुचि तथा सम्बन्धित स्थानमा उपलब्धताको आधारमा नियमावलीको नियम ९ को उपनियम (७) मा उल्लेख भएबमोजिम देहायको कुनै सेवामा लगाउने गरी निश्चित समय वा अवधि तोकी पठाउन सकिने छः-

(क) विद्यालयको सरसफाइ गर्ने,

(ख) धार्मिक स्थलहरूमा आउने श्रद्धालुहरूलाई सहयोग गर्ने,

(ग) बृद्धाश्रममा गई ज्येष्ठ नागरिकलाई सहयोग गर्ने, वा

(घ) बालबालिकाको शैक्षिक अवस्था राम्रो भएमा निजले अध्ययन गर्ने विद्यालयमा आफू अध्ययन गर्नेभन्दा तल्लो कक्षामा अध्यापन गर्न लगाउने,

(ङ) बालबालिकाले खेलकुदको प्रशिक्षण गराउन सक्ने अवस्था र क्षमता रहेकोमा खेलकुद प्रशिक्षण गर्न लगाउने,

(च) वृक्षरोपण गर्ने वा परिवारको खेतबारीको काममा लगाउने, सरसफाइ तथा वातावरण संरक्षण गर्ने सम्बन्धी काममा लगाउने, स्थानीय तह वा सरकारको कुनै सेवा तथा सचेतना कार्यक्रममा सञ्चालनमा सहयोग गर्ने जस्ता अन्य काममा लगाउने।

(४) उपदफा (३) बमोजिमका काममा लगाउँदा दैनिक दुई घण्टाभन्दा बढी वा सामुदायिक सेवाको अवधिभर एक सय घण्टाभन्दा बढी काममा लगाउने गरी निर्णय गर्न हुँदैन र सरसफाइको काममा लगाउँदा निजको स्वास्थ्यमा नकारात्मक प्रभाव नपर्ने गरी स्वास्थ्य सुरक्षा तथा स्वच्छताको लागि आवश्यक उपायको अवलम्बन गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको काममा लगाउँदा कानूनको विवादमा परेका बालबालिकाको शोषण तथा अन्य हिंसा नहुने आवश्यक उपायको अवलम्बन गर्नुपर्ने छ र त्यस्तो काम गर्दा कुनै पारिश्रमिक पाउने भएमा सो समेत पाउने व्यवस्था गर्नु पर्नेछ।

(६) सामुदायिक सेवामा पठाइएको कानूनको विवादमा परेका बालबालिकाले पछि त्यस्तो सेवामा निरन्तरता नदिएको वा सो सेवामा रहन नचाहेमा दिशान्तर गर्ने अधिकारीले निजलाई अर्को प्रक्रियाको दिशान्तर गर्ने गरी निर्णय गर्न सक्नेछ।

१७. **<u>हेरचाह, वैकल्पिक हेरचाह वा संरक्षण गर्न संस्थामा पठाउने:</u>** (१) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई निजको बाबु, आमा वा बाबुआमा नभएमा परिवारको अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाका प्रतिनिधिको सहमतिमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ङ) बमोजिम हेरचाह वा संरक्षण गर्न कुनै संस्थामा पठाउने निर्णय गर्दा निश्चित समय वा अवधि तोकी पठाउने गरी दिशान्तरको निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनको विवादमा परेका बालबालिकाको जिउज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानि नोक्सानी पुर्‍याउने वा निज आमाबाबु वा परिवारका अन्य सदस्य वा संरक्षकको नियन्त्रणमा रहन नसक्ने वा भागिजाने वा लागू औषध जस्ता कुलतमा लागेको कारण त्यसको नियमित उपचार गर्नुपर्ने

अवस्थामा त्यस्तो बालबालिकालाई हेरचाह वा संरक्षण गर्ने दिशान्तर गर्ने अधिकारीले कुनै संस्थामा पठाउने गरी दिशान्तर गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बालबालिकाको हेरचाह वा संरक्षण गर्ने संस्थामा पठाउँदा उपलब्ध भएसम्म नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट स्थापित वा सञ्चालित संस्थामा पठाउनुपर्ने छ। त्यस्तो संस्था उपलब्ध नभएकोमा प्रचलित कानून बमोजिम स्थापना भएका बालबालिकाको हेरचाह वा संरक्षण गर्ने संस्थामा पठाउन सकिनेछ।

(४) बाबु, आमा वा परिवारको अन्य सदस्य वा संरक्षकको सहमति भएर कुनै संस्थामा पठाउने गरी दिशान्तर गरेकोमा निजहरूले चाहेमा कुनै पनि बखत आफूसँगै राख्न माग गरी निवेदन दिएमा उपदफा (२) को अवस्थालाई समेत विचार गर्दा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिकालाई आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकसँगै राख्न पाउने गरी निर्णय गर्न सक्नेछ।

(५) उपदफा (१) वा (२) बमोजिम कानूनको विवादमा परेका बालबालिकालाई हेरचाह वा संरक्षण गर्न कुनै संस्थामा पठाउने गरी दिशान्तर गर्दा त्यस्तो संस्थाले पालना गर्नुपर्ने शर्तसमेत निर्धारण गरी सम्बन्धित संस्थालाई जानकारी गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निर्धारण गरिने शर्तमा अन्य कुराका अतिरिक्त देहायका शर्त निर्धारण गर्न सकिनेछः-

(क) बालबालिकालाई निजको हेरचाह गर्ने संस्थाले आवधिक रुपमा बालबालिकाको व्यवहार सम्बन्धी प्रतिवेदन दिशान्तर गर्ने अधिकारीलाई दिनुपर्ने,

(ख) बालबालिकालाई निजको हेरचाह गर्ने संस्थाले बालबालिकाको बाबु, आमा वा परिवारको अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने बालकल्याण अधिकारीले भेट गर्न चाहेमा त्यसको अभिलेख राखी भेट गर्न दिनुपर्ने,

(ग) बालबालिकाले संस्थामा बस्न नचाहेको अवस्थामा यथाशीघ्र प्रोवेसन अधिकारीलाई जानकारी गराउने,

(घ) बालबालिकालाई सकारात्मक सोच निर्माण गर्ने कार्यक्रम, नैतिक अनुशासनात्मक, वैज्ञानिक, आध्यात्मिक, योग तथा व्यायाम शिक्षालगायतका सुधारात्मक कार्यक्रममा समावेश गराउने।

**१८. <u>बालकल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी छाड्नेः</u>** (१) कानूनको विवादमा परेका बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, कसूर गर्दाको परिस्थिति वा कसूरको प्रकृतिको आधारमा त्यस्तो बालबालिकालाई ऐनको दफा २९ को उपदफा (१) को खण्ड (च) तथा नियमावलीको नियम ९ को उपनियम (८) बमोजिम बालकल्याण अधिकारीको सुपरिवेक्षण वा निर्देशनमा रहने गरी दिशान्तर गर्न उपयुक्त हुने देखेमा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिकालाई बालकल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी अवधि तोकी दिशान्तरको निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिशान्तर गर्ने अधिकारीले दिशान्तरको निर्णय गर्दा दिशान्तरको अवधिमा बालबालिकाले कुनै सेवामूलक कार्य वा ध्यान, सत्सङ्ग वा योग अभ्यासको कार्यक्रममा समेत समावेश हुनुपर्ने वा निश्चित व्यवहार प्रदर्शन गर्ने गरी बालबालिकाले पालना गर्नुपर्ने शर्त निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएका शर्तहरूको पालना भए नभएको सम्बन्धमा सम्बन्धित प्रोवेशन अधिकारीले सुपरिवेक्षण गरी दिशान्तर गर्ने अधिकारीलाई प्रतिवेदन पठाउनु पर्नेछ।

(४) दिशान्तर गर्ने अधिकारीले तोकेका शर्तको अधीनमा रही बालकल्याण अधिकारीले आफ्नो सुपरिवेक्षण वा निर्देशनमा रहने गरी दिशान्तर गरिएको बालबालिकालाई निजको सर्वोत्तम हितको लागि आवश्यक निर्देशन दिन सक्नेछ।

**१९. <u>आमा, बाबु वा परिवारको जिम्मा लगाउनेः</u>** (१) कानूनको विवादका परेका बालबालिकालाई ऐनको दफा २९ को उपदफा (१) को खण्ड (छ) बमोजिम निजको आमा, बाबु, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउँदा बालबालिकाले रोजेको आमा बाबुलाई तथा आमाबाबु भिन्न भई अलग अलग बसेको अवस्थामा आमाबाबुमध्ये बालबालिकाले रोजेकोलाई र आमा बाबु नभएमा परिवारको अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाको प्रतिनिधिको जिम्मा लगाउँदा बालबालिकाले रोजेकोलाई जिम्मा लगाउने गरी दिशान्तर गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिशान्तर गर्दा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिकालाई असल मानवीय व्यवहार र आचरणको बारेमा सम्झाउन, बुझाउन लगाउने तथा त्यस्तो बालबालिकाले पालना गर्नुपर्ने शर्त वा गर्नुपर्ने निश्चित व्यवहारसमेत तोकी शर्त निर्धारण गर्न सक्नेछ ।

(३) ऐनको दफा २९ को उपदफा (१) को खण्ड (छ) बमोजिम बालबालिकालाई आमा, बाबु, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउँदा बालबालिकाले गर्न हुने र नहुने देहायका कुराहरू खुलाई सहमतिको कागज गराउनु पर्नेछः-

(क) असल र उपयोगी जीवनशैली अवलम्बन गर्नु पर्ने,

(ख) मनोसामाजिक रेखदेखमा संलग्न रही कसूरजन्य कार्यमा पुनः संलग्न हुन नहुने,

(ग) प्रतिशोध र कुण्ठाको प्रवृति न्यूनीकरण गर्नुपर्ने,

(घ) कसूरबाट पीडितको सर्वोत्तम हितको प्रवर्द्धन गर्ने,

(ङ) दिशान्तर सुविधाको दुरुपयोग हुन नदिने,

(च) समाजमा पुनर्स्थापना हुन र गल्ती महसुस गर्न गराउन प्रेरित गर्ने,

(छ) व्यवस्थित अभिलेख र आवधिक मूल्याङ्कनबाट सुधार भए नभएको मापन गर्ने,

(४) उपदफा (१) बमोजिम दिशान्तर गरिएका बालबालिकाले पालना गर्नुपर्ने शर्तको पालना गरे नगरेको विषयमा प्रोवेशन अधिकारीले आवश्यक निरीक्षण तथा सुपरिवेक्षण गर्न वा बालबालिकाको छर, छिमेक वा अध्यनरत विद्यालयमार्फत बुझ्न सक्नेछ र त्यसरी प्राप्त विवरण बमोजिमको प्रतिवेदन तयार गरी दिशान्तर गर्ने अधिकारीसमक्ष पठाउनु पर्नेछ।

२०. <u>तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउनेः</u> (१) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ज) बमोजिम कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने गरी दिशान्तर गर्दा बालबालिकाको उमेर, रुचि, शैक्षिक अवस्था तथा शारीरिक वा मानसिक अवस्था समेतको आधारमा देहायका मध्ये कुनै उपयुक्त तालिम वा शैक्षिक कार्यक्रममा संलग्न हुने गरी दिशान्तर गर्न सक्नेछ :-

(क) विद्यालयको कक्षामा नियमित रूपमा उपस्थित भई अध्ययन कार्यमा निरन्तरता,

(ख) कानूनको विवादमा परेका बालबालिकाको सीप विकास, शिक्षा तथा रोजगारीको लागि उपयुक्त तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने निर्णय गर्दा तालिम केन्द्र वा कुनै संस्थाले सञ्चालन गर्ने देहायको तालिम, सेमिनार वा प्रशिक्षणमा भाग लिन लगाउने,

(१) आवेश वा रिस नियन्त्रण गर्ने ज्ञान, सीप र तरिका सम्बन्धी,

(२) वृत्तिविकास प्रति उत्प्रेरणा जगाउने, व्यावसायिक सीप सिक्ने वा दैनिक जीवनमा पर्ने समस्याको समाधान गर्ने तथा असल जीवनशैली अपनाउने सम्बन्धी,

(३) योग, आध्यात्मिक एवं नैतिक शिक्षा तथा सच्चरित्र निर्माण तथा अनुशासन सम्बन्धी,

(४) व्यायाम शिक्षा जस्ता कार्यक्रम,

(५) समाज सेवा तथा अध्यात्मज्ञान सम्बन्धी, वा

(६) दिशान्तर गर्ने अधिकारीलाई उपयुक्त लागेको अन्य शैक्षिक वा तालिम कार्यक्रममा सहभागी हुने।

(२) उपदफा (१) बमोजिम दिशान्तर गर्दा शैक्षिक कार्यक्रम वा तालिमको लागि कुनै शुल्क लाग्ने भएमा त्यस्तो शुल्क बालबालिकाको बाबुआमा वा परिवारको अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हक हितको संरक्षण गर्ने संस्थाले बेहोर्ने गरी व्यस्थापन गर्न सक्नेछ।

(३) प्रोवेसन अधिकारी वा दिशान्तर गर्ने अधिकारीले तोकेको बालकल्याण अधिकारीले दिशान्तर गरिएको बालबालिका तथा निजको अभिभावकको घर, विद्यालय, प्रशिक्षण दिने संस्थाको भ्रमण तथा अवलोकन गरी दिशान्तर गरिएको बालबालिकाले नियमित रूपमा विद्यालयमा उपस्थित भए नभएको, निजको शैक्षिक अवस्था, निजको बानी व्यवहारमा सुधार भए नभएको, साथीहरू, शिक्षक, प्रशिक्षक तथा घर परिवारप्रति गर्ने व्यवहारमा सुधार भए नभएको विषयमा बुझी दिशान्तर गर्ने अधिकारीलाई समय समयमा प्रतिवेदन दिनु पर्नेछ।

२१. **हानि नोक्सानी भराउनेः** (१) दिशान्तर गर्ने अधिकारीले ऐनको दफा २९ को उपदफा (१) बमोजिम दिशान्तरको कुनै प्रक्रिया अवलम्बन गर्दा पीडितलाई भएको हानि नोक्सानीबापत सोही दफाको उपदफा (८) बमोजिम क्षतिपूर्ति भराइदिने, कसूरजन्य कार्यबाट प्राप्त सम्पत्ति वा सामग्री सम्बन्धित धनीलाई फिर्ता गर्न लगाउने सम्बन्धमा सो उपदफामा उल्लेख गरिएका कुराका अतिरिक्त देहायबमोजिमका कुनै एक वा एकभन्दा बढी उपायको अवलम्बन गर्नु पर्नेछः-

(क) पीडितलाई क्षतिपूर्ति दिने वा वास्तविक हानि नोक्सानी यकिन गरी भराइदिने,

(ख) कसूरजन्य कार्यबाट प्राप्त सम्पत्ति, मुनाफा वा सामग्री सम्बन्धित धनीलाई फिर्ता गर्न लगाउने,

(ग) बालबालिकाले क्षति पुर्‍याएको वस्तु वा सम्पत्ति निज वा निजको आमा, बाबु र आमाबाबु नभए परिवारका अन्य सदस्य वा संरक्षकबाट नै मर्मत गर्न लगाउने,

(घ) पीडित पक्षले कुनै साधन मर्मत गर्दा वा सम्पत्ति यथास्थितिमा ल्याउँदा वा चोटपटक वा घाउ लागी निको पार्न लागेको खर्च शोधभर्ना गराउने,

(ङ) क्षति भएको सम्पत्ति यथावत् कायम गर्दा लागेको वास्तविक मूल्य तिराउने वा नोक्सान भएको वस्तुको सट्टा त्यस्तै नयाँ वस्तु दिन लगाउने,

(च) कसूर गर्न प्रयोग गरेको साधन जफत गर्ने वा गराउन सकिने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २९ को उपदफा (१) को खण्ड (क) बमोजिम मेलमिलाप वा समझदारी कायम गराउने गरी दिशान्तर भएको अवस्थामा हानि नोक्सानी भराउने विषयमा कानूनको विवादमा परेका बालबालिकाका बाबु, आमा वा परिवारका अन्य सदस्य वा संरक्षक र पीडितबीचमा भएको मेलमिलाप वा समझदारीको शर्त बमोजिम हुनेछ।

(३) पीडितलाई दिनुपर्ने क्षतिपूर्ति निर्धारण गर्दा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३०, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७३ र पीडित प्रभाव प्रतिवेदनमा उल्लेख भएका कुराहरूलाई समेत विचार गर्नु पर्नेछ।

२२. **<u>वैकल्पिक हेरचाहको लागि सिफारिस गर्न सक्नेः</u>** (१) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने क्रममा त्यस्तो बालबालिकाको आमा बाबुमा पूर्ण अशक्त अपाङ्गता वा अति अशक्त अपाङ्गता भएको, गम्भीर शारीरिक वा मानसिक समस्या वा जटिल स्वास्थ्य समस्या भएको वा अशक्तता भएको कारण उचित हेरचाह गर्न नसक्ने भई हेरचाह वा संरक्षणको लागि कुनै संस्थामा जिम्मा लगाउन चाहेको वा बाबु आमा वा परिवारका अन्य सदस्य वा संरक्षक नभएको अवस्थामा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ङ) वा (छ) बमोजिमको दिशान्तरको प्रक्रियामा रहने गरी निर्णय गर्दा त्यस्तो बालबालिकाको उमेर, शारीरिक तथा मानसिक अवस्था समेतको विचार गरी ऐनको दफा

४८ को उपदफा (१) को खण्ड (घ) बमोजिम वैकल्पिक हेरचाहको लागि सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको लागि सिफारिस गरिएका बालबालिकालाई ऐनको दफा ४९ को उपदफा (२) बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ।

२३. **दिशान्तरको अवधि निर्धारण गर्ने:** (१) ऐनको दफा २९ को उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) वा (ज) बमोजिमको प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा दिशान्तर गर्ने अधिकारीले दिशान्तर सुरु हुने मिति र अन्त्य वा सम्पन्न हुने मिति तोकी दिशान्तरको अवधिसमेत स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिको बारेमा दिशान्तरमा रहेको बालबालिका र निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई लिखित र मौखिक रूपमा समेत जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम ऐनको दफा २९ को उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिमको दिशान्तर प्रक्रियाको अवधि निर्धारण गर्दा कसूरजन्य कार्य गरेबापत बालबालिकालाई हुनसक्ने अधिकतम सजायभन्दा बढी नहुने गरी निर्धारण गर्नु पर्नेछ।

२४. **कागज गराउने:-** ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गरेकोमा त्यसको पालना गर्ने सम्बन्धमा त्यस्तो बालबालिका वा निजको बाबु, आमा वा बाबुआमा नभएमा परिवारका अन्य सदस्य, संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्थाको प्रतिनिधिबाट कागज गराउनु पर्नेछ।

२५. **जानकारी दिने:** (१) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) बमोजिम अनुसन्धान अधिकारीले बालबालिकालाई दिशान्तरको निर्णय गरेकोमा निर्णयको प्रतिलिपि राखी नियमावलीको नियम ९ को उपनियम (३) बमोजिम त्यसको जानकारी सरकारी वकीललाई र बाल अदालतलाई दिनु पर्नेछ।

(२) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) बमोजिम सरकारी वकीलले बालबालिकालाई दिशान्तरको निर्णयको प्रतिलिपि राखी त्यसको जानकारी बाल अदालतलाई दिनु पर्नेछ।

(३) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम अनुसन्धान अधिकारी वा सरकारी वकीलले र खण्ड (ग) बमोजिम बाल अदालतले

बालबालिकालाई दिशान्तर गर्ने निर्णय गरेकोमा निर्णयको प्रतिलिपि राखी त्यसको जानकारी केन्द्रीय बाल न्याय समिति र सम्बन्धित उच्च अदालतलाई दिनु पर्नेछ।

(४) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तरको निर्णय गरेकोमा त्यसको जानकारी बालबालिका वा निजको आमा, बाबु, परिवारका अन्य सदस्य वा संरक्षक वा बालबालिकाको हितमा काम गर्ने संस्था र पीडितलाई समेत दिनु पर्नेछ।

## परिच्छेद-५

## दिशान्तर कार्यक्रमको अनुगमन

२६. **दिशान्तरको प्रक्रियामा रहेको बालबालिकाको अनुगमनः** (१) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्दा दिशान्तरको प्रक्रियामा निरन्तर रूपमा सहभागी भए नभएको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (७) बमोजिम प्रोवेसन अधिकारी मार्फत अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रोवेसन अधिकारीले दिशान्तरमा रहेका बालबालिका सो प्रक्रियामा निरन्तर रूपमा सहभागी भए नभएको सम्बन्धमा कार्यतालिका बनाई नियमित रूपमा अनुगमन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमनको क्रममा प्रोवेसन अधिकारीले सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक, बालबालिकालाई अध्ययन अध्यापन गराउने शिक्षक, तालिम प्रदान गर्ने प्रशिक्षक, वा बालबालिका संरक्षणमा रहेको संस्थाका कर्मचारी तथा बालबालिकाको हितमा काम गर्ने संस्थाबाट सूचना प्राप्त गरी बालबालिकाको शैक्षिक स्तर, असल र उपयोगी आचरण तथा व्यवहारमा सुधार भए नभएको जानकारी लिन सक्नेछ।

(४) दिशान्तर गर्ने अधिकारीले दिशान्तरको निर्णय गर्दा सो प्रक्रियामा रहेको बालबालिकाको सम्बन्धमा मनासिब अवधि समेत तोकी त्यस्ता बालबालिकाको बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक, बालबालिकालाई जिम्मा लिने संस्था वा बालबालिकालाई सामुदायिक सेवामा राख्ने संस्था वा निकायले दिशान्तर गर्ने अधिकारीले निर्धारण गरेको अवधिमा निज वा निजले तोकेको अधिकारी समक्ष दिशान्तर प्रक्रियामा रहे नरहेको, निजको आचरण र व्यवहारमा सुधारको अवस्था समेतका विषयमा जानकारी गराउने व्यवस्था मिलाउनु पर्नेछ।

२७. **<u>अनुगमनको प्रतिवेदन दिनेः</u>** दफा २६ बमोजिम अनुगमन गरेपछि प्रोवेसन अधिकारीले दिशान्तरमा रहेको बालबालिका सो प्रक्रियामा निरन्तर रहे नरहेको, निजको असल र उपयोगी आचरण, व्यवहारमा परिवर्तन वा सुधार भए नभएको वा निज दिशान्तरको त्यस्तो प्रक्रियामा निरन्तर रहन सक्ने वा नसक्ने अवस्था समेतका विवरण खुलाई अनुगमनबाट प्राप्त विवरणको आधारमा अनुसूची—३ बमोजिमको ढाँचामा आफ्नो सिफारिस सहितको प्रतिवेदन आवधिक रूपमा तयार गरी सम्बन्धित दिशान्तरको निर्णय गर्ने अधिकारीलाई दिनु पर्नेछ।

२८. **<u>दिशान्तरको प्रक्रिया पूरा गराउनेः</u>** (१) दफा २६ को उपदफा (४) बमोजिम प्राप्त जानकारी वा दफा २७ बमोजिम प्राप्त प्रतिवेदनबाट दिशान्तरको लागि निर्णय गरिएको कुनै बालबालिका सो प्रक्रियामा निरन्तर रहेको नपाइएमा वा दिशान्तर गर्दा निर्धारण गरिएका शर्तहरूको पालना गरेको नपाइएमा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिका तथा निजको आमाबाबु वा परिवारका अन्य सदस्य वा संरक्षकसँग समेत छलफल गरी दिशान्तरको प्रक्रिया पूरा गराउन तथा पालना गर्नुपर्ने शर्तहरू पालना गराउनको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) दिशान्तर गर्ने निर्णय भई सो प्रक्रियामा रहेको बालबालिकाले पालन गर्नुपर्ने शर्त पालन नगरेमा दिशान्तर गर्ने अधिकारीले त्यस्तो बालबालिकाका बाबु आमा, परिवारका अन्य सदस्य वा संरक्षक, बालबालिका जिम्मा लिने संस्थालाई जानकारी दिई शर्तहरू पालन गराउने आदेश दिन सक्नेछ।

२९. **<u>दिशान्तरको प्रक्रिया परिवर्तन गर्न सक्ने</u>** (१) दफा २६ को उपदफा (४) बमोजिम प्राप्त जानकारी वा दफा २७ बमोजिम प्राप्त प्रतिवेदनबाट दिशान्तरमा रहेको बालबालिकाले त्यस्तो प्रक्रिया पूरा गर्न सक्ने अवस्था नदेखिएमा दिशान्तर गर्ने अधिकारीले सो बालबालिका तथा निजको बाबुआमा वा परिवारका अन्य सदस्य वा संरक्षकसँग समेत छलफल गरी ऐनको दफा २९ को उपदफा (१) को अधीनमा रही दिशान्तरको प्रक्रिया परिवर्तन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिशान्तरको प्रक्रिया परिवर्तन गरिएकोमा दफा २५ बमोजिम दिशान्तरको जानकारी गराउनुपर्ने निकाय वा अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ।

## परिच्छेद-६

## विविध

**३०. गोपनीयता कायम गर्नु पर्ने:** (१) दिशान्तर गर्ने अधिकारीले कानूनको विवादमा परेका बालबालिकाको दिशान्तर सम्बन्धी कारबाही र निर्णय गर्दा निजको गोपनीयता कायम गर्नु पर्नेछ।

(२) कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तरको क्रममा हुने परामर्श छलफल जस्ता प्रक्रिया पूरा गर्दा मेलमिलाप वा सहमति गर्दा वा दिशान्तरको निर्णय गर्दा सम्बन्धित बालबालिका, निजको बाबु आमा, परिवारका अन्य सदस्य वा संरक्षक पीडित पक्ष बालबालिकाको कानून व्यवसायी र आवश्यकता अनुसार बाल मनोविज्ञ, बाल विशेषज्ञ र समाजसेवी बाहेक अन्य व्यक्तिलाई सहभागी गराइने छैन।

(३) दिशान्तर सम्बन्धमा गरिने मेलमिलाप वा सहमति पत्र वा निर्णयमा बालबालिकाको वास्तविक नामको सट्टा साङ्केतिक नामको प्रयोग गर्नु पर्नेछ।

(४) मुद्दाको सुनुवाइमा गोपनीयता कायम गर्ने सम्बन्धमा अदालतले अवलम्बन गरेको प्रक्रियालाई दिशान्तर गर्ने अधिकारीले आवश्यकता अनुसार दिशान्तरको प्रक्रियामा समेत आवश्यक हेरफेर सहित लागु गर्न सक्नेछ।

**३१. सहयोग माग गर्न सक्ने:** (१) दिशान्तरको निर्णय गर्ने अधिकारीले नियमावलीको नियम ३८ बमोजिम स्थानीय तह, प्रहरी, स्थानीय प्रशासन, बाल न्याय वा बाल अधिकारको क्षेत्रमा कार्यरत सामाजिक सङ्घ संस्था समेतको सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिशान्तर निर्णय गर्ने अधिकारीले सहयोग मागेमा निजलाई सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**३२. बाल कोष वा पीडित राहत कोषबाट खर्च बेहोर्ने व्यवस्था मिलाउने:** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानूनको विवादमा परेका बालबालिकाको परिवारको आर्थिक अवस्था कमजोर भएको कारण दिशान्तरको निर्णय बमोजिमको परामर्शमा लाग्ने खर्च वा शैक्षिक कार्यक्रम वा तालिमको लागि लाग्ने शुल्क वा पीडितलाई दिनुपर्ने क्षतिपूर्तिको रकम बेहोर्न सक्ने अवस्था नभएमा दिशान्तर गर्ने अधिकारीले खर्च वा शुल्क सम्बन्धित स्थानीय तहसँग समन्वय गरी त्यस्तो स्थानीय तहबाट उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खर्चको स्रोत व्यवस्थापन हुन नसकेमा कानुनद्वारा स्थापित कोषबाट उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

३३. **<u>पुनर्स्थापकीय न्यायका उपायहरू अवलम्बन गर्ने:</u>** कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तरको प्रक्रियामा लैजाँदा दिशान्तर गर्ने अधिकारीले नियमावलीको नियम २९ मा उल्लेख भएबमोजिमका पुनर्स्थापकीय न्यायका कुनै वा सबै उपायहरू अवलम्बन गर्ने गरी दिशान्तर गर्नु पर्नेछ।

३४. **<u>विवादको अन्त्य हुने:</u>** (१) ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम दिशान्तर गरिएको बालबालिकाले दिशान्तरको प्रक्रिया पुरा गरेमा ऐनको दफा २९ को उपदफा (६) बमोजिम अभिलेखीकरण गर्नु पर्नेछ।

(२) कानुनको विवादमा परेका बालबालिकालाई दिशान्तर गरिएमा विवादको अन्त्य हुनेछ र औपचारिक न्यायिक प्रक्रिया समाप्त भएको मानी अनुसूची-४ बमोजिमको अभिलेख राखी सो अनुसारको अवधि समाप्त भएपछि लगत कट्टा गर्नु पर्नेछ।

३५. **<u>दिशान्तर गर्ने अधिकारीको भूमिका र आचरण:</u>** दिशान्तर गर्ने अधिकारीले सो सम्बन्धी काम गर्दा देहायको भूमिकामा रही देहाय बमोजिमका आचरण पालन गर्नु पर्नेछः-

(क) कानूनको विवादमा परेका बालबालिका र पीडित बीचमा मेलमिलाप वा समझदारी गराउँदा तटस्थ र निष्पक्ष भूमिका निर्वाह गरी उपयुक्त मर्यादा कायम गर्ने,

(ख) कानूनको विवादमा परेका बालबालिका र पीडितलाई बुझाउन खोजिएको विषय सरल र शिष्ट भाषामा हुनुपर्ने,

(ग) कसूरजन्य कार्य, त्यसको असर र दिशान्तरबाट विवादको अन्त्य भएको अनुभव हुने गरी विवादको विषयमा केन्द्रित भई विकल्पको खोजी गर्ने,

(घ) दुवै पक्षका कुरा तटस्थ र निष्पक्षताका साथ ध्यानपूर्वक सुन्ने र गोपनीयता कायम गर्ने,

(ङ) एक पक्षका कुरा सकिएपछि क्रमैसँग अर्को पक्षलाई मौका दिई उनीहरूलाई आफ्नो भनाइ राख्ने अवसर दिने र

(च) कानूनको विवादमा परेका बालबालिका वा पक्षहरूलाई कुनै कुरा स्वीकार वा अस्वीकार गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव वा दबाबमा नपार्ने।

३६. **<u>दिशान्तरको विवरण पठाउनु पर्ने:</u>** (१) दिशान्तर गर्ने अधिकारीले सो प्रक्रियामा लगिएका मुद्दा र प्रक्रियामा रहेका बालबालिकाको सङ्ख्यागत विवरण अनुसूची-५ बमोजिमको ढाँचामा

तयार गरी प्रत्येक महिनाको सात गतेभित्र केन्द्रीय बाल न्याय समिति र जिल्ला बाल न्याय समितिमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा जिल्ला बाल न्याय समितिले जिल्लाभरको एकीकृत विवरण तयार गरी प्रत्येक महिनाको पन्ध्र गतेभित्र केन्द्रीय बाल न्याय समितिमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जिल्ला बाल न्याय समितिबाट प्राप्त विवरणको आधारमा दिशान्तर गरिएका मुद्दा तथा बालबालिकाको सङ्ख्या सम्बन्धी एकीकृत र अद्यावधिक अभिलेख केन्द्रीय बाल न्याय समितिले तयार गर्नेछ।

## अनुसूची-१

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**दिशान्तर गर्ने सम्बन्धी सहमतिपत्रको ढाँचा**

श्री ......... अनुसन्धान अधिकारीको कार्यालय/......सरकारी वकील कार्यालय/...... अदालत

**दिशान्तर सम्बन्धी सहमतिपत्र**

१ कानुनको विवादमा परेका बालबालिकाको:-

नाम थर:- (साङ्केतिक नाम उल्लेख गर्ने) जन्म मिति:

ठेगाना: फोन नं:

२ कानूनको विवादमा परेका बालबालिकाको बाबु, आमा, बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा संरक्षकको:-

नाम थर: ठेगाना:

सम्पर्क नम्बर- (क) फोन नं: (ख) मोबाइल नं:

३ कसूरजन्य कार्यबाट पीडितको:-

नाम थर: ठेगाना:

सम्पर्क नम्बर- (क) फोन नं: (ख) मोबाइल नं:

४ कसूरजन्य कार्यसम्बन्धी आरोपको संक्षिप्त बेहोरा:.......... ........ ...... ........ .........

५. दिशान्तर गर्ने सहमति सम्बन्धी बेहोरा: बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी बालबालिका सम्बन्धी ऐन, २०७५ दफा २९ बमोजिमको प्रक्रिया अवलम्बन गरी सोही ऐनको दफा २७ को उपदफा (१) बमोजिम दिशान्तर गर्ने सम्बन्धमा सम्बन्धित पक्षसँग छलफल तथा परामर्श गरी देहायको शर्तमा दिशान्तर गर्ने गरी यो सहमति गरिएको छ:-

**खण्ड (क)- सम्बन्धित बालबालिकाको स्वीकारोक्ति तथा सहमति**

(क) म ........................... (कानूनको विवादमा परेका बालबालिकाको साङ्केतिक नाम उल्लेख गर्ने) देहायका शर्त पालना गर्न मन्जुर गर्दछु:-

(१) ............ बमोजिमको कसूरजन्य कार्य गरेकोमा आफूले गरेको त्यस्तो कार्यबाट अरूलाई हानि नोक्सानी वा क्षति हुन गएकोमा क्षमा

माग्दछु/दुखित छु। यस प्रकारका कार्यहरू आगामी दिनमा गर्ने गराउने छैन।

(यस निर्देशिकाको दफा १४ को उपदफा (२) वा (३) बमोजिम गल्ती महसुस गरिएकोमा सोही बेहोरा दिशान्तर गर्ने अधिकारीले बेग्लै उल्लेख गर्नु पर्नेछ।)

(२) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २९ को उपदफा (१) बमोजिम निर्धारण गरेको दिशान्तरको प्रक्रियाको पालना गर्न र दिशान्तरको अवधिलाई निरन्तरता दिई सम्पन्न गर्न पूर्ण सहयोग गर्नेछु।

(३) .........................

(४) .. ..................

मितिः- ........ ......

(कानूनको विवादमा परेका बालबालिकाको सहीछाप)

**<u>खण्ड (ख) बाबुआमा वा संरक्षकको बेहोरा</u>**

(ख) म/हामी श्री ............................... श्री ..................... (बाबुआमा, बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा संरक्षकको नाम) मेरो/हाम्रो छोरा/छोरी .......... ......... (साङ्केतिक नाम उल्लेख गर्ने) लाई दिशान्तर प्रक्रियामा रहँदा पालना गर्नुपर्ने शर्तको पालना गराउनको लागि हरसम्भव प्रयास गर्ने छु/छौं। दिशान्तरको प्रक्रियामा लाग्ने खर्च बेहोर्न मन्जुर गर्दछु। ................. अवस्था भई मेरो/हाम्रो पारिवारिक आर्थिक अवस्था कमजोर भएको र दिशान्तरको प्रक्रियामा लाग्ने खर्च बेहोर्न नसक्ने असमर्थता व्यक्त गर्दछु।

सहीछाप ........................... मितिः ........ ......

सहीछाप ........................... मितिः ........ ......

(बाबुआमा, बाबुआमा नभएमा परिवारका अन्य सदस्य वा बाल कल्याण अधिकारी/संरक्षकको सहीछाप)

**<u>खण्ड (ग) पीडित भएमा पीडितको बेहोरा</u>**

(ग) म/हामी श्री .................. ........... माथि उल्लिखित कसूरजन्य कार्यबाट पीडित भएको छु/छौं। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २९ को उपदफा (८) बमोजिम हानि नोक्सानी सम्बन्धी तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम २९ बमोजिमका उपायहरूमध्ये देहायका उपायको अवलम्बन गर्ने गरी बालबालिकालाई सोही ऐनको दफा २९ को उपदफा (१) बमोजिमको दिशान्तरको कुनै प्रक्रियामा रहने गरी दफा २७ को उपदफा (१) बमोजिमको दिशान्तर गरिएमा मेरो/हाम्रो सहमति छ।

(१) ......... ....................

(२) ................ ....................

सहीछाप ........................... मितिः ........ ......

सहीछाप ........................... मितिः ........ ......

(पीडितको सहीछाप, एकभन्दा बढी पीडित भएकोमा सबैको सहीछाप गराउने)

यो सहमतिपत्र आज मिति .............. मा .............. कार्यालयमा मेरो/हाम्रो रोहबरमा पक्षहरूबीचमा गरिएको हो ।

दिशान्तर गर्ने अधिकारीको,

दस्तखतः-

कार्यालयको छापः

नाम थरः

पदः

कार्यालयको नामः

## अनुसूची-२

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**बालबालिकालाई दिशान्तरसम्बन्धी प्रक्रियामा गरिने मेलमिलापको ढाँचा**

**मिलापत्र**

१. कानूनको विवादमा परेका बालबालिकाको विवरण

(क) बालबालिकाको नाम, थरः- (साङ्केतिक नाम उल्लेख गर्ने)

(ख) छलफलमा सहभागी भएका बालबालिकाका बाबुआमा वा संरक्षकको नाम, थर ठेगानाः

२ कसूरजन्य कार्यबाट पीडितको विवरण

(क) नाम, थरः

(ग) ठेगानाः

३ कसूरजन्य कार्यको आरोपसम्बन्धी विवरणः

(क) कसूरजन्य कार्यको संक्षिप्त बेहोराः................. ................... ............

(ख) बाल मनोविज्ञ वा बाल विशेषज्ञबाट प्राप्त बालबालिकाको शारीरिक तथा मानसिक अवस्था सम्बन्धी प्रतिवेदनको निष्कर्षः......... .............. ..............

(ग) समाजसेवीबाट प्राप्त आर्थिक, सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन विश्लेषण सम्बन्धी प्रतिवेदनको निष्कर्षः ................................ ........

४ कसूरजन्य कार्यको आरोपका सम्बन्धमा मेलमिलापका शर्तहरूः

.................................................................

..................................................................

**बालबालिकाको तर्फबाट बाबु, आमा वा संरक्षकको-**

सहीछापः

नाम थरः

बालबालिकासँगको नाताः

**<u>कसूरजन्य कार्यबाट पीडितको-</u>**

सहीछापः

नाम थरः

५. यो मेलमिलाप मेरो/हाम्रो रोहबरमा भएको प्रमाणित गर्दछु/गर्दछौं ।

दिशान्तर गर्ने अधिकारीको—

दस्तखतः कार्यालयको छापः

नाम थर,

कार्यालयको नामः

## अनुसूची-३

(दफा २७ सँग सम्बन्धित)

**प्रोवेसन अधिकारीले दिशान्तर प्रक्रियाको अनुगमन गरी दिने प्रतिवेदनको ढाँचा**

मितिः .............

श्री ................

..........................

विषयः दिशान्तर सम्बन्धी अनुगमनको प्रतिवेदन पठाएको।

**१. दिशान्तरको प्रक्रियामा रहेको बालबालिकाको-**

(क) नाम थरः (साङ्केतिक नाम उल्लेख गर्ने) ................

(ख) जन्म मितिः .......... उमेरः ......... लिङ्गः..............

(ग) ठेगानाः स्थायी ...................................... अस्थायी ...............

(घ) अध्ययनरत भए विद्यालय (नाम र ठेगाना) .......... अध्ययनरत कक्षाः ........

(ङ) बुबाको नाम थरः ............................. आमाको नाम थरः .................

(च) बुबाआमा नभएमा अन्य अभिभावक वा संरक्षकको नाम थरः ...................

**२. कसूरजन्य कार्यको आरोप सम्बन्धी विवरण -**

(क) आरोप लागेको कसूरजन्य कार्यः........

(ख) दिशान्तर गर्ने निर्णय भएको मितिः........

(ग) दिशान्तरको अवधि सुरु भएको मितिः.........

(घ) दिशान्तरको अवधि समाप्त हुने मितिः......

**३. अनुगमनबाट देखिएको बेहोराः**

| क्रम सङ्ख्या | दिशान्तर सम्बन्धी प्रक्रियाको विवरण | दिशान्तरको प्रगति र परिणाम | सिफारिस |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**४. अनुगमनबाट देखिएको अन्य बेहोरा तथा प्रोवेसन अधिकारीको सिफारिस ......... .......**

अनुगमन गर्ने प्रोवेसन अधिकारीकोः-

दस्तखतः-

नाम थरः

## अनुसूची-४

(दफा ३४ को उपदफा (२) सँग सम्बन्धित)

**कानूनको विवादमा परेका बालबालिकाको दिशान्तर सम्बन्धी लगत किताब**

| सि. नं. | जाहेरवालाको नाम/परिवर्तित नाम | बालबालिकाको परिवर्तित नाम | मुद्दा नं. र मुद्दाको नाम | दिशान्तर गर्ने अधिकारी र निर्णय मिति | छनौट भएको वा परिवर्तन भएको दिशान्तर प्रक्रिया | दिशन्तरमा रहने अवधि सम्बन्धी विवरण | पीडितको नाम/परिवर्तित नाम र क्षतिपूर्तिको विवरण | लगत राख्ने कर्मचारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

फाँटवालाः

प्रमाणित गर्ने अधिकारीः

## अनुसूची-५

(दफा ३६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>दिशान्तर सम्बन्धी विवरणको ढाँचा</u>**

मितिः .............

श्री केन्द्रीय बाल न्याय समिति/ जिल्ला बाल न्याय समिति

.................. ।

विषयः दिशान्तर सम्बन्धी विवरण पठाएको ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयबाट संवत् ........ सालको ................. महिनामा गरिएका दिशान्तरसम्बन्धी विवरण देहायबमोजिम रहेको बेहोरा जानकारीको लागि अनुरोध गरिन्छ।

(क) कसूरजन्य कार्यको प्रकार

| क्र सं. | कसूरको नाम (१) | मुद्दा संख्या | | | बालबालिकाको उमेर (४) | | | लिङ्ग | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो महिनासम्को (२) | यस महिनाको (३) | जम्मा (२)+(३) | १४ वर्षभन्दा कम | १४ वर्ष र सो भन्दा माथि | १६ वर्ष र सो भन्दा माथि | पु.(५) | म.(६) | अन्य (७) | पु.(८) | म.(९) | अन्य (१०) | जम्मा |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | | | |

(ख) दिशान्तरको प्रक्रियागत विवरण

| क.स | दिशान्तर प्रक्रियाको विवरण | दिशान्तर गर्ने निर्णय गरिएको संख्या | | | | दिशान्तरको पछिल्लो अवस्था | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | चालु रहेका | | | | सम्पन्न भएका | | | | |
| | | पु.. | म. | अन्य | जम्मा | पु. | म. | अन्य | जम्मा | पु. | म. | अन्य | जम्मा | |
| १ | पीडितसँग मेलमिलाप वा समझदारी भएका | | | | | | | | | | | | | |
| २ | गल्ती महसुस गराइएका | | | | | | | | | | | | | |
| ३ | परामर्शमा रहने व्यवस्था गरिएका | | | | | | | | | | | | | |
| ४ | सामुदायिक सेवामा पठाइएका | | | | | | | | | | | | | |
| ५ | हेरचाह वा संरक्षणको लागि संस्थामा पठाइएका | | | | | | | | | | | | | |
| ६ | बालकल्याण अधिकारीको सुपरिवेक्षणमा रही छाडिएका | | | | | | | | | | | | | |
| ७ | बाबुआमा वा संरक्षकको जिम्मामा लगाइएका | | | | | | | | | | | | | |
| ८ | तालिम वा शैक्षिक कार्यक्रममा संलग्न गराइएका | | | | | | | | | | | | | |
| ९ | अन्य | | | | | | | | | | | | | |
| | **कुल जम्मा** | | | | | | | | | | | | | |

दिशान्तर गर्ने अधिकारीको,

दस्तखतः

कार्यालयको छाप

नाम थरः

पदः

कार्यालयः

Serial No. 11

सम्पर्क : केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर, नेपाल ।
फोन नं. ०१-५०१०१५५, ०१-५०१००४१
फ्याक्सः ०१-५०१०१५५
Website: www.cjcc.gov.np